
# नेपाल विद्युत् प्राधिकरण

# कालीगण्डकी 'ए' जलविद्युत् गृह मर्मतसम्भार परियोजना



## भोल्युम २ः जोखिमयुक्त समुदाय विकास योजना सहित समाजिक कार्ययोजना

अन्तिम मस्यौदा रिपोर्ट

समक्ष पेश गरिएको :

ठूला जलविद्युत् संचालन तथा मर्मतसम्भार विभाग

नेपाल विद्युत् प्राधिकरण

काठमाडौं, नेपाल


बुझाउने :

वातावरण तथा समाजिक अध्ययन विभाग

एनइए तालिम केन्द्र, खरीपाटी

भक्तपुर, नेपाल

पो बक्स नं २१७२९ काठमाडौं, नेपाल

फोन नं. ९७७ १ ६६११५८०

फ्याक्स नं.९७७ १ ६६११५९०



जनवरी २०१३

## विषय सूचि


बिषय .................................................... २
टेबलको सूचि .................................................... ३
सारांश .................................................... ४
१.परिच्छेद एकः परिचय .................................................... २२
१.१ पृष्ठभूमि .................................................... २२
१.२ परियोजना वर्णन .................................................... २३
१.३ ऐतिहासिक प्रसंग .................................................... २५
१.४ भीसीडीपीको आधारभूत कारण .................................................... २६
परिच्छेद दुईः अध्ययन विधि .................................................... २८
२.१ परियोजना प्रभावित क्षेत्रको वर्णन.................................................... २८
२.१.१ मुख्य परियोजना क्षेत्र .................................................... २८
२.१.२ सेरोफेरो क्षेत्र.................................................... २८
२.२ डेस्क स्टडी एवम् पूर्वकृति अध्ययन.................................................... २९
२.३ स्थलगत अध्ययन तथा तथ्यांक संकलन .................................................... ३०
२.३.१ घरधूरी सर्भेक्षण .................................................... ३०
२.३.२ जोखिममा परेका समुदायसँग परामर्श.................................................... ३१
२.३.३ मुख्य सूचनादाताहरुसँगको अन्तर्वार्ता .................................................... ३१
परिच्छेद तीनः जोखिमयुक्त समुदाय योजना.................................................... ३३
३.१ परिचय .................................................... ३३
३.२ आदिवासी मानिसहरु र अरु जोखिममा परेका समुदायहरु सम्बन्धमा बनेका सान्दर्भिक नीतिहरु ३८
३.३ परियोजना क्षेत्रका जोखिममा परेका समुदाय.................................................... ४०
३.४ कार्ययोजना.................................................... ४२
३.५ संचार रणनीति .................................................... ४६
३.६ अनुगमन संयन्त्र.................................................... ४७
परिच्छेद चार : लैङ्गिक कार्ययोजना .................................................... ५३
४.१ परिचय .................................................... ५३
४.२ लैङ्गिक परामर्श .................................................... ५४
४.३ परियोजनामा महिलाको सहभागिता .................................................... ५५
४.३.१ निर्माण कार्यमा महिलाको सहभागिता .................................................... ५८
४.३.२ कन्स्ट्रक्सन क्याम्पमा महिलाहरुको लागि बिशेष व्यवस्था .................................................... ५८
४.३.३ महिला स्वाबलम्बन समूह (एसएचजी).................................................... ६०
४.४ परियोजना चक्रमा लैङ्गिक सबालहरुको संबोधन .................................................... ६१
४.५ बजेट .................................................... ६४
परिच्छेद पाँचः संस्थागत व्यवस्था .................................................... ६५
५.१ संगठनात्मक संरचना.................................................... ६५
५.२ कार्यान्वयन व्यवस्थापन.................................................... ६६
५.३ इएसएसडी/इएसएमयूको भूमिका.................................................... ६६
५.४ तालिम तथा क्षमता अभिवृद्धि .................................................... ६९
५.४.१ क्षमता अभिवृद्धिका क्षेत्रहरु.................................................... ६९
५.५ गुनासो व्यवस्थापन संयन्त्र .................................................... ७०
५.५.१ गुनासो व्यवस्थापन समिति.................................................... ७०
५.५.३ समुदाय सूचना केन्द्र .................................................... ७२
५.६ अनुगमन तथा मूल्यांकन .................................................... ७२

५.६.१ अनुगमनका उद्देश्यहरु .................................................................................... ७२
५.६.२ आन्तरिक अनुगमन ................................................................................................ ७२
५.६.३ बाह्य मूल्यांकन ...................................................................................................... ७३
५.७ कार्यान्वयन टेबल ........................................................................................................ ७४
परिच्छेद छ : लागत र बजेट........................................................................................................ ७७
६.१ अनुमानित लागन तथा बजेट................................................................................................ ७७
६.२ पूर्वाधार सपोर्ट ......................................................................................................... ७७
६.३ आर्थिक सहयोग ........................................................................................................ ७७
६.४ अन्य खर्चहरु............................................................................................................. ७७

## टेबलको सूचि

टेबल २.१: सर्भे गरिएका जोखिमयुक्त घरधुरीको डिष्ट्रिव्युशन ____________________________ ३०
टेबल ३.१: नेपालका आदिवासी /जनजातिको वर्गीकरण ____________________ ______________ ३४
टेबल ३.२: राष्ट्रिय दलित आयोगले गरेका नेपालका दलितको वर्गीकरण ____ ३६
टेबल ३.३: राष्ट्रिय औसतको तुलनामा दलितको स्थान ____________ ___________ ३७
टेबल ३.४: जोखिमपूर्ण घरधुरीको डिष्ट्रिव्यूशन ___ ______________________________________ ४०
टेबल ३.५ अनुमानित लागत _________________________ ४५
टेबल ३.६: अनुगमन मापदण्ड, सूचक विधि, समयतालिका र स्थान______________________ ४७
टेबल ४.१: छलफलमा महिलाहरुले उठाएका सबालहरु ___________________________ ५४
टेबल ४.२ परियोजनामा महिलाको सहभागिता ______________________________ ____ ५५
टेबल ४.३: परियोजना चक्रमा लैङ्गिक मुद्दाहरु ___________________________________ _ ६२
टेबल ५.१: भूमिका र जिम्मेवारी _______________________________________________ ६७
टेबल ५.२: क्षमता अभिवृद्धि_______________________________________________ __ ६९
टेबल ५.३: एसएपी र भीसीडीपीको लागि कार्यान्वयन समयतालिका _____________ ___ _ ७५
टेबल ६.१ एसएपी र भीसीडीपीको कार्यान्वयन बजेट ________ ___________ ________ ७८

# सारांश
## पृष्ठभूमि

१. स्याङ्जा जिल्लाको काली गण्डकी नदीमा अवस्थित कालीगण्डकी 'ए' जलविद्युत् परियोजना १४४ मे.वा. क्षमताको पिकिङ् रन-अफ-रिभर प्लान्ट हो । एशियाली विकास बैंकको वित्तीय सहयोगमा निर्माण कार्य सम्पन्न भई सन् २००२ देखि सञ्चालनमा आएको यो परियोजनाको ड्याम कालीगण्डकी र आधीखोलाको दोभानमा पर्दछ । नेपालको बार्षिक उर्जा उत्पादनको एक चौथाइ हिस्सा ओगटेको यो परियोजनाको नेपाल विद्युत् प्राधिकरण (एनइए) को बार्षिक कुल उर्जा उत्पादनमा झण्डै ५० प्रतिशत योगदान भएको र यो परियोजना अहिलेसम्मको मुलुकको सबैभन्दा ठूलो जलविद्युत् परियोजना हो । ठूलो क्षमता (१४४ मे.वा.) र ६ घण्टा पिकिङ् क्षमता (६ घण्टासम्म पानी भण्डारण गरेर बिजुलीको माग उच्च भएको बेलामा उत्पादन गर्न मिल्ने) भएकोले यो नेपालकै अनुपम परियोजना बनेको छ ।

२. यस जलविद्युत् परियोजनामा पहिरो र क्याभिटेशन को कारणले गर्दा उत्पादन गर्ने उपकरणमा क्षति पुगेकोले हाल आएर उत्पादन क्षमतामा ह्रास आएको छ । नदीको बहावसँगै आउने तैरिएका वस्तु तथा पीधमा थेग्रीलो वस्तुको भारले समयसमयमा हेडवर्कस्मा समस्या ल्याउने गरेको छ । तसर्थ, हेडवर्कस् संरचनामा आवश्यक सुदृढीकरण गरी एनइएले उक्त जलविद्युत् परियोजनाको उत्पादन क्षमतामा सुधार गर्ने योजना बनाएको छ । सिभिल र इलेक्ट्रोमेकानिकलका मुख्य विषयलाई सम्बोधन गर्ने लक्ष्य राख्दै यो परियोजनाले तपसील बमोजिमका उपभागहरुलाई समेट्दछ ।

### ३.प्रस्तावित परियोजना

प्रस्तुत परियोजनामा मुख्य तीन भाग छन् १. सिभिल कार्यहरु, २. इलेक्ट्रोमेकानिकल कार्यहरु ३. प्राविधिक सहयता र क्षमता अभिवृद्धि

**खण्ड क** : सिभिल कार्यसँग सम्बन्धित मुख्य बिषयहरु सम्बोधन गर्नेछ र यसअन्तर्गत निम्न कार्यहरु पर्दछन् ।

- **हेडवर्कस्को आंशिक परिवर्तन/सुदृढीकरण**. यसअन्तर्गत हेडवर्कस्का साथसाथै इन्टेक र सेटलिङ् बेशिनमा आंशिक परिवर्तन गरिनेछ ।

- **ड्याम सुरक्षा अनुगमन र उपकरणको सुदृढीकरण**. यस अन्तर्गत परियोजनाका उपकरणहरु मर्मत गरिने र अन्य आवश्यक उपलब्ध अत्याधुनिक यन्त्रहरु थपिनेछ । सञ्चालन तथा मर्मत सम्भार पुस्तिका तयार गरी उपकरण सञ्चालन योजना बनाइनेछ । तत्कालीक यथार्थ सेडिमेन्ट मापन गर्ने उपकरण पनि जडान गरिनेछ ।

- **मर्मतसम्भार कार्य**. हेडवर्कस्मा भिरालो जमिनलाई व्यवस्थित गरी अन्य आवश्यक मर्मत सुधार गर्ने र पावरहाउस क्षेत्रमा आवश्यक मर्मत सम्भार र टेलरेसमा पानीले छिद्र बनाउने क्रम रोक्नलाई आवश्यक संशोधन गर्ने कार्यहरु यस भाग अन्तर्गत पर्दछन् ।

**खण्ड खः** यस खण्डमा मेकानिकल  र इलेक्ट्रिल कार्यहरु गरी दुई भागमा विभाजन गरिएको छ ।

- **मेकानिकल कार्यहरु.** यस कार्यहरु अन्तर्गत पावरहाउस र इन्टेकमा रहेका मेकानिकल उपकरणहरुको मर्मत र स्तरोन्नति गरिनेछ ।

- **इलेक्ट्रिकल कार्यहरु.** इलेक्ट्रिकल कार्यहरु अर्न्गात पावरहाउस र ड्यामको नियन्त्रण प्रणाली (कन्ट्रोल सिस्टम)को मर्मत एवम् स्तरोन्नति गरिनेछ ।

**खण्ड गः प्राविधिक सहायता र क्षमता अभिवृद्धि.** यस खण्डलाई निम्न चार भागमा बाँडिएको छ ।

- **परामर्श कार्य** (ड्याम सुरक्षा, सिभिल र इलेक्ट्रो मेकानिकल कार्यहरुको परामर्श सेवा). परियोजनाको उल्लेखित तीनै खण्डको अवलोकन/अनुगमन गर्नका निमित्त एनइए प्राविधिक सल्लाह, सेवा दिने उपयुक्त एउटा परामर्शदाता नियुक्त गरिनेछ । परामर्शदाताको थप कार्यहरुमा विस्तृत प्राविधिक डिजाइन, एनइएलाई कार्यान्वयन तथा खरीदमा सहयोग एवम् संचालन र मर्मत पुस्तिका बनाउने, आकस्मिक तयारी योजना र उपकरण संचालन योजना तयार गर्ने रहेको छ ।

- **सम्पत्ति व्यवस्थापन.** यसअन्तर्गत एनइएलाई सम्पत्ति व्यवस्थापन प्रणालीको सुधार तथा स्तरोन्नति गर्न प्राविधिक सहयोग गरिनेछ ।

- **सुरक्षा कार्यान्वयन.** यस विषय अन्तर्गत एनइएलाई पर्यावरण व्यवस्थापन योजना कार्यान्वयन ( इएमपी) गर्न, समुदायिक सहयोग कार्यक्रम र योजनाबाट प्रभावित समुदायिक विकास योजनामा प्राविधिक, अनुगमन र मूल्यांकन गर्न सहयोग गरिनेछ ।
- **क्षमता अभिवृद्धि.** यसअन्तर्गत एनइएको क्षमता अभिवृद्धिका निमित्त सम्पत्ति व्यवस्थापन, सेडिमेन्ट व्यवस्थापन, सुरक्षा कार्यान्वयन र इलेक्ट्रोमेकानिकल र सुरक्षा यन्त्र का विशिष्टीकृत क्षेत्रहरुको सञ्चालन तथा मर्मतसम्बन्धी तालिम दिइनेछ ।

## ऐतिहासिक प्रसङ्ग

४. कालीगण्डकी जलविद्युत् परियोजना एसियाली विकास बैंकको लगानीमा निर्माण भइ सन् २००२ बाट सञ्चालनमा आएको हो । एनइएको वातावरणीय तथा सामाजिक अध्ययन विभाग ( एएसएसडी)ले सामाजिक प्रभाव मूल्याङ्कन गरेको थियो । यसैगरी, कालीगण्डकी वातावरणीय व्यवस्थापन एकाइले सामाजिक र वातावरणीय कार्यक्रम कार्यान्वयन गरेको थियो । परियोजनाबाट

प्रभावित समुदायको जीविकाको पुनर्बहाली एवम् विकास गर्ने तथा समाजमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उद्देश्यले पहुँच सडक र सुविधाका लागि अधिग्रहण, क्षतिपूर्ति र पुनर्वास योजना (एसीआरपी) तथा क्षतिन्यूनीकरण व्यवस्थापन र अनुगमन योजना तयार गरिएको थियो ।

५. एसीआरपीले जग्गाको केही अंश वा घरहरु गुमाएका १४६८ घरपरिवारहरु प्रभावित भएको पहिचान गरेको थियो जसमध्ये अधिकांश परियोजनाको पहुँच सडक निर्माणबाट प्रभावित थिए । ९४ हेक्टर निजी एवम् गुठीको समेत गरेर कुल १४८ हेक्टर जमिन अधिग्रहण गरिएको थियो । परियोजनाले नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न एक कार्यक्रमको प्याकेज नै कार्यान्वयन गरेको थियो । कार्यक्रम कार्यान्वयनका दौरानमा श्रम-विवाद, भाडामा जग्गा प्राप्ति, रुख र गुठी जग्गाको क्षतिपूर्ति दिने जस्ता अनुभवहरु गरिएको थियो । आइसीआरको कार्यान्वयन र विज्ञ समूहको प्रतिवेदन अनुसार ती सबै विषयहरुको सन्तोषजनक समाधान गरिएको थियो ।

## भीसीडिपीको आधारभूत कारण (Rationale for VCDP)

६. परियोजनाबाट प्रभावित क्षेत्रमा बसोवास गर्ने जोखिममा परेका समूह खासगरी सांस्कृतिक रुपमा संवेदनशील मानिएका बोटे जातीहरुको समस्या र आवश्यकतालाई समाधान एवम् सम्बोधन गर्न परियोजनाले जोखिमपूर्ण समुदाय विकास योजना (भीसीडीपी) तयार गरेको थियो । जोखिमपूर्ण समुदायको पहिचान र तिनमा परेको प्रभाव लाई सम्बोधन गर्नुका साथै परियोजनाबाट ती समुदाय लाभान्वित भएको कुरा सुनिश्चित गर्न प्रस्तावित परियोजनाको योजना र कार्यान्वयनलाई दिशानिर्देश गर्न भीसीडीपी तयार पारिएको थियो । भीसीडीपी का विशिष्ट उद्देश्यहरु यसप्रकार छन्

१. सम्पूर्ण परियोजना चक्रमा जोखिममा परेका समूहको सभागिता सुनिश्चित गर्ने र परियोजना गतिविधिको अनुगमनका साथै मुख्यरुपमा परियोजनाले सहयोग गरेका समुदायको विकास सुनिश्चित गर्ने ।

२. जोखिममा परेका घरधुरीले परियोजनाको लाभबाट लाभान्वित भएको सुनिश्चित गर्ने ।

३. जोखिममा परेका घरधुरीलाई परियोजनाको वारेमा सूचना यथोचित ढङ्गले प्रवाह गरी छलफलमार्फत् उनीहरुबाट परियोजनाको गतिविधि र कार्यान्वयनमा भूमिका खोजी गर्ने ।

## कार्यविधि

७. डेस्क स्टडी, सान्दर्भिक पूर्वकार्य (साहित्य)को अध्ययन, विज्ञ समूहको स्थलगत अवलोकन अध्ययन, सामूहिक छलफल, स्थानीय समुदाय, सरोकारवाला एनइएका कर्मचारी र सरकारी निकायसँग गरिएको छलफल एवम् अन्तर्क्रिया भेटघाट आदिमा आधारित अध्ययन विधिहरुबाट भीसीडीपी

तयार गरिएको हो । प्रस्तावित परियोजनाको भीसीडीपी तयार गर्दा अपनाइएका विस्तृत कार्यविधिहरु निम्नासुर रहेका छन् ।

## परियोजना प्रभावित क्षेत्रको वर्णन

८. परियोजनाको क्षेत्रभित्र प्रस्तावित मर्मतसम्भार परियोजनाको 'केन्द्रीय परियोजना क्षेत्र' र 'सेरोफेरो क्षेत्र'हरु पर्दछन् । 'प्रोजेक्ट' भन्नाले काली गण्डकी ए जलविद्युत् पावर प्लान्ट को प्रस्तावित मर्मत सम्भारलाई जनाउँछ भने 'एरिया' भन्नाले 'परियोजनाको मुख्य क्षेत्र' र 'सेरोफेरोको क्षेत्र' भन्ने बुझिन्छ । 'परियोजनाको मुख्य क्षेत्र' भन्नाले हेडवर्कस्को क्षेत्र लगायत परियोजनाको संरचनाहरु र अन्य सुविधाहरु पर्दछन् जहाँ मर्मत सम्भारको कामहरु गरिनेछ । 'परियोजनाको सेरोफेरो क्षेत्र' ले त्यस्तो बृहद् क्षेत्रलाई जनाउँछ जुन प्रस्तावित परियोजना कार्यान्वयनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ र जहाँ परियोजनाका कुनै पनि संरचना र सुविधाहरु भने रहेका हुदैनन् । सेरोफेरो क्षेत्र अन्तर्गत छिमेकी हर्मीचौर र श्रीकृण्ण गण्डकी गाविसका केही भूभागहरु पर्दछन् ।

## डेस्क स्टडी एवम् पूर्वकृति अध्ययन

९. भिसिडिपि तयार गर्दा कालीगण्डकी ए जलविद्युत् परियोजनाका सामाजिक प्रतिवेदनहरु र अन्य दस्तावेजहरु, जिल्ला तहका प्रतिवेदनहरुका साथै सान्दर्भिक पूर्वकृतिहरु अध्ययन गरिएको थियो । अध्ययन गरिएका मुख्य प्रतिवेदनहरु निम्न थिए, १.संश्लेषण गरिएका प्रतिवेदनहरु (वातावरणीय र सामाजिक), २००३, काली गण्डकी ए जलविद्युत् परियोजना, २. परियोजना सम्पन्न प्रतिवेदन, २००४ (एडीबी), काली गण्डकी ए जलविद्युत् परियोजना, र ३. वातावरणीय तथा सामाजिक क्षति न्यूनीकरण तथा अनुगमन प्रतिवेदन (कार्यान्वयन चरण), काली गण्डकी ए जलविद्युत् परियोजना । यसबाहेक आवश्यक सूचना संकलन गर्ने क्रममा स्याङजा, पाल्पा र गुल्मी जिल्लाका जिल्ला विकास समितिद्वारा प्रकाशित जिल्लाका प्रोफइलहरु, नेपाल सरकार मातहतको केन्द्रीय तथ्यांक विभागद्वारा प्रकाशित २०६८ को जनगणनाको तथ्याङ्क एवम् विभिन्न गाविसका प्रोफाइलहरु अध्ययन गरिएको थियो ।

१०. दस्तावेजहरुको अध्ययनले अध्ययन क्षेत्रलाई बुझ्न, मूल परियोजनामा अपनाइएका कार्यान्वयन प्रक्रियाको मूल्यांकन गर्न, तथ्यांकमा पाइएको भिन्नता र भिसिडिपिको तयारी का लागि आवश्यक सूचना तथा तथ्यांक संकलनका लागि चाहिने कार्यविधि बनाउन मद्दत गरेको थियो । जोखिममा परेका जाति, भाषा र धर्मको सामाजिक-आर्थिक र सांस्कृतिक पक्षसँग सम्बन्धित तथ्यांकहरु जनगणना २०६८ बाट साभार गरिएको हो । केन्द्रीय तथ्यांक विभागले नेपालको जनगणना २०६८ बाट प्रभावित समुदायको सामाजिक-आर्थिक र सांस्कृतिक तथ्यांक (जाति, भाषा, धर्म आदि) साभार गरिएको थियो ।

## स्थलगत अध्ययन तथा तथ्याङ्क सङ्कलन

११. सामाजिक विज्ञ, सामाजिक-अर्थशास्त्री, समाजशास्त्री, मानवशास्त्री, इन्जिनियर र तथ्यांक विश्लेषकहरु सहितको विभिन्न क्षेत्रका विज्ञहरुको एक समूहले कालिगण्डकी ए जलविद्युत् परियोजनाको अध्ययन क्षेत्र अवलोकन र सर्भेक्षण कार्य २०१२ को डिसेम्बर महिनामै शुरु गरेको थियो । कालीगण्डकी ए जलविद्युत् परियोजनाको हेडवर्कस्, पावरहाउस, एक्सेस रोड, नदीमाथितिर पर्ने रिजर्भ्वायर, नदीको तलतिरका क्षेत्र, प्रसारण लाइन एवम् सबस्टेशन क्षेत्रहरुमा नमूना सर्भेक्षण गरिएको थियो । उक्त समूहले स्याङ्जा जिल्लाको जिल्ला विकास समिति र मालपोत कार्यालयबाट जिल्लास्तरीय र गाविसस्तरीय तथ्याङ्क र सूचना संकलन गरेको थियो ।

१२. परिमाणात्मक र गुणात्मक दुवै विधिहरु अपनाएर तथ्याङ्क संकलन गरिएको थियो । तथ्यांक संकलन विधिहरुमा क. घरधुरी प्रश्नावली, ख. चेकलिष्टको प्रयोग गर्दै सामूहिक छलफल, ग. जिल्लास्तरीय विभिन्न संस्थाका प्रतिनिधिहरुसँग अन्तर्वार्ता (मालपोत कार्यालय, जिविस कार्यालय, गुठी संस्थान लगायत जिल्लाका कार्यालय, कालीगण्डकी ए जलविद्युत् परियोजनाको बेल्टारी कार्यालयका कर्मचारी एवम् एनइएका केन्द्रीय कार्यालयका कर्मचारीहरु) । जोखिममा परेका समुदायहरुको समस्या पहिचान गर्ने उद्देश्यले जनजाति, दलित र महिला घरमुली भएका कुल ८७ घरपरिवारमा सर्भेक्षण गरिएको थियो । कुल सर्भे गरिएका घरपरिवारमध्ये करीब ८९ प्रतिशत जनजाति समुदायका थिए ।

१३. महिला, सीमान्तीकृत बोटे समुदाय, अन्य जनजाति र दलित, बाँधबाट माथितिरका सेतीबेनी गाविसका समुदाय र बाँधबाट तलतिर पानी नबग्ने क्षेत्र रुद्रबेनीका समुदायसँग स्वतन्त्र र पूर्वसूचित छलफलहरु चलाइएको थियो । छलफल र अन्तर्क्रियाका मुख्य उद्देश्यहरुमा त्यहाँका महत्वपूर्ण समस्याहरुवारे, त्यस क्षेत्रका सूचनाहरु, कालीगण्डकी ए जलविद्युत् परियोजना क्षेत्रका अरुसँग नमिल्ने खालका र नयाँ उठेका समस्याहरुवारे गुणात्मक तथ्यांक संकलन गर्नुका साथै हेडवर्कस् साइटमा प्रस्तावित मर्मत सम्भारको कार्यवारे जानकारी दिनु रहेको थियो । परियोजनाको अवधिभर जोखिममा परेका समुदायसँग निरन्तर छलफल तथा परामर्श चलिरहनेछ । यसैगरी बेल्टारीस्थित कालीगण्डकी ए जलविद्युत् प्लान्टका कर्मचारी, स्याङ्जा जिल्लाका जिविस र मालपोत कार्यालयका मुख्य सरकारी कर्मचारीहरुसँग पनि छलफल गरिएको थियो । जिल्लास्तरीय सरकारी कर्मचारीहरुसँगको अन्तर्वार्ताका मुख्य उद्देश्यहरु परियोजना क्षेत्रका गाविसहरुमा रोयल्टीको विनियोजन तथा उपयोग, जलाशयमा सञ्चालित डुंगाको संचालन तथा सुरक्षा व्यवस्था, प्रभावित बोटे परिवारलाई पुनस्थापना गर्न बनाइएका घरहरुको हस्तान्तरण र स्वामित्व र कालीगण्डकी प्राथमिक विद्यालय स्थापनावारे बुझ्ने रहेका थिए ।

## परियोजना प्रभावित समुदायको विकास योजना

१४. नेपालमा एउटा समूहलाई जोखिमयुक्त बनाउने कारणहरु थुप्रै छन् । एउटा समूह पछौटे हुनुमा आधिकारिक रुपले लिङ्ग, जाति र वर्णलाई मानिएता पनि क्षेत्र र आर्थिक अवस्था र इष्टमित्र वा प्रश्रय दिनेहरुको सञ्जालले पनि उत्तिकै भूमिका खेलेको हुन्छ । दशौं राष्ट्रिय योजना (२००२-२००७) ले नेपालको परिवेशमा तीनवटा मूख्य समूह (महिला, दलित, आदिवासी/जनजाति)लाई

अन्यभन्दा बढी जोखिममा रहेको पहिचान गरेको छ । यी तीन समूहहरु क.जीवनवृत्ति, सम्पत्ति र सुविधामा पहुँच नहुनु, ख. सामाजिक समावेशीकरण र सशक्तीकरणको अभाव, ग. कानूनी समावेशीकरण र सरकारमा उनीहरुको प्रतिनिधित्व नहुनु र घ. आर्थिक सीमान्तीकृत कारणले विपन्न र पिछडिएका हुन् । नेपालमा मुख्य र प्रभुत्व भएको समाजभन्दा छुट्टै सामाजिक र सांस्कृतिक पहिचान भएको सामाजिक समूहलाई आदिवासी र जनजाति भनिन्छ । साथसाथै, नेपालको परिवेशमा 'दलित' भन्नाले त्यस्तो समुदाय वा व्यक्ति भन्ने बुझिन्छ जो जातीय विभेदबाट पीडित र जातीय हिसाबले समाजको तल्लो तहमा पर्दछन् । महिलाले कुल जनसंख्याको आधा हिस्सा ओगटेता पनि अझैसम्म लैङ्गिक विभेद भने कायमै छ । ज्ञान, आर्थिक स्रोत, राजनैतिक शक्तिमा पहुँच र निर्णय प्रक्रियामा स्वाधिकारको कमीले नेपालमा महिलाको स्तर कमजोर भएको हो ।

तसर्थ, नेपालमा सबै समुदायका महिलाहरु पनि आर्थिक स्रोत र जनजीविकाको छनौटमा भएको सीमित पहुँचको कारणले जोखिममा परेका वा पछाडि परेका वर्गहरुमै पर्दछन् । वृद्ध, केटाकेटी र आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरु पनि जोखिमको संघारमा रहेका छन् ।

**आदिवासी मानिसहरु र अरु जोखिममा परेका समुदायहरुको सम्बन्धमा बनेका सान्दर्भिक नीतिहरु**

१५. नेपालले आदिवासी समुदायको लागि छुट्टै नीति बनाएको त छैन तथापि दशौं योजनामा पिछडिएका समुदायहरु जस्तै आदिवासी, *दलित,* महिला, अपाङ्ग र अन्य जोखिममा परेका समूहहरुलाई दिइने आधारभूत सेवाप्रवाहमा विशेष जोड दिइएको छ । दलित, आदिवासी र अपाङ्ग समुदायलाई लक्षित गरी तिनको उत्थान, रोजगारी र विशेष सुरक्षाका निम्ति लक्ष्यित कार्यक्रमहरु कार्यान्वयन गर्ने भन्ने कुरा दशौ योजनाको एक प्रमुख नीतिभित्र पर्दछ । सरकारले जोखिममा परेको सामाजिक वर्गको आधारभूत सुरक्षाको प्रत्याभूतिका निम्ति मार्गदर्शक, छुट्टै र सबल कार्यक्रमहरु ल्याउनुपर्ने नीतिगत व्यवस्था छ । योजनाहरुमा ती वर्गकोसंरक्षण र विकासका निमित्त नीति र कार्ययोजनाहरु पनि प्रतिपादन गरिएका छन् । उक्त नीतिले लक्षित र सशक्तीकरणका कार्यक्रमहरु जोखिममा परेका, विपन्न र शोषित समूहहरुको हित अभिवृद्धि गर्ने खालको हुनुपर्ने बताएको छ ।

यसैगरी आदिवासी जनजातिको उत्थानका लागि बनेको आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ (२००२), राष्ट्रिय मानव अधिकार कार्ययोजना २००५, वातावरणीय ऐन १९९७ र बन ऐन १९९३ ले जोखिममा परेका समूहको संरक्षण र संबर्द्धन गर्नुका साथै आदिवासी समुदायको ज्ञान र सांस्कृतिक सम्पदालाई जोगाउन र प्रवर्द्धन गर्न विशेष जोड दिएको छ । सन् १९९९ मा स्थानीय स्वायत्त शासन ऐनमा संशोधन गरी आदिवासी जनजातिको भाषा, धर्म, संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्न एवम् उनीहरुको समग्र हित गर्न स्थानीय राजनीतिक समूहलाई थप अख्तियारी प्रदान गरिएको थियो । यसैगरी, आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई सन् २००७ को संयुक्त राष्ट्र संघको साधारण सभाले अनुमोदन गरेको थियो । नेपालले आइएलओ कन्भेन्सनको १६९ सेप्टेम्बर १४, २००७ तदनुसार २०६४ भाद्र २८

गते अनुमोदन गर्‍यो । उक्त कन्भेन्सनको धारा १ ले जनजाति र आदिवासी समुदायको परिभाषा गरेको छ । धारा ६ मा ती समुदायका मानिसहरुसँग छलफल गर्दा उपयुक्त उपायहरु अपनाउनुपर्ने र त्यसो गर्दा उनीहरुकै प्रतिनिधि संघ संगठनमार्फत् गर्नुपर्ने कुरा उल्लेख छ । धारा १५ ले ती आदिवासी, जनजातिले सम्भव भएसम्म प्रकृतिक स्रोतको उपयोगमा सहभागी भएर लाभ लिनेछन् र प्रकृतिक स्रोतको उपयोग गर्ने क्रममा ती आदिवासी जनजातिलाई कुनै नोक्सानी भएमा उचित क्षतिपूर्ति पाउनेछन् । धारा १६ (२) का अनुसार, यदि यिनीहरुको स्थानान्तरण आवश्यक परेमा, त्यस्तो उपाय र स्थानान्तरण गर्दा उनीहरुको स्वतन्त्र र सुसूचित भई दिएको सहमतिमा मात्रै गरिनेछ । धारा १६ (३) का अनुसार तर त्यसरी स्थानान्तरण गरेको आधार वा कारण त्यसउप्रान्त नरहेमा, उनीहरुलाई आफ्नै भूमिमा फर्कन पाउने अधिकार हुनेछ । विश्व बैंकको आदिवासी जनजाति सम्बन्धी नीति (ओपी/बिपी ४.१०) ले ऋण लिनेले र बैक कर्मचारीले आदिवासी जनजातिको पहिचान गर्ने, उनीहरुसँग छलफल गर्ने, उनीहरुको सहभागितालाई सुनिश्चित गर्ने, बैंकले लगानी गर्दा हुने लाभ सांस्कृतिक रुपमा उपयुक्त हुनुपर्ने कुरामा जोड दिएको छ । त्यसरी लगानी गर्दा पर्नजाने नकारात्मक प्रभावलाई हटाउने वा सम्भव नभएमा न्यूनीकरण गर्नुपर्नेछ ।

**परियोजना क्षेत्रका जोखिममा परेका समुदायहरु**

१६. पुनर्वास योजना अन्तर्गतका १७ घरधुरी बोटे समुदायबाहेक कुनै पनि अन्य जातिको बाहुल्यता नरहेको योजना क्षेत्रमा मिश्रित प्रकारको समुदाय बसोबास गर्दछन् ।

परियोजना क्षेत्रमा रहेका जोखिममा परेका समुदायमा बोटे, मगर (जनजाति), दलित र महिला घरमुली भएका घरधुरीहरु लगायत पर्दछन् । ती जोखिममा परेका घरधुरी संख्याको आधाभन्दा बढीसँग औसत १.१३ हेक्टर जमिन छ । सबैजसोको घरमा भेडा र बाख्राहरु छन् भने केहीको घरमा सुँगुर पनि छ । जमिन हुनेहरुमध्ये करीब ९० प्रतिशतले उत्पादन गरेको अन्नले उनीहरुलाई नै तीन महिनालाई मात्रै पुग्दछ । अरु बाँकी महिनाको लागि बजारबाट अन्न खरीद गर्नुपर्ने अवस्था छ । अरु नदीकिनारका समुदायसरह, प्रभाव पर्न सक्ने त्यस क्षेत्रको घरधुरीहरुको आर्थिक गतिविधि कृषि तथा गैरकृषि मिश्रित खालको छ । ती समुदायको मुख्य पेशा पशुपालन र कृषि हो यद्यपि उनीहरुको पेशाले जीविका मात्रै चल्छ । बोटेहरुको परम्परागत पेशा माछा मार्ने र डुङ्गा तार्ने भएतापनि हाल थोरैले मात्रै ती कामहरु गर्दछन् । धेरैजसो घरपरिवारहरु विभिन्न खालका काममा आवद्ध छन् ।

१७. हालको प्रति घरधुरी औसत बार्षिक आम्दानी करीब ने रु ७५०८७ अनुमान गरिएकोमा तेश्रो राष्ट्रिय जीवनस्तर सर्भेक्षण २०११ को तथ्यांकअनुसार भन्दा धेरै न्यून देखिन्छ जसमा नेपालको बार्षिक औसत घरधुरी आम्दानी (ने रु २,०२,३७४), पश्चिमाञ्चल विकास क्षेत्रको (नेरु २,१२,६९४), हिमाली क्षेत्रको (नेरु १,६९,९९०) र पश्चिम ग्रामीण पहाडको (नेरु १,५७, ९९१) उल्लेखित छ । कुल घरधुरीमध्ये एक तिहाइभन्दा केही बढी घरधुरीहरुको आम्दानी नेरु ३०,००० देखि ६०,००० को बीचमा पर्दछ र करीब ३० प्रतिशतले प्रतिबर्ष नेरु १,००,००० भन्दा बढी

कमाउँछन् । तर हालको औसत बार्षिक खर्च नेरु ४४,७४४ अनुमान गरिएता पनि उक्त खर्च रिपोर्ट गरिएको आम्दानीभन्दा धेरै कम छ । तर, आम्दानीको ठूलो हिस्सा खाद्यान्न खरीद गर्न, त्यसपछि क्रमशः लत्ताकपडा, औषधी र उपचार, ऋण तिर्न, र चाडपर्व मनाउन खर्च भएको पाइन्छ । ती प्रभावमा परेका घरधुरीहरुले शिक्षामा एकदमै कम मात्रै खर्च गरेका छन् । आधाभन्दा बढी घरधुरीले प्रतिबर्ष नेरु ६०,००० खर्च गर्दछन् भने ७ प्रतिशतले प्रतिबर्ष नेरु १००,००० खर्च गर्दछन् ।

**कार्ययोजना**

१८. भीसीडिपीले परियोजनाले सिर्जना गरेका अवसरहरुलाई परियोजनाको कार्यान्वयनबाट जोखिममा परेका समुदायको जीवन उत्थान गर्ने लक्ष्य राखेको छ । भीसीडीपीमा विभिन्न गतिविधीहरु समाबेश गरिएका छन् र यो परियोजनाको महत्वपूर्ण खण्ड हो ती गतिविधिहरु परियोजना सँगसँगै कार्यान्वयन गरिनेछ । समूह छलफल, अन्तर्वार्ता र स्थलगत अवलोकनजस्ता विधीहरुलाई भीसीडीपी अन्तर्गत समुदायको तहसम्म कार्यक्रमहरु लैजान प्रयोग गरिएको छ ।

**जोखिममा परेका मानिसहरुको चाहना**

१९. भीसीडीपीले आफ्नो योजना र कार्यक्रमलाई स्थानीय समूहमा रहेका मानिसहरु र स्थानीय नेताहरुसँगको अन्तक्रिया र सामूहिक छलफलको आधारमा तय गर्नेछ । स्थलतग सर्भेक्षणका अनुसार जोखिममा परेका मानिसहरुले परियोजनाबाट थुप्रै अपेक्षाहरु राखेका छन । स्थलगत अवलोकन र अन्तरक्रियाले जोखिममा परेका मानिसहरुको देहायबमोजिमको मुख्य मुद्दाहरु, चासो र चाहनाहरु पाइएको छ ।

- परियोजनामा क्षेत्रमा रोजगारीमा जोखिममा परेका समुदायको सहभागिता
- आयआर्जन र सीप तालिमको कार्यान्वयन
- घरहरुको मर्मतसम्भार
- विद्यालयको मर्मतसम्भार
- जग्गाको कानुनी स्वामित्व

**प्रस्तावित योजना**

२०. भीसीडीपीले परियोजनाले सिर्जना गरेका अवसरहरुलाई परियोजनाको कार्यान्वयनबाट जोखिममा अवस्थामा पुगेका समुदायको जीवन उत्थान गर्ने लक्ष्य राखेको छ । यसैगरी यसले जोखिममा परेका समुदायले उठाएका अन्य मुख्य मुद्दाहरुलाई पनि सम्बोधन गर्ने योजना राखेको छ । यसैले

भीसीडीपीले जोखिममा परेका समुदायको चासो र विशिष्ट आवश्यकता पुरा गर्न निम्न बमोजिम विधिहरु प्रस्ताव गरेको छ :

*संरचना सहयोग*

कुनै पनि क्षेत्र तथा समुदायको विकासको लागि संरचनाको विकास प्राथमिक शर्त हो । देहायबमोजिमका पूर्वाधार संरचना विकासले जोखिममा परेका समुदायको सामाजिक आर्थिक अवस्थाको उत्थानमा सकारात्मक र प्रभावकारी नतिजा ल्याउन आउनेछ :

- खानेपानी
- विद्यालय पुनर्निर्माण
- पुनर्स्थापित घरहरुको पुनर्निर्माण

*आर्थिक सहयोग*

भीसीडीपीले जोखिममा परेका समुदायको आर्थिक पक्षमा सहयोग गर्न निम्न बमोजिम सहयोगको प्रस्ताव गरेको छ ।

- पेशागत तालिम र स्थानीय तहमा रहेका साधनस्रोतमा आधारित आयआर्जनका गतिविधीहरुको शुरुवात
- गैरसरकारी संघसंस्था, गाविस, जिविस कर्मचारीहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम
- स्थानीय बोटे समुदायको लागि सामुदायिक डुंगा संचालन
- बोटे समुदायको लागि जलाशयमा माछापालन तालिम
- घरजग्गा तथा विद्यालयको कानुनी हस्तान्तरण

*अन्य सामुदायिक मागहरु*

- सेतीबेनी शीलाको संरक्षण कार्य
- रुद्रबेनी राम मन्दिरको छेउको नदीमा तटबन्ध ।
- ग्रामीण विद्युतीकरण
- घाटको निर्माण
- परियोजनाबाट खानेपानी, सिंचाई र विद्युतको सुबिधा
- नदीभन्दा तल रहेको भागमा खतराको घण्टीको विस्तार

२२. भीसीडीपीको कार्यान्वयन परियोजनाको जिम्मेवारी हुनेछ । भीसीडीपीको कार्यान्वयनको लागि जोखिममा परेका समुदाय, गाविस र स्थानीय गैरसरकारी संघसंस्थाको प्रतिनिधित्व रहनेगरी भीसीडीपीको सफल कार्यान्वयन गर्न एउटा समिति खडा गरिनेछ । यो समितिको निर्माणमा परियोजनाले सहजीकरण गर्नेछ र यो समिति स्थानीय तहमा देखापर्ने परियोजना कार्यान्वयनको चरणमा कुनै विवाद आएमा त्यसलाई समाधान गर्न जिम्मेवार हुनेछ । सम्पूर्ण प्रयत्नहरुलाई परियोजना अर्न्तगतको वातावरणीय तथा समाजिक अनुगमन ईकाइको सामाजिक विकास अधिकृतले समन्वय गर्नेछ । परियोजना सामाजिक सेलका सामाजिक विकास अधिकृतले परामर्श मितिको कम्तिमा एक हप्ता अगावै समुदायलाई जानकारी गराउनुपर्नेछ । परियोजनाले परामर्शका एजेण्डाहरु परामर्श अगावै जानकारी गराउनेछ । परामर्शको मिति र एजेण्डामा हुने परिवर्तनको अग्रिम जानकारी दिइनेछ । कार्यक्रमहरुको प्राथमिकीकरण र आयआर्जन कार्यक्रममा लाभ लिने समुदायको निर्णय समितिको परामर्शमा गरिनेछ ।

२३. भीसीडीपीको कार्यान्वयनको लागि परियोजनाले सञ्चार रणनीति तय गर्नेछ । सञ्चार रणनीति प्रभावित समुदायसँगको स्वतन्त्र, अग्रिम र सुचित परामर्शको[१] आधारमा निर्देशित हुनेछ । यस किसिमको सहभागिताले परियोजनाको कार्यान्वयनको लागि प्रभावित समुदायमा विस्तृत सामुदायिक सहभागिता र सबै तह र तप्काको सुसूचित सहभागिता सुनिश्चित गर्दछ । परियोजनासँग सम्बन्धित सवै सरोकारवालाहरुलाई सूचना दिने दायित्व निर्माणकर्ता (केजीए एचइपी) को हुनेछ । सामाजिक सेलले सरोकारवालाहरु परियोजनाबाट पर्ने सम्भावित प्रभाव र लाभहरुको बारेमा पुर्ण रुपमा जानकारी गराउँनेछ । केजीएएचइपीको सामाजिक सेल सबै सान्दर्भिक सरोकारवालाहरुलाई समयमै जानकारी दिएर र स्थानीय सरोराकारवालाहरुलाई नीतिनिर्माण र भीसीडीपीको कार्यान्वयनको लागि उत्प्रेरित गर्दै सबैलाई सूचित गर्न जिम्मेवार छ । परियोजनाले परियोजनासँग सम्बन्धित सूचनाहरु प्रभावित व्यक्ति तथा समुदायमा सूचना तथा जानकारीहरु प्रवाह गर्न परियोजनामा विभिन्न सञ्चार सामग्रीहरु जस्तै ब्रोसर, पर्चा, फ्लायर, राष्ट्रिय र स्थानीय अखबार, विद्युतीय सञ्चारमाध्यम (एफएम) को प्रयोग गरिनेछ ।

२४. एसआइए र भीसीडीपीको मस्यौदा र अन्तिम कपीलाई नेपाल विद्युत् प्राधिकरण र विश्व वैंकको वेभसाईट मार्फत सार्वजानिक गरिनेछ र राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा रहेका पाठकहरुलाई उपलब्ध गराईने छ । स्थानीय तहमा, भीसीडीपीको कार्यान्वयनको समयावधीभर नै सूचना प्रवाह

---

[१]स्वतन्त्र- प्रभावित जनसंख्यामध्येका सेवाग्राही वा तिनका प्रतिनिधिहरुको परियोजनामा समर्थन लिनलाई जबर्जस्ती गर्ने, धम्की दिने वा आवश्यकताभन्दा बढी प्रोत्साहनस्वरुप केही दिनेजस्ता गतिविधि गरिने छैन । अग्रिम-परियोजनाबाट प्रभावित समुदायसँग परियोजनाको योजना प्रक्रियामा नै यथेष्ट परामर्श गर्ने । सुसूचित-परियोजना संचालन र यसबाट पर्नसक्ने सम्भावित नकारात्मक प्रभाव र जोखिमवारे समावेशी, सांस्कृतिक रुपले उपयुक्त र समुदायले बोल्ने भाषा सुहाउँदो र निर्णय प्रक्रिया आदिका संचार प्रक्रियाहरु अपनाएर परामर्श गर्ने ।

र परामर्श जारी राखिनेछ । एसआइए र भीसीडीपीको मुख्य नतिजाहरुलाई नेपालीमा अनुवाद गरिनेछ र सहभागीहरु र इच्छुक व्यक्तिहरुलाई वितरण गरिनेछ ।

२५. परियोजनाले भीसीडीपी कार्यान्वयनलाई निरन्तर अनुगमन गर्नेछ । कार्यान्वयनको शुरुका छ महिनासम्म मासिक प्रगति विवरण तयार पारिनेछ र त्यसपछि त्रैमासिक प्रगति विवरण तयार पारिनेछ । अनुगमन सूचक आधारभूत तथ्यांकको आधारमा तय गरिनेछ । आन्तरिक अनुगमन गतिविधीहरुलाई परियोजनाको सामाजिक सेल मार्फत् सञ्चालन गरिनेछ । भीसीडीपीको कार्यान्वयनको अनुगमनको लागि अनुगमन सूचकहरु माथिको टेबल ५.६ प्रस्तुत गरिएको छ । जोखिममा परेका समुदाय, गाविस र स्थानीय गैरसरकारी संघसंस्थाको प्रतिनिधित्व सहितको सम्मतिमार्फत् सहभागितामूलक अनुगमन सुनिश्चित गरिनेछ । त्यस्तै भीसीडीपीको बाह्य मुल्यांकन भने परियोजनाले नियुक्त गरेको तेस्रो पक्षले गर्नेछ । बाह्य अनुगमन मध्यावधिमा एक पटक र भीसीडीपी  सम्पन्न भएपछि एक पटक गरिनेछ ।

**लैङ्गिक कार्ययोजना**

२६. परियोजना क्षेत्रमा झण्डै ५० प्रतिशत महिलाको जनसंख्या रहेको भए तापनि महिला  घरमूली रहेको घरधुरी ८ मात्रै रहेको र ती परिवारमा औसत ६ सदस्य रहेको पाइयो । अत्यन्त कमजोर साक्षरता दर सहित महिलाहरुले नेतृत्व लिएका घरपरिवार आर्थिक गतिविधीमा सहभागी भए पनि कठीन अवस्थामा छन् र अधिकांश उनीहरु दैनिक ज्यालादारीमा वा खेतीपातीजस्तै अन्य काम गर्दछन् । प्रत्येक घरधुरीले बर्षमा १५०,००० रुपैयाँ भन्दा कम आम्दानी गर्दछन् र आम्दानीको ७० प्रतिशत खानेकुरा किन्नमा खर्च हुन्छ । जसले गर्दा उनीहरु शिक्षा र अन्य मनोरञ्जनजस्ता क्रियाकलापमा धेरै कम मात्र खर्च गर्न सक्छन् । सर्भेक्षणमा सहभागी कुनै पनि महिलाले आफ्नो घरमा र समुदायस्तरमा निर्णय गर्ने प्रक्रियामा सहभागीता भएका पाइएन । परियोजना तहमा रहेको महिलाहरुको आर्थिक र समाजिक अवस्थालाई हेर्दा उनीहरुको आर्थिक र समाजिक विकाससँग सम्बन्धित विषयवस्तुलाई परियोजनाको कार्यक्रममा पार्नु सान्दर्भिक देखिन्छ ।

२७. महिलाहरुसँग मुख्य दुईवटा उदेश्यहरुसहित परामर्श गरिएको थियो : १) परियोजनामा महिलाका विशिष्ट मुद्दाहरुको पहिचान र २) परियोजनाका विभिन्न गतिविधीहरुमा महिलाहरुको सहभागीता सुनिश्चित गर्ने । हरेक परामर्श बैठकमा महिलाहरुलाई सहभागिताका लागि र उनीहरुको विचार राख्न प्रोत्साहित गरिएको थियो । र उनीहरुका विचार सुनिएको थियो । बेलटारी क्षेत्रमा गरिएको समूह छलफलमा २० जना महिलाहरुको सहभागिता थियो । महिलाहरुले उठाएका विषयबस्तुहरु १) बेलटारी क्याम्पको विरामी कक्षलाई निरन्तरता दिने २) खानेपानी र सिँचाई योजनाहरुलाई पुनर्निमाण गर्ने ३) रोजगारीको अवसर र ४) खतराको सूचकको व्यवस्था विस्तार ।

२८. निर्माण ठेकेदारले छानिएका स्थानमा निर्माण क्याम्प खडा गर्नेछ । निर्माणका क्रममा कामदारहरुको आवश्यकता परेमा अस्थायी वासको अन्य संरचनाहरु उपलब्ध गराईनेछ । यहाँनेर के कुरा बुझ्न जरुरी छ भने निर्माण कार्यमा पुरुषसँगै महिला तथा बालबालिका पनि सहभागी भएका छन् र उनीहरु दोस्रो दर्जाको नागरिक जस्तो अस्थायी क्याम्पमा बस्न बाध्य छन् । उनीहरुले धेरै कठीन अवस्था झेल्नुपर्ने हुन सक्तछ । यस्ता कठिन अवस्थाहरुलाई पार लगाउन ठेकेदारले निर्माण क्याम्प बनाउँदा एकल परिवारलाई बस्न योग्य बासस्थान, आधारभूत स्वास्थ्य सुविधाहरु र प्राथमिक शैक्षिक गतिधिहरु सहितको पूर्वप्राथमिक विद्यालय निर्माणको दायित्व लिनुपर्ने छ । यस्तै महिलाहरुलाई रात्रि सिफ्टबाट मुक्ति दिने, लक्षित वर्गलाई एचआईभी एड्सको बारेमा सचेतना कार्यक्रम चलाउने र निर्माण क्याम्प र वरिपरिका गाउँहरुमा सहुलियत दरमा कण्डम उपलब्ध गराउन पर्नेछ ।

२९. इएसएसडी / एनजीओले एसएचजी निर्माणमा रुची भएका महिलाहरुको पहिचान गर्न प्रयत्न गर्नेछ । महिला एसएचजी सरकारले बनाएको मूल्यमान्यता अनुरुप बन्नेछ । सम्भव भएसम्म एसएचजी एउटै गाविसका महिलाहरुबीच गठन गरिनेछ । सीप विकास कार्यक्रम र आर्थिक सहयोगका कार्यक्रमहरु एसएचजीहरु मार्फत संचालन गरिनेछ । जोखिममा परेका महिलाहरुले नेतृत्व गरेका घरधुरीका लागि विषेश रुपमा लघुऋण सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. आयआर्जन कार्यक्रमको निर्माण गर्दा महिलाहरुको क्षमता अनुकूलका कार्यक्रमको सुनिश्चित गरिनेछ । यसरी कार्यक्रम निर्माण गर्दा साधनस्रोतको उपलब्धता र महिलाहरु पहिलादेखि नै सहभागी भएको उद्यममा पनि ध्यान दिईनेछ । क्षमता अभिबृद्धि सहायता कार्यक्रम पनि रहेको छ जसले महिलाहरुको गैरखेतीपाती रोजगारी जस्तै सिलाईकटाई, साना पसलहरु, स्थानीय बस्तुको खरिद विक्री र स्थानीय उत्पादनको प्रशोधन जस्ता सीपमूलक तालिममा पहुँच बढ्नेछ । महिलाहरुलाई आर्थिक र सामाजिक मूलप्रवाहमा समाहित गर्न समाजिक सचेतना अभियानहरु र तालिमको अवसरहरु प्रदान गरिनेछ । परियोजनाले महिलाहरुको समुदायमा आधारित र गैरसरकारी संघसंस्थाहरुलाई परियोजना निर्माण अवधिभर तालिम प्रदान गर्नुका साथै परामर्श मार्फत सशक्त गर्नेछ ।

३१. लैङ्गिक कार्ययोजनाले विभिन्न गतिविधी र कार्यक्रमहरु मार्फत् विविध लैङ्गिक विषयहरुलाई सम्बोधन गर्ने योजना राखेको छ । कार्यान्वयन संयन्त्रमा विभिन्न संस्थाको भूमिकाहरुसहित मूल्यांकनका सूचकहरु र रुजू गर्ने उपायहरु पनि तोकिएको छ । लैङ्गिक विकास योजनालाई समयमै सम्पन्न गर्ने प्रयत्नस्वरुप हरेक गतिविधीको कार्यान्वयनको लागि समयसीमा तय गरिएको छ । जीएपीका लागि रु १ मिलियनको बजेट तोकिएको छ र अन्य क्रियाकलापहरुमा पनि महिला केन्द्रित भई खर्च गर्नेछ ।

## संस्थागत व्यवस्था

३२. एसएपी र भीसीडीपीको कार्यान्यन गर्ने जिम्मेवारी परियोजना प्रबन्धकको रहनेछ । परियोजना प्रबन्धकलाई इएसएसडीले सहयोग गर्नेछ । इएसएसडीले परियोजना तहमा एक सामाजिक सेल स्थापना गर्नेछ । इएसएसडीको उक्त सामाजिक सेलमा जलविद्युत् परियोजनामा मनग्गे अनुभव भएको एकजना सामाजिक विकास अधिकृत रहनेछन् । एसडीओलाई दुईजना सामाजिक परिचालकले सहयोग गर्नेछन् । एएसएसडीले स्थानीय रुपमै योग्य व्यक्तिहरुमध्येबाट ती परिचालकहरु नियुक्त गर्नेछ । तीमध्ये एकजना परिचालक महिला हुनेछिन् । दैनिक कार्य सञ्चालनका लागि एसडीओले सीधै परियोजना प्रबन्धकलाई प्रतिवेदन गर्नेछन् । एसएपीको कार्यान्वयनका लागि परियोजना सूचना अभियान, समूह तथा व्यक्तिमा आधारित आयआर्जन क्रियाकलापहरु तथा समुदाय परिचालन गर्न सामाजिक सेल जिम्मेवार हुनेछ । आवश्यक परेको खण्डमा परियोजना सूचना अभियान, गरिबी निवारण तथा आर्थोपार्जन गर्ने क्रियाकलाप विशेषगरी स्वाबलम्बन समूहहरुको गठनको कार्यान्वयनका लागि सामाजिक सेलले स्थानीय गैरसरकारी संस्था वा कम्पनीहरुको सेवा खरिद गर्नेछ । प्रत्येक समूह सदस्यको विस्तृत भूमिका तथा जिम्मेवारी देहाय बमोजिमको टेबलमा उल्लेख गरिएको छ ।

| **भूमिका तथा जिम्मेवारी** | | |
|---|---|---|
| **क्र.सं.** | **जिम्मेवार व्यक्ति** | **भूमिका तथा जिम्मेवारी** |
| १ | परियोजना प्रबन्धक | • एसएपी तथा भीसीडीपीको कार्यान्वयन गर्ने समग्र जिम्मेवारी<br>• नीतिगत कुरामा सामाजिक सेललाई पथप्रदर्शन गर्ने<br>• कार्यान्वयनका लागि समयमै रकम निकासा भएको सुनिश्चित गर्ने<br>• मासिक रुपमा समीक्षा बैठक डाकी आन्तरिक रुपमा प्रगतिको अनुगमन गर्ने<br>• आवश्यक परेको बखत सम्बद्ध निकासहरुसँग समन्वय गर्ने |
| २ | सामाजिक विकास अधिकृत | • परियोजना र समुदायबीच सहजकर्ताको भूमिका गर्ने<br>• एसएपी तथा भीसीडीपीको दैनिक कार्यान्वयन व्यवस्थापन गर्ने<br>• परियोजना सूचना अभियान तथा आयमूलक |

| | | |
|---|---|---|
| | | क्रियाकलापहरुको योजना तथा डिजाइन तयार गर्ने<br>● समुदायसँग परामर्श गरी जोखिमयुक्त समुदाय सम्पूर्ण परामर्शको एक हिस्सा हो र उनीहरुको विचारहरु हृदयंगम गरिएको छ भन्ने सुनिश्चित गर्ने<br>● मासिक प्रगति विवरण तथा त्रैमासिक प्रक्रिया प्रलेखन तयार गर्ने<br>● अन्य सम्बद्ध निकायहरुसँग दैनिक सम्पर्क कायम गर्ने<br>● मासिक समीक्षा बैठकमा सहभागी हुने<br>● आयमूलक क्रियाकलापहरुका लागि तालिम कार्यक्रमको संयोजन गर्ने<br>● मूल प्रशिक्षक तथा तालिमका लागि संस्थाहरुको नियुक्ती गर्न परियोजना प्रबन्धकलाई सहयोग गर्ने<br>● अनुगमन तथा मूल्यांकनका लागि कार्यक्षेत्र बनाउने<br>● अनुगमन तथा मूल्यांकन निकायको नियुक्तिका लागि परियोजना प्रबन्धकलाई सहयोग गर्ने |
| ३ | समुदाय परिचालकहरु | ● समुदायका आवश्यकताहरुको रुजू गर्ने<br>● जोखिमयुक्त समुदाय तथा तिनका आवश्यकताको पहिचान गर्ने<br>● समुदायसँग सम्बन्ध स्थापित गर्ने<br>● सामाजिक विकास अधिकृत तथा समुदायसँग समन्वय गर्ने<br>● परियोजना सूचना अभियानको उत्तरदायित्व बहन गर्ने<br>● परियोजना प्रचार पुस्तिका वितरण गर्ने<br>● कर्म खर्च हुने जिविकोपार्जनका बारेमा जनचेतना जगाउने तथा समुदायलाई त्यसको अनुसरण गर्न सक्ने बनाउने<br>● परामर्शका लागि समुदाय परिचालन गर्ने तथा परामर्शमा सहभागी हुने<br>● मासिक प्रगति विवरण तयार गर्न सामाजिक विकास अधिकृतलाई सहयोग गर्ने<br>● तालिमको आवश्यकता तथा आयमूलक क्रियाकलापका लागि संस्थाहरुको पहिचान गर्ने |

| | | |
|---|---|---|
| | | • गुनासो जाहेर गर्न समुदाय सदस्यहरुलाई मद्दत गर्ने र जीआरसीमा जान साथ दिने<br>• गुनासाहरु तथा त्यस सम्बन्धमा गरिएका निर्णयहरुको अभिलेख राख्ने |

३३. एसएपी तथा भीसीडीपीका अंगहरुको परिचालन तथा सञ्चालनका लागि सिभिल कार्य सुरु हुनुभन्दा अगावै पर्याप्त कार्यान्वयन क्षमताको विकास गर्नुपर्दछ । क्षमता अभिबृद्धिका लागि अनुकरणीय समुदाय कार्यक्रम भएका अन्य परियोजनाहरुको स्थलगत भ्रमणका लागि सामाजिक सेलका कर्मचारीलाई पठाउन तथा समुदाय विकासका बारेमा तालिम पाठ्यक्रमका लागि प्रायोजन गर्न सकिनेछ । उक्त तालिम कार्यक्रमले लघु योजना, जनगणना तथा सामाजिक तथा आर्थिक सर्भेक्षण, सूचना प्रसार, समुदाय परामर्श तथा अनुगमन तथा मूल्यांकन कार्यका लागि सहभागितामूलक ग्रामिण लेखाजोखा गर्ने तरिका समेट्नेछ ।

## गुनासो व्यवस्थापन संयन्त्र

३४. समुदायहरुलाई कुनै अस्वीकार्य निर्णयहरु, अभ्यासहरु तथा क्रियाकलापहरु र परियोजनासँग सम्बन्धित प्राविधिक तथा सामान्य विवादहरुविरुद्ध अपिल गर्ने मौका प्रदान गर्न परियोजनास्तरमा गुनासो व्यवस्थापन संयन्त्र स्थापना गरिनेछ । परियोजना सूचना अभियान तथा परामर्शका क्रममा मौखिक तथा लिखित रुपमा त्यस्तो अपिल गर्न पाउने अधिकार तथा प्रक्रियाका सम्बन्धमा समुदायलाई पूर्ण रुपमा जागरुक बनाइनेछ । मर्कामा परेका समुदायका सदस्यहरुको गुनासाहरु सम्बोधन गर्ने ध्येयले परियोजनाअगावै गुनासो व्यवस्थापन समिति गठन गरिनेछ । गुनासो व्यवस्थापन समिति धाउनुअघि परियोजनाको कुनै पनि पक्षका सम्बन्धमा रहेको समुदाय सदस्यको गुनासो सबैभन्दा सम्बन्धित क्षेत्रस्थित परियोजना कार्यालयमा लिखित रुपमा छिनोफानो गरिनेछ । सवालहरुलाई स्थानीय स्तरमा छिनोफानो गर्न परियोजनाको सामाजिक सेलको सामाजिक विकास अधिकृत तथा परियोजना प्रवन्धकको प्रतिनिधिले समुदाय सदस्यसँग अनौपचारिक वार्तामा उक्त गुनासोमाथि छलफल गर्न सक्नेछन् । समुदाय परामर्शले यस प्रक्रियालाई सहज तुल्याउन सक्नेछ । त्यस्तो उजुरी प्राप्त भएको दुई हप्ताभित्र सबै गुनासाहरुको समीक्षा गरी त्यससम्बन्धमा निर्णय गरी उजुरी गर्ने पक्षलाई लिखित जानकारी दिइनेछ । आफूले चाहेको खण्डमा उजुरी गर्ने कुनै पनि पक्षले न्यायालय जान पाउने संवैधानिक अधिकारको अभ्यास गर्न सक्दछ ।

३५. परियोजना स्तरमा सार्वजनिक सूचना केन्द्र स्थापना गरिनेछ । पीआईसीमा परियोजना सूचना लगायत एसएपी तथा भीसीडीपीका विवरणसहितको स्थानीय भाषामा लेखिएको एक पुस्तिका राखिनेछ । पीआईसीमा गुनासो तथा पृष्ठपोषणको अभिलेखा पुस्तिका पनि राखिनेछ । पीएपीहरु तथा स्थानीय जनताले यस केन्द्रमा आफ्ना गुनासाहरु जोहेरी गर्न सक्नेछन् । गुनासो व्यवस्थापन केन्द्रका अध्यक्षले उक्त पुस्तिका मासिक रुपमा समीक्षा गर्नेछन् ।

## अनुगमन तथा मूल्यांकन

३६. कार्यान्वयन निकाय साथै परियोजनाद्वारा नियुक्त एक स्वतन्त्र बाह्य मूल्यांकन संस्थाले देहाय बमोजिमका कुराहरुको प्रमाणीकरणका लागि एसएपी र भीसीडीपी कार्यान्वयनको नियमित अनुगमन गर्नेछन् :

- एसएपी र भीसीडीपीमा उल्लेख गरिएका कार्यक्रम तथा प्रतिबद्धताहरु समयमै कार्यान्यन भएका छन्,
- एसएपी र भीसीडीपीका कार्य दिगो खालका छन्,
- परियोजना प्रभावित समुदायले गरेका उजुरी तथा गुनासाहरुको कारबाही अघि बढाइएका छन् र आवश्यक परेको ठाउँमा उपयुक्त सुधारका उपायहरु अबलम्बन गरिएका छन्,
- आवश्यक परेको खण्डमा कारबाहीको प्रभावकारितामा सुधार ल्याउन एसएपी र भीसीडीपी कार्यान्वयन कार्यविधिमा हेरफेर गर्न सकिनेछ ।

३७. परियोजना प्रबन्धकले एसएपी र भीसीडीपीको समयमै कार्यान्वयन गर्न सामाजिक सेलमा आवश्यक रकम पठाइएको छ भन्ने कुराको सुनिश्चित गर्नेछ । एसएपी र भीसीडीपीको कार्यान्वयन १८ महिनाको समयावधिमा सम्पन्न गरिनेछ ।

## अनुमानित लागत तथा बजेट

न्यूनीकरण उपाय तथा सामुदायिक सहयोग कार्यक्रम कार्यान्यन गर्नका लागि अनुमानित लागत देहाय टेबलमा प्रस्तुत गरिए बमोजिम कुल ने. रु. ३ करोड १० लाख ८० हजार छ ।

| क.सं. | उपायहरु | लागत (ने. रु.) | १० लाखमा (नेरु) |
|---|---|---|---|
| **सामाजिक कार्ययोजना** | | | |

| | | | |
|---|---|---|---|
| १. | पाँच बर्षको लागि नदीभन्दा तल साइरेन चेतावनी प्रणालीको विस्तार | २000000 | २.00 |
| २. | सेतीबेनी शिलामा मर्मतसम्भार कार्य | ३000000 | ३.00 |
| ३. | रुद्रबेनी मन्दिर र सेतीवेनी बजारको तटबन्ध | ५000000 | ५.00 |
| ४. | बेलटारीमा सिंचाई योजना तथा पानी आपूर्तिको जिर्णोद्धार | ३000000 | ३.00 |
| ५ | सेतीबेनी बजारमा विश्वसनीय विद्युत आपूर्ति | १२00000 | १.२0 |
| ६ | समुदायसँग जारी रहेको परामर्शको लागत | १000000 | १.00 |
| ७ | जिविकोपार्जन सपोर्ट | ५00000 | 0.५0 |
| | **पूर्णयोग (क)** | **१५७00000** | **१५.७0** |
| **जोखिमपूर्ण समुदाय विकास योजना** | | | |
| ८ | पुनर्वास गरिएको बोटेको घर मर्मतसम्भार | २२00000 | २.२0 |
| ९ | पुनर्वास गरिएको बोटेको प्राथमिक विद्यालयको मर्मतसम्भार | १000000 | १.00 |
| १0 | बोटे परिवारहरु तथा विद्यालयलाई जग्गा हस्तान्तरणको लागि प्रशासनिक खर्च | ५00000 | 0.५0 |
| ११ | जलाशयमा सामुदायिक डुंगा यातायात सञ्चालन तथा पेशागत माछा मार्ने तालिम तथा क्षमता विकास तालिमका लागि प्रभावित बोटेलाई सहयोग | २८00000 | २.८0 |
| **पूर्णयोग (ख)** | | **६५00000** | **६.५0** |
| **लैंगिक कार्य योजना** | | | |
| १२ | महिला घरमुली भएको घरधुरी तथा अन्य महिला सदस्यहरुका लागि एसएचजी गठन | ३00000 | 0.३0 |
| | **पूर्णयोग (ग)** | ३00000 | 0.३0 |

| | | | |
|---|---|---|---|
| **संस्थागत प्रबन्ध लागत** | | | ०.०० |
| १३ | कार्यान्यन निकायको कर्मचारी खर्च इएसएसडी/एनजीओ) | २०००००० | २.०० |
| १४ | कार्यालय तथा फिल्ड औजार/फर्निचर | १५००००० | १.५० |
| १५ | कार्यान्वयन निकाय तथा सम्बद्ध विभागको क्षमता विकासका लागि तालिम कार्यक्रम | २००००० | ०.२० |
| १६ | गाडी, यात्रा र दैनिक भत्ता | १०००००० | १.०० |
| १७ | मूल्यांकन[२]का लागि बाह्य निकायको नियुक्ती | २५००००० | २.५० |
| | **पूर्णयोग (घ)** | **७२००००००** | **७.२०** |
| **कुल क+ख+ग+घ** | | **२९७००००००** | **२९.७** |
| **बिबिध (कुल रकमको ५ प्रतिशत)** | | **१४८५०००** | **१.४८५** |
| **कुल योग** | | **३११८५०००** | **३१.१८५** |

[२] यसले इएमपीको साथै एसएपी र भीसीडीपीको कार्यान्वयनको मूल्यांकन गर्नेछ।

## परिच्छेद एक : परिचय

### १.१ पृष्ठभूमि

स्याङ्जा जिल्लाको काली गण्डकी नदीमा बनेको कालीगण्डकी 'ए' जलविद्युत् परियोजना १४४ मे.वा. क्षमताको पिकिङ् रन-अफ-रिभर प्लान्ट हो । एशियाली विकास बैंक र अन्तर्राष्ट्रिय सहयोगका लागि जापान बैंकको वित्तीय सहयोगमा निर्माण कार्य सम्पन्न भई सन् २००२ देखि सञ्चालनमा आएको यो परियोजनाको ड्याममा कालीगण्डकी र आँधीखोलाको दोभानमा पर्दछ । नेपालको बार्षिक उर्जा उत्पादनको एक चौथाइ हिस्सा ओगटेको यो परियोजनाको नेपाल विद्युत् प्राधिकरण (एनइए) को बार्षिक कुल उर्जा उत्पादनमा झण्डै ५० प्रतिशत योगदान भएको र यो परियोजना अहिलेसम्मको मुलुकको सबैभन्दा ठूलो जलविद्युत् परियोजना हो । ठूलो क्षमता (१४४ मे.वा.) र ६ घण्टा पिकिङ् क्षमता ( खोलामा पानी प्रशस्त भएको समयमा सोझै खोलाको पानी लिने र सुख्खा समयमा दिन भरीको पानी संकलन गरी अधिकतम बिजुली आवश्यक पर्ने समयमा ६ घण्टासम्म संचित गर्न सकिने क्षमता भएको बिजुली घर) भएकोले यो नेपालकै अनुपम परियोजना बनेको छ ।

यस जलविद्युत् परियोजनामा पहिरो र छिद्रको (क्याभिटेशन) को कारणले गर्दा उत्पादन गर्ने उपकरणमा क्षति पुगेकोले सुरक्षा चुनौतीका कारण हाल आएर उत्पादन क्षमतामा ह्रास आएको छ । नदीको बहावसँगै आउने तैरिएका वस्तु तथा पीधमा थेग्रीलो वस्तुको भारले समयसमयमा हेडवर्कस् समस्या ल्याउने गरेको छ । विद्यमान हेडवर्कस् संरचनाको भौतिक मोडेलमा आधारित भएर निम्न मुख्य त्रुटिहरु पहिल्याइएको थियो (कालीगण्डकी ए प्लान्टको हेडवर्कस्मा गरिएको जलीय नमूना परीक्षण, जुन २०१२) ।

- पानीको प्रवेशमार्ग अगाडिको सानो पोखरी (foreway)मा उच्च असमान बहाब वितरणका कारणले इन्टेकमा जाने बहाव सन्तुष्टिप्रद छैन ।
- धेरैजसो फोहोर/ तैरिएका वस्तुहरु इन्टेकतर्फ जम्मा भएका थिए परिणामतः इन्टेकमा तिनै तैरिएका वस्तुहरुले आंशिक रुपमा थुनेको पाइयो । फोहोर वस्तुहरुलाई तलतिर बगाएर लैजाने छुट्टै बाटो नभएकोले सबै फाहोरलाई संकलन गरिनुपर्दछ । फोहोर बगाउनका लागि बनाइएको

व्यास्कुल ढोका (bascule gate) फोहोरको निकासमा त्यति प्रभावकारी भएको पाइएन यद्यपि उक्त ढोका मूल डिजाइनले सिफारिस गरेअनुसार नै बनाइएको थियो ।

- सेटलिङ् बेशिनको आधा दुरीसम्म बढ्ता गडगडाहट र बांगो बहाव पाइएको थियो । सेटलिङ् बेशिनको इन्लेटमा माथितिरको पानी आउने बाटोमा तीनवटा करीब ९० डिग्रीको मोड, सेटलिङ् बेशिनको इन्लेटमा एक्कासी पानि खसालिनु र कलेक्टर च्यानल गेटको मुखमा भएको उँचनीच भागको निर्माण जस्ता तीन मुख्य कारणले गर्दा सेटलिङ् बेशिनभित्रको बहावमा उतारचढाव आएको हो ।

त्यसैले, नेपाल विद्युत् प्राधिकरणले परियोजनाको बाँध क्षेत्र संरचनामा आवश्यक सुधार कार्य गरी विद्युत् गृहको उत्पादनमा सुधार ल्याउन चाहेको छ । यस जारी रहेको प्रोजेक्टले सिभिल संरचना सम्बन्धी कार्य र इलेक्ट्रो मेकानिकल कार्य सम्बन्धी केही मुख्य विषयहरुलाई सम्बोधन गर्नेछ ।

### १.२ परियोजना वर्णन

प्रस्तावित परियोजनामा मुख्य तीन भाग समाविष्ट छन् १. सिभिल वर्क्स २. इलेक्ट्रोमेकानिकल वर्क्स ३. प्राविधिक सहायता र क्षमता अभिवृद्धि ।

**खण्ड क** : सिभिल संरचना सम्बन्धी कार्यले यससँग सम्बन्धित मुख्य बिषयहरु सम्बोधन गर्नेछ र यसअन्तर्गत निम्न कार्यहरु पर्दछन् ।

- **हेडवर्कस्को आंशिक परिवर्तन/सुदृढीकरण**. यसअन्तर्गत हेडवर्कस्का साथसाथै इन्टेक र सेटलिङ् बेशिनमा आंशिक परिवर्तन गरिनेछ ।

- **ड्याम सुरक्षा अनुगमन र उपकरणको सुदृढीकरण**. यस अन्तर्गत परियोजनाका उपकरणहरु मर्मत गरिने र अन्य आवश्यक उपलब्ध अत्याधुनिक यन्त्रहरु थपिनेछ । उपकरण सञ्चालन योजना समाविष्ट भएको सञ्चालन तथा मर्मत सम्भार पुस्तिका तयार गरिनेछ । तत्कालीक यथार्थ सेडिमेन्ट मापन गर्ने उपकरण पनि जडान गरिनेछ ।

- **मर्मतसम्भार कार्य**. हेडवर्कस्मा भिरालो जमिनलाई व्यवस्थित गरी अन्य आवश्यक मर्मत सुधार गर्ने र पावरहाउस क्षेत्रमा आवश्यक मर्मत सम्भार र टेलरेसमा पानीले छिद्र बनाउने क्रम रोक्नलाई आवश्यक संशोधन गर्ने कार्यहरु यस भाग अन्तर्गत पर्दछन् ।

**खण्ड खः** यस खण्डमा मेकानिकल र इलेक्ट्रिल वर्क्सहरु गरी दुई भागमा विभाजन गरिएको छ ।

- **मेकानिकल वर्क्स.** यस कार्यहरु अन्तर्गत पावरहाउस र इन्टेकमा रहेका मेकानिकल उपकरणहरुको मर्मत र स्तरोन्नति गरिनेछ ।

- **इलेक्ट्रिकल कार्यहरु.** इलेक्ट्रिकल कार्यहरु अन्तर्गत पावरहाउस र ड्यामको नियन्त्रण प्रणाली (कन्ट्रोल सिस्टम)को मर्मत एवम् स्तरोन्नति गरिनेछ ।

**खण्ड गः प्राविधिक सहायता र क्षमता अभिवृद्धि.** यस खण्डलाई निम्न चार भागमा बाँडिएको छ ।

- **परामर्श कार्य** (ड्याम सुरक्षा, सिभिल र इलेक्ट्रो मेकानिकल कार्यहरुको परामर्श सेवा). परियोजनाको उल्लेखित तीनै खण्डको अवलोकन/अनुगमन गर्नका निमित्त एनइए प्राविधिक सल्लाह, सेवा दिने उपयुक्त एउटा परामर्शदाता नियुक्त गरिनेछ । परामर्शदाताको थप कार्यहरुमा विस्तृत प्राविधिक डिजाइन, एनइएलाई कार्यान्वयन तथा खरीदमा सहयोग एवम् संचालन र मर्मत पुस्तिका बनाउने, आकस्मिक तयारी योजना र उपकरण संचालन योजना तयार गर्ने रहेको छ ।

- **सम्पत्ति व्यवस्थापन.** यसअन्तर्गत एनइएलाई सम्पत्ति व्यवस्थापन प्रणालीको सुधार तथा स्तरोन्नति गर्न प्राविधिक सहयोग गरिनेछ ।

- **सुरक्षा कार्यान्वयन.** यस विषय अन्तर्गत एनइएलाई पर्यावरण व्यवस्थापन योजना कार्यान्वयन ( इएमपी) गर्न, समुदायिक सहयोग कार्यक्रम र योजनाबाट प्रभावित सामुदायिक विकास योजनामा प्राविधिक, अनुगमन र मूल्यांकन गर्न सहयोग गरिनेछ ।

- **क्षमता अभिवृद्धि.** यसअन्तर्गत एनइएको क्षमता अभिवृद्धिका निमित्त सम्पत्ति व्यवस्थापन, सेडिमेन्ट व्यवस्थापन, सुरक्षा कार्यान्वयन र इलेक्ट्रोमेकानिकल र सुरक्षा यन्त्र का विशिष्टीकृत क्षेत्रहरुको सञ्चालन तथा मर्मतसम्बन्धी तालिम दिइनेछ ।

### १.३ ऐतिहासिक प्रसङ्ग

कालीगण्डकी जलविद्युत् परियोजना एसियाली विकास बैंक र अन्तराष्ट्रिय सहयोगका लागि जापान बैंकको संयुक्त लगानीमा निर्माण भइ सन् २००२ बाट सञ्चालनमा आएको हो । एडीबीले वातावरणीय प्रभाव मूल्यांकन (इआए), स्वीकृत गरेको थियो । कालीगण्डकी वातावरणीय व्यवस्थापन एकाइले सामाजिक र वातावरणीय कार्यक्रम कार्यान्वयन गरेको थियो । परियोजनाबाट प्रभावित समुदायको जीविकाको पुनर्बहाली एवम् विकास गर्ने तथा समाजमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उद्देश्यले पहँच सडक र सुविधाका लागि अधिग्रहण, क्षतिपूर्ति र पुनर्वास योजना (एसीआरपी) तथा क्षतिन्यूनीकरण व्यवस्थापन र अनुगमन योजना तयार गरिएको थियो ।

एसीआरपीले जग्गाको केही अंश वा घरहरु गुमाएका १४६८ घरपरिवारहरु प्रभावित भएको भनी पहिचान गरेको थियो जसमध्ये अधिकांश परियोजनाको पहुँच सडक निर्माणबाट प्रभावित थिए । ९४ हेक्टर निजी एवम् गुठीको समेत गरेर कुल १४८ हेक्टर जमिन अधिग्रहण गरिएको थियो । जग्गाको कुल मुआब्जा रु ३ करोड रुपैया वितरण गरिएको थियो । १३ घर र २० वटा गाइगोठ अधिग्रहण गरी त्यसको क्षतिपूर्ति रु ९४७४७७ तिरिएको थियो । परियोजनाले नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न एक कार्यक्रमको प्याकेज नै कार्यान्वयन गरेको थियो । जसअन्तर्गत क. क्षतिपूर्ति र पुनर्वास कार्यक्रम, ख. पुनर्वास गराएका मानिसहरुको लागि पुनर्निर्माण कार्यक्रम, ग. परियोजनाबाट प्रभावित घरधुरीलाई घनीभूत रोजगारी तथा सीप तालिम कार्यक्रम घ. आदिवासी बोटे समुदायलाई लक्ष्यित गरी विस्तृत समुदाय विकास कार्यक्रम र ङ. ग्रामीण विद्युतीकरण कार्यक्रम आदि पर्दछन् । सन् २००२ मा पिओइले परियोजना सकिएको बेलामा यी कार्यक्रमवारे कार्यान्वयन मूल्यांकन गरेको थियो । परियोजनाले क्षतिपूर्ति तथा पुनर्वास कार्यक्रम, तिनै समुदायको लागि सडक, विजुली, सञ्चार र स्वास्थ्य सुविधाजस्ता आधारभूत पूर्वाधारहरुको साथमा परियोजना अवधिमा र परियोजना सकिएपछि पनि स्थानीय समुदायलाई रोजगारीको माध्यमबाट थप आम्दानीका अवसरहरु उपलब्ध गराउनुका साथै स्थानीय

आर्थिक विकास प्रबर्द्धन गरेको कुरा पिओइले रिपोर्ट गरेको थियो । यी सबै कार्यक्रमहरुले स्थानीय विकासमा सहयोग पुऱ्याएका थिए । कार्यक्रम कार्यान्वयनका दौरानमा श्रम-विवाद, भाडामा जग्गा प्राप्ति, रुख र गुठी जग्गाको क्षतिपूर्ति दिने जस्ता अनुभवहरु बटुलिएको थियो । सबै समस्याहरुलाई सन्तुष्टिपूर्ण तरीकाले समाधान गरियो । पिओइमा विभिन्न कुराहरु समाविष्ट छन् :

- प्रभावित परिवारको समग्र सामाजिक एवम् आर्थिक अवस्थामा सुधार आएको ।
- बिजुली, यातायात र सञ्चारमा भएको पहुँचले परियोजना क्षेत्रका मान्छेहरुको जीवनस्तरमा सुधार गर्न अभिप्रेरित गरेको थियो ।
- निर्माण कार्यले परियोजना र त्यस वरपरका क्षेत्रमा आर्थिक गतिविधि वृद्धि गरेको थियो ।
- क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्रसँग ग्रामीण अर्थतन्त्रको समायोजन घनीभूत भएको थियो ।
- परियोजनाका लागि कर्मचारी भर्ना गर्दा स्थानीयलाई बढी स्थान दिइएकोले त्यस क्षेत्रमा उल्लेख्य रुपमा नगद आम्दानी प्रवाहले स्थानीय जनताको जीवनस्तरमा सुधार आएको छ ।
- भविष्यमा पनि अर्थोपार्जन गतिविधि गर्न सक्ने खालको सीपमूलक तालिम दिएर परियोजनाका जागिरे र गैर जागिरेहरुको पनि मानवपूँजी विकास गरिएको थियो ।
- परियोजना शुरु हुनुभन्दा पहिलेको स्थानीयवासीको आम्दानी, उपभोग र घरधुरी खर्चको स्तरमा उल्लेख्य रुपमा सुधार आएको छ ।

## १.४ भीसीडीपीको आधारभूत कारण (Rationale and Objectives for VCDP)

परियोजनाबाट प्रभावित क्षेत्रमा बसोवास गर्ने जोखिममा परेका समूह खासगरी सीमान्तकृत बोटे जातिहरुको समस्या र आवश्यकतालाई समाधान एवम् सम्बोधन गर्न परियोजनाले जोखिमपूर्ण समुदाय विकास योजना (भीसीडीपी) तयार पारेको हो ।

यो भीसीडीपी जोखिमपूर्ण समुदायको पहिचान र तिनमा परेको प्रभाव लाई सम्बोधन गर्नुका साथै परियोजनाबाट ती समुदाय लाभान्वित भएको कुरा सुनिश्चित गर्न प्रस्तावित परियोजनाको योजना र कार्यान्वयनलाई दिशानिर्देश गर्न तयार पारिएको हो । भीसीडीपी का विशिष्ट उद्देश्यहरु यसप्रकार छन् :

१. सम्पूर्ण परियोजना चक्रमा जोखिममा परेका समूहको सभागिता सुनिश्चित गर्ने र परियोजना गतिविधिको अनुगमनका साथै मुख्यरुपमा परियोजनाले सहयोग गरेका समुदायको विकास सुनिश्चित गर्ने ।

२. जोखिममा परेका घरधुरीहरु परियोजनाको लाभबाट लाभान्वित भएको सुनिश्चित गर्ने ।

३. जोखिममा परेका घरधुरीलाई परियोजनाको वारेमा सूचना यथोचित ढङ्गले प्रवाह गरी छलफलमार्फत् उनीहरुबाट परियोजनाको गतिविधि र कार्यान्वयनमा भूमिका खोजी गर्ने ।

## परिच्छेद दुईः अध्ययन विधि

डेस्क स्टडी, सान्दर्भिक पूर्वकार्य (दस्तावेज) को अध्ययन, विज्ञ समूहको स्थलगत अवलोकन अध्ययन, सामूहिक छलफल, स्थानीय समुदाय, सरोकारवाला एनइएका कर्मचारी र सरकारी निकायसँग गरिएको छलफल एवम् अन्तर्क्रिया भेटघाट आदिमा आधारित अध्ययन विधिहरुबाट भीसीडीपी तयार गरिएको हो । प्रस्तावित परियोजनाको भीसीडीपी तयार गर्दा अपनाइएका विस्तृत कार्यविधिहरु निम्नानुसार रहेका छन् :

### २.१ परियोजना प्रभावित क्षेत्रको वर्णन

परियोजनाको क्षेत्रभित्र प्रस्तावित मर्मतसम्भार परियोजनाको 'केन्द्रीय परियोजना क्षेत्र' र 'सेरोफेरो क्षेत्र'हरु पर्दछन् । 'प्रोजेक्ट' भन्नाले काली गण्डकी ए जलविद्युत् पावर प्लान्ट को प्रस्तावित मर्मत सम्भारलाई जनाउँछ भने 'एरिया' भन्नाले 'परियोजनाको मुख्य क्षेत्र' र 'सेरोफेरोको क्षेत्र' भन्ने बुझिन्छ ।

### २.१.१ परियोजनाको मुख्य क्षेत्र

'परियोजनाको मुख्य क्षेत्र' भन्नाले हेडवर्कस्को क्षेत्र लगायत परियोजनाको संरचनाहरु र अन्य सुविधाहरु पर्दछन् जहाँ मर्मत सम्भारको कामहरु गरिनेछ । यस क्षेत्रमा सुरक्षा गर्नुपर्ने परयोजनाका विभिन्न संरचना र सुविधाहरु पर्दछन् । परियोजनाका संरचना र सुविधाहरु रहेका श्रीकृष्ण गण्डकी गाविसका सम्बन्धित वार्डको क्षेत्रहहरुलाई परियोजनाको मुख्य क्षेत्र मानिएको छ ।

### २.१.२ सेरोफेरो क्षेत्र

'परियोजनाको सेरोफेरो क्षेत्र' ले त्यस्तो बृहद् क्षेत्रलाई जनाउँछ जुन प्रस्तावित परियोजना कार्यान्वयनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ र जहाँ परियोजनाका कुनै पनि संरचना र सुविधाहरु भने रहेका हुदैनन् । सेरोफेरो क्षेत्र अन्तर्गत छिमेकी हर्मीचौर र श्रीकृण्णगण्डकी गाविसका केही भूभागहरु पर्दछन् ।

## २.२ डेस्क स्टडी एवम् पूर्वकृति अध्ययन

भीसीडीपी तयार गर्दा कालीगण्डकी ए जलविद्युत् परियोजनाका सामाजिक प्रतिवेदनहरु र अन्य दस्तावेजहरु, जिल्ला तहका प्रतिवेदनहरुका साथै सान्दर्भिक पूर्वकृतिहरु अध्ययन गरिएको थियो । अध्ययनमा मुख्यतया देहाय बमोजिमका रिपोर्टहरु अध्ययन गरिएको थियो :

- संश्लेषण गरिएका प्रतिवेदनहरु (वातावरणीय र सामाजिक), २००३, काली गण्डकी ए जलविद्युत् परियोजना,
- परियोजना सम्पन्न प्रतिवेदन, २००४ (एडीबी); काली गण्डकी ए जलविद्युत् परियोजना,
- अपेरेशन म्यानुअल (वातावरण र सामाजिक) २००५, कालीगण्डकी ए जलविद्युत् परियोजना,
- केजीइएमयू/एनइए प्रतिवेदनहरु
- वातावराणीय तथा सामाजिक क्षति न्यूनीकरण तथा अनुगमन प्रतिवेदन (कार्यान्वयन चरण), काली गण्डकी ए जलविद्युत् परियोजना
- केजिए अपेरेशन म्यानुअल, काली गण्डकी ए जलविद्युत् परियोजना
- हेडवर्कस्को हाइड्रोलिक मोडेल टेष्टिङ् (Hydraulic Model Testing of Headworks), कालीगण्डकी जलविद्युत् प्लान्ट, २०१२

यसबाहेक आवश्यक सूचना संकलन गर्ने क्रममा स्याङजा, पाल्पा र गुल्मी जिल्लाका जिल्ला विकास समितिद्वारा प्रकाशित जिल्लाका प्रोफइलहरु, नेपाल सरकार मातहतको केन्द्रीय तथ्यांक विभागद्वारा प्रकाशित २०६८ को जनगणनाको तथ्याङ्क एवम् विभिन्न गाविसका प्रोफाइलहरु अध्ययन गरिएको थियो ।

दस्तावेजहरुको अध्ययनले अध्ययन क्षेत्रलाई बुझ्न, मूल परियोजनामा अपनाइएका कार्यान्वयन प्रक्रियाको मूल्यांकन गर्न, तथ्यांकमा पाइएको भिन्नता र भिसिडिपिको तयारी का लागि आवश्यक सूचना तथा तथ्यांक संकलनका लागि चाहिने कार्यविधि बनाउन मद्दत गरेको थियो । जोखिममा परेका जाति, भाषा र धर्मको सामाजिक-आर्थिक र सांस्कृतिक पक्षसँग सम्बन्धित तथ्यांकहरु केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको जनगणना २०६८ बाट साभार गरिएको हो ।

## २.३ स्थलगत अध्ययन तथा तथ्याङ्क सङ्कलन

सामाजिक विज्ञ, सामाजिक-अर्थशास्त्री, समाजशास्त्री, मानवशास्त्री, इन्जिनियर र तथ्यांक विश्लेषकहरुसहितको विभिन्न क्षेत्रका विज्ञहरुको एक समूहले कालीगण्डकी ए जलविद्युत् परियोजनाको अध्ययनक्षेत्र अवलोकन र सर्भेक्षण कार्य २०१२ को डिसेम्बर महिनामा शुरु गरेको थियो । कालीगण्डकी ए जलविद्युत् परियोजनाको हेडवर्कस्, पावरहाउस, एक्सेस रोड, नदीमाथितिर पर्ने रिजर्भ्वायर, नदीको तलतिरका क्षेत्र, प्रसारण लाइन एवम् सब्स्टेशन क्षेत्रहरुमा नमूना सर्भेक्षण गरिएको थियो ।

उक्त समूहले स्याङ्जा जिल्लाको जिल्ला विकास समिति र मालपोत कार्यालयबाट जिल्लास्तरीय र गाविसस्तरीय तथ्याङ्क र सूचना संकलन गरेको थियो ।

अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै विधिहरु अपनाएर तथ्याङ्क संकलन गरिएको थियो । तथ्यांक संकलन विधिहरुमा क. घरधुरी प्रश्नावली, ख. चेकलिष्टको प्रयोग गर्दै सामूहिक छलफल, ग. जिल्लास्तरीय विभिन्न संस्थाका प्रतिनिधिहरुसँग अन्तर्वार्ता (मालपोत कार्यालय, जिविस कार्यालय, गुठी संस्थान लगायत जिल्लाका कार्यालय, कालीगण्डकी ए जलविद्युत् परियोजनाको बेल्टारी कार्यालका कर्मचारी एवम् एनइएका केन्द्रीय कार्यालयका कर्मचारीहरु) ।

### २.३.२ घरधुरी सर्भेक्षण

जोखिममा परेका समुदायहरुको समस्या पहिचान गर्ने उद्देश्यले जनजाति, दलित र महिला घरमुली भएका कुल ८७ घरपरिवारमा सर्भेक्षण गरिएको थियो । कुल सर्भे गरिएका घरपरिवारमध्ये करीब ८९ प्रतिशत जनजाति समुदायका थिए । यसका विस्तृत जानकारी तलको टेबल (२.१) मा उल्लेख गरिएको छ ।

### टेबल २.१ सर्भे गरिएका जोखिमयुक्त घरधुरीको डिष्ट्रिव्युशन

| क्र.सं | जातीय समूह | समेटिएको कूल घरधुरी | प्रतिशत | कुल जनसंख्या |
|---|---|---|---|---|
| १. | बोटे (जनजाति) | २७ | ३१.०३ | ११४ |

| | | | | |
|---|---|---|---|---|
| २. | मगर ( जनजाति) | ४४ | ५०.५७ | ३१४ |
| ३. | नेवारी ( जनजाति) | ६ | ६.९० | ५० |
| ४. | दलित | २ | २.३० | १५ |
| ५. | महिला घरमूली भएको घरधुरी | ८ | ९.२० | ५५ |
| | कुल | ८७ | १००.०० | ५४८ |

### २.३.२ जोखिममा परेका समुदायसँग परामर्श

महिला, सीमान्तीकृत बोटे समुदाय, अन्य जनजाति र दलित, बाँधबाट माथितिरका सेतीबेनी गाविसका समुदाय र बाँधबाट तलतिर पानी नबग्ने क्षेत्र रुद्रबेनीका समुदायसँग स्वतन्त्र र पूर्वसूचित छलफलहरु चलाइएको थियो ।

छलफल र अन्तर्क्रियाका मुख्य उद्देश्यहरुमा त्यहाँका महत्वपूर्ण समस्याहरुवारे, त्यस क्षेत्रका सूचनाहरु, कालीगण्डकी ए जलविद्युत् परियोजना क्षेत्रका अरुसँग नमिल्ने खालका र कालीगण्डकी हाइड्रोपावर स्टेशन क्षेत्रमा नयाँ उठेका समस्याहरुवारे गुणात्मक तथ्यांक संकलन गर्नुका साथै परियोजनाको हेडवर्कस् साइटमा प्रस्तावित मर्मत सम्भारको कार्यवारे जानकारी दिनु रहेको थियो । परियोजनाको अवधिभर जोखिममा परेका समुदायसँग निरन्तर छलफल तथा परामर्श चलिरहनेछ ।

### २.३.३ मुख्य सूचनादाताहरुसँगको अन्तर्वार्ता

यसैगरी बेल्टारीस्थित कालीगण्डकी ए जलविद्युत् प्लान्टका कर्मचारी, स्याङ्जा जिल्लाका जिविस र मालपोत कार्यालयका मुख्य सरकारी कर्मचारीहरुसँग पनि छलफल गरिएको थियो । यसैगरी गुठी

संस्थानका कर्मचारीसँग पनि बोटे समुदायको विद्यालयको लागि र उनीहरुको स्थानान्तरण गरिएका घरधुरीको जग्गा हस्तान्तरण सम्बन्धमा छलफल गरिएको थियो ।

अन्तर्वार्ताका उद्देश्यहरुमा तपसील विषयहरु बुझ्नु रहेका थिए ; परियोजना क्षेत्रका गाविसहरुमा रोयल्टीको विनियोजन तथा उपयोग, केजीए जलाशयमा सञ्चालित डुंगाको संचालन तथा सुरक्षा व्यवस्था, प्रभावित बोटे परिवारलाई पुनर्स्थापना गर्न बनाइएका घरहरुको स्वामित्व र प्रभावित बोटे परिवारलाई दिइएको जग्गा र कालीगण्डकी प्राथमिक विद्यालय स्थापना गर्न दिइएको जग्गा हस्तान्तरण ।

## परिच्छेद तीनः जोखिमयुक्त समुदाय योजना

### ३.१ परिचय

नेपालमा एउटा समूहलाई जोखिमयुक्त बनाउने कारणहरु थुप्रै छन् । एउटा समूह पछौटे हुनुमा आधिकारिक रुपले लिङ्ग, जाति र वर्णलाई मानिएता पनि क्षेत्र र आर्थिक अवस्था र इष्टमित्र वा प्रश्रय दिनेहरुको सञ्जालले पनि उत्तिकै भूमिका खेलेको हुन्छ । दशौं राष्ट्रिय योजना (२००२-२००७) ले नेपालको परिवेशमा तीनवटा मूख्य समूह (महिला, दलित, आदिवासी /जनजाति)लाई अन्यभन्दा बढी जोखिममा रहेको पहिचान गरेको छ। यी तीन समूहहरु क.जीवनवृत्ति, सम्पत्ति र उपलब्ध सेवामा पहुँच नहुनु ख. सामाजिक समावेशीकरण र सशक्तीकरणको अभाव, ग. कानूनी समावेशीकरण र सरकारमा उनीहरुको प्रतिनिधित्व नहुनु र घ. आर्थिक रुपले सीमान्तीकरणको कारणले विपन्न र पछाडि पारिएका हुन् ।

### आदिवासी / जनजाति समूह

नेपालमा प्रभुत्व जमाएको समाजभन्दा छुट्टै सामाजिक र सांस्कृतिक पहिचान भएको सामाजिक समूहलाई आदिवासी र जनजाति परिभाषित गरिएको छ। राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८(२००२) ले आफ्नै मातृभाषा, परम्परागत रीतिरिवाज र चालचलन, छुट्टै समाजिक संरचना एवम् लिखित वा अलिखित इतिहास भएका समुदायहरुलाई जनजाति/आदिवासी भनी परिभाषित गरेको छ । ऐनले नेपालमा ५९ आदिवासी समुदाय छन् भनेको छ । ऐनका अनुसार तिनै समुदायलाई नेपालीमा जनजाति/आदिवासी र अंग्रेजीमा इन्डिजिनियस नेसनालिटी (Indegenious Nationality ) भनी चिनाइएको छ । यो वर्ग सामान्यतया जनसंख्याको सीमान्तकृत समूह भनेर चिनिन्छन् जुन समुदाय शिकार गर्ने देखि एकठाउँबाट अर्को ठाउँमा सर्दै जंगल छेउछाउँमा खेतीपाती गर्ने, ज्याला मजदुरी गर्ने सम्मका काम एवम् सानातिना बजारमूलक व्यापार-व्यवसाय गर्ने काममा संलग्न रहेका हुन्छन् । तैपनि आदिवासी/जनजाति आफैमा विविधता भएका समूह हुन् जुन समूहहरु एउटै आर्थिक प्रणाली अन्तर्गत पर्दैनन् । नेपालका विभिन्न आदिवासी/जनजाति समूहहरुवीच नै विविधता छ । एकातिर राउटेहरु अझ पनि शिकार गरेर खानेकुरा जुटाउँन् भने चेपाङ् र कुसुण्डाहरुले छुट्टै तरीकाले खेतीपाती (खेती गर्दा सबै पुराना बाली काट्दछन् र पोल्दछन् र नयाँ वीउ रोप्ने तरीका)

गर्दछन् एवम् एक ठाउँमा खेती गर्ने अनि केही समयपछि अर्को ठाउँमा सर्ने गर्दै उनीहरु मुख्यतया प्राकृतिक स्रोतमा निर्भर गर्दछन् । अर्कातिर, नेवार, थकाली र गुरुङ्हरु भने आधुनिकतातर्फ लागेका छन्, उनीहरु वैदेशिक रोजगारी, सरकारी र गैरसरकारी सेवा, उद्योग र वाणिज्यमा संलग्न छन् । उनीहरुको विविध सामाजिक-आर्थिक गतिविधिलाई ख्याल गर्दै आदिवासी जनजातिहरुको छाता संगठन 'नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)' २००४ ले आदिवासी जनजातिलाई ५ भागमा वर्गीकरण गरेको छ । (टेबल ३.१) । कुल ५९ आदिवासी जनजाति समूहलाई साक्षरता, आवास, जमिनमा स्वामित्व, पेशा, भाषा, शिक्षा र जनसंख्याको समग्र सूचकांक (composite index) को आधारमा १० समूहलाई लोपोन्मुख, १२ समूहलाई अति सीमान्तीकृत, २० समूहलाई सीमान्तीकृत र १५ समूहलाई विपन्न एवम् २ समूहलाई सम्पन्न भनी वर्गीकरण गरिएको छ । आदिवासी जनजातिको पहिलो र दोश्रो वर्गका समुदाय नेपालमा अनिच्छित पुनर्वासको (Involuntary Resettlement) अवधारणाले अझै बढी संवेदनशील लाग्दछन् ।

**टेबल ३.१ नेपालका आदिवासी /जनजातिको वर्गीकरण**

| क्षेत्र | आदिवासी जनजातिको वर्गीकरण | | | | |
|---|---|---|---|---|---|
| | **लेपोन्मुख (१०)** | **अति सीमान्तीकृत (१२)** | **सीमान्तीकृत (२०)** | **विपन्न (१५)** | **सम्पन्न (२)** |
| **हिमाल (१८)** | | शियार, शिङ्गसव ( लोमी) र थुदाम | बोटे, डोल्पो, लार्के, ल्होपा, मुगाली, तोक्पेगोला र वालुङ्ग | बारा गाउँले, ब्याँसी (सौका), छैरोटन, मापरफाली थकाली, शेर्पा, ताङ्बे र तीनगाउँले थकाली | थकाली |

| | | | | | |
|---|---|---|---|---|---|
| **पहाड (२४)** | बनकरिया, हायु, कुश्वडिया,कुशुण्डा लेप्चा र सुरेल | बरामु, थामी (थाङमी) र चेपाङ् | भजेल, दुरा, पहारी, फ्री, सुनुवार र तामाङ्ग | छन्त्याल, गुरुङ्ग, ( तमु), जिरेल, लिम्बु (याक्थुम्बा), मगर, राई, थक्खा र ह्योल्मो | नेवार |
| **भित्री तराई (७)** | राजी र राउटे | बोटे, दनुवार, र माझी | दराई र कुमाल | | |
| **तराई (१०)** | किसान र मेचे (बोदो) | धानुक (राजबंशी), झाँगड, र सन्थाल ( सतार) | धिमाल, गङ्गाई, राजबंशी ( कोच), ताजपूरिया, थारु | | |

स्रोतः नेफिन, २००४

## दलित

दलित भन्नाले नेपालमा बसोवास गर्ने जाति हुन् जसलाई पुरानो सन् १८५३ को मुलुकी ऐनले 'अछूत' भनी वर्गीकरण गरेको थियो उक्त ऐन सन् १९६२ को नयाँ मुलुकी ऐन घोषणा हुनुपूर्वसम्म कायमै थियो । नेपालको परिवेशमा 'दलित' भन्नाले त्यस्तो समुदाय वा व्यक्ति भन्ने बुझिन्छ जो जातीय विभेदजस्तो समस्याबाट पीडित र जातीय हिसाबले समाजिक संरचनामा तल्लो तहमा पर्दछन् । नेपालको जनसंख्यामा १३ प्रतिशत ओगटेको दलित जातिलाई विभेदकारी जातपातको प्रथाले हिन्दु जातिको संरचनाहरुको सबैभन्दा तल्लो तहमा राखेको छ । (केन्द्रीय तथ्यांक विभाग, २००१) उनीहरुको कुनै निश्चित भूभाग केन्द्रीत 'पुस्तौनी थलो' पनि छैन र नेपालको कुनै भागमा पनि उनीहरु संख्यात्मक

हिसाबले अन्य जाति भन्दा बढी छैनन् बरु देशैभरि छरिएर बसेका छन् । नेपालका दलित समुदाय एकै खालका छैनन् । दलितहरुलाई क्षेत्रीय हिसाबले तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ; क) पहाडका दलित, ख) नेवारी समुदायका दलित, ग) तराई क्षेत्रका दलित । नेपालमा तराईको मधेशी दलित समुदाय र मध्यपश्चिम र सुदूरपश्चिमका दलित समुदायमा छुवाछुतको अभ्यास कठोर नै छ । राष्ट्रिय दलित आयोग (२००३)ले नेपालका दलितहरु २७ भिन्नाभिन्नै थर भएका भनी पहिचान गरेको छ। (टेबल ३.२)

**टेबल ३.२ राष्ट्रिय दलित आयोगले गरेका नेपालका दलितको वर्गीकरण**

| क्षेत्र | दलित जातिको टेबल |
|---|---|
| **पहाडी दलित** | १. गन्धर्व (गाइने), २. परियार (दमाई, दर्जी, सूचीकार, नगर्ची, ढोली, हुड्के), ३. बादी, ४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओद, चुनान्रा, पार्की, टमाटा), ५. सार्की (मिजार, चर्मकार, भूल), ६. पोडे (देउला, पुजारी, जलारी), ७. छ्यामे (कुचीकार, छ्याम्क) |
| **तराई दलित** | ८. कलार, ९. ककैहिया, १०. कोरी, ११. खातिक, १२. खात्वे (मण्डल, खाङ्ग), १३. चमार (राम, मोची, हरिजन, रविदास), १४. चिदिमार, १५. डोम (मारिक), १६. टम्टा (तण्टी, दास), १७. दुशाध (पाश्वान, हजारा) १८. धोबी (राजक) हिन्दु, १९. पट्ठारकट्टा, २०. पासी, २१. बन्टार, २२. मूसहर, २३. मेस्टार (हलखोर), २४. सर्भाङ् (सर्वरिया), २५. नटुवा, २६. धण्डी, २७. धरिकार/धन्का |

दलित समुदायहरु राज्यको आर्थिक, सामाजिक सेवा एवम् राजनीतिक अवसरबाट सीमान्तीकृत छन् त्यसैले उनीहरुको जीवनस्तर र मानव विकास सूचकांक राष्ट्रिय औसत सूचकांक भन्दा धेरै न्यून छ । दलित समुदायमा गरिबी व्याप्त छ र उनीहरु विद्यमान आर्थिक, सामाजिक र शैक्षिक अवस्थामा अन्य सीमान्तीकृत वर्गको तुलनामा धेरै नै जोखिममा परेका छन् । दलित जातिको गरिबीको सूचकांक ४७ % छ जुन राष्ट्रिय औसतमा भने ३१ % मात्रै छ । तराईका कुल दलितमध्ये ४४ % भूमिहीन छन् (टेबल ३.३) र पहाडका ४४.६ % दलितहरु सीमान्तीकृत किसानहरु हुन् (उनीहरुसँग जम्मा ०.१८ देखि ०.४०

हेक्टर जमिन छ )। सामाजिक र आर्थिक सूचकको आधारमा तराईका दलितहरुको अवस्था पहाडका दलितको भन्दा खराब छ। नेपालको कुल खेतीयोग्य जमिनमध्ये १ % मात्र दलितहरुको स्वामित्वमा छ भने ३ % दलितसँग मात्र एक हेक्टरभन्दा बढी जमिन छ। (टिआइवाइपी, २००८)

**टेबल ३.३ राष्ट्रिय औसतको तुलनामा दलितको स्थान**

| **सूचकहरु** | **राष्ट्रिय औसत** | **दलित** |
|---|---|---|
| पाँच बर्ष मुनिका बालबालिकाको मुत्युदर | १०००/१०४ | १०००/१७१.२ |
| शिशु मृत्युदर | १०००/७५.२ | १०००/११६.५ |
| प्रजनन दर | ४.० | ४.०७ |
| साक्षरता दर | ५४ | ३३ |
| विद्यालयमा रहने औसत बर्ष | ३.६२ | २.१ |
| उच्च मावि र सो भन्दा बढी शैक्षिक योग्यता हासिल गरेका (%) | १७.६ | ३.८ |
| स्नातक र सोभन्दा बढी | ३४ | ०.४ |
| गरिबी (%) | ३१ | ४७ |
| भूमिहीन | - | तराईका दलित ४४ %<br>पहाडका दलित १५% |

स्रोतः त्रिबर्षीय अन्तरिम योजना (२००८/११), रायोआ, नेपाल सरकार

*महिला र अन्य जोखिममा परेका समूहहरु* मा महिलाले कुल जनसंख्याको आधा हिस्सा ओगटेता पनि अद्यापि लैङ्गिक विभेद भने कायमै छ । ज्ञान, आर्थिक स्रोत, राजनैतिक शक्तिमा पहुँच र निर्णय प्रक्रियामा व्यक्तिगत स्वायत्तताको कमीले नेपालमा महिलाको अवस्था कमजोर भएको हो । छोरीहरुले विवाहपश्चात् पैतृक सम्पत्तिको अधिकार गुमाउँछन् । दैनिक १६ घण्टा काम गर्ने नेपाली महिलाहरुको औसत कार्यबोझ विश्वको औसत कार्यबोझ (नेपाल मानव विकास प्रतिवेदन २००४) भन्दा उच्च भएतापनि उनीहरुको अझै पनि उत्पादनशील स्रोतमा पहुँच र नियन्त्रण छैन । दश प्रतिशत महिलाको मात्रै जमिनमा अपनत्व छ भने आफ्नै घर भएका महिलाहरु ५.५ प्रतिशत मात्र छन् । (केन्द्रीय तथ्यांक विभाग, २००४) । सबै समाजिक समूह र क्षेत्रका महिलाहरु समकक्षी पुरुषको तुलनामा विपन्न पाइएका छन् एवम् विधवा, छुट्टभिन्न बसेका र पारपाचुके गरेका महिलाहरु तथा महिला नै मुली भएका घरधुरीहरु जोखिमयुक्त छन् । यसैगरी, नेपालमा सबै समुदायका महिलाहरु पनि आर्थिक स्रोत र जनजीविकाको छनौटमा भएको सीमित पहुँचको कारणले जोखिममा परेका वा पछाडि परेका वर्गहरुमै पर्दछन् र उनीहरु नेपालको चरम गरिबीको स्थायी खतरामा रहेका छन् । वृद्ध, केटाकेटी र आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरु पनि जोखिमको संघारमा रहेका छन् ।

## ३.२ आदिवासी मानिसहरु र अरु जोखिममा परेका समुदायहरुका सम्बन्धमा बनेका सान्दर्भिक नीतिहरु

नेपालले आदिवासी समुदायको लागि छुट्टै नीति बनाएको त छैन तथापि दशौं योजनामा पिछडिएका समुदायहरु जस्तैः आदिवासी, *दलित,* महिला, अपाङ्ग र अन्य जोखिममा परेका समूहहरुलाई दिइने आधारभूत सेवाप्रवाहमा विशेष जोड दिइएको छ । दलित, आदिवासी र अपाङ्ग समुदायलाई लक्षित गरी तिनको उत्थान, रोजगारी र विशेष सुरक्षाका निम्ति लक्षित कार्यक्रमहरु कार्यान्वयन गर्ने भन्ने कुरा दशौ योजनाको एक प्रमुख नीतिभित्र पर्दछ । सरकारले जोखिममा परेको सामाजिक समूहको आधारभूत सुरक्षा प्रत्याभूतिका निम्ति मार्गदर्शक गर्ने खालको, छुट्टै र सबल कार्यक्रमहरु ल्याउनुपर्ने नीतिगत व्यवस्था छ । आवधिक योजनामा ती वर्गको संरक्षण र विकासका निमित्त नीति र कार्ययोजनाहरु पनि प्रतिपादन गरिएका छन् । उक्त नीतिले लक्षित र सशक्तीकरणका कार्यक्रमहरु जोखिममा परेका, विपन्न र शोषित समूहहरुको हित अभिवृद्धि गर्ने खालको हुनुपर्ने बताएको छ ।

बञ्चित गराइएका समूह, दलित, मधेशी, आदिवासी /जनजाति, महिला, सीमान्तीकृत, अपांग र दुर्गम क्षेत्रका समुदाय एवम् समाजमा विद्यमान विभेदकारी अभ्यास भएका विभिन्न क्षेत्रका गरीब समुदायको जीवनस्तर उकास्न त्रिबर्षीय योजना (२००९/१०-२०१२/२०१३) ले समावेशी र समतापूर्ण विकास रणनीति अपनाएको छ । सामाजिक, आर्थिक र भौगोलिक रुपमा बञ्चित वर्ग, क्षेत्र र समुदायलाई समता र समावेशी सिद्धान्तको आधारमा सशक्तीकरण गरी उपलब्ध स्रोतमा उनीहरुको पहुँच वृद्धि गर्नु पनि यो योजनाको समाज विकास नीतिको रणनीतिमध्ये एक हो । यस योजनाले मुलुकको सबै संरचना, क्षेत्र र प्रक्रियामा वञ्चित समुदाय, क्षेत्र र लिंगको समावेशीकरणलाई प्रबर्द्धन गर्दै विकासमा टेवा पुऱ्याउन लगानी बढाउने कुरालाई जोड दिएको छ । यो योजनाले गरीब र जोखिममा परेका समुदायलाई लक्षियत गर्दै विभिन्न प्रकारका आयआर्जनमा टेवा पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गर्ने कुरामा जोड दिएको छ ।

यसैगरी, राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ (२००२), राष्ट्रिय मानव अधिकार कार्ययोजना २००५, वातावरणीय ऐन १९९७ र बन ऐन १९९३ ले जोखिममा परेका समूहको संरक्षण र सम्बर्द्धन गर्नुका साथै आदिवासी समुदायको ज्ञान र सांस्कृतिक सम्पदालाई जोगाउन र प्रवर्द्धन गर्न विशेष जोड दिएको छ । सन् १९९९ मा स्थानीय स्वायत्त शासन ऐनमा संशोधन गरी आदिवासी जनजातिको भाषा, धर्म, संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्न एवम् उनीहरुको समग्र हित गर्न स्थानीय राजनीतिक समूहलाई थप अख्तियारी प्रदान गरिएको थियो ।

यसैगरी, आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई सन् २००७ को संयुक्त राष्ट्र संघको साधारण सभाले अनुमोदन गरेको थियो । नेपालले आइएलओ कन्भेन्सनको १६९ सेप्टेम्बर १४, २००७ तदनुसार २०६४ भाद्र २८ गते अनुमोदन गऱ्यो । उक्त कन्भेन्सनको धारा १ ले जनजाति र आदिवासी समुदायको परिभाषा गरेको छ । धारा ६ मा ती समुदायका मानिसहरुसँग छलफल गर्दा उपयुक्त उपायहरु अपनाउनुपर्ने र त्यसो गर्दा उनीहरुकै प्रतिनिधि संघ संगठनमार्फत् गर्नुपर्ने कुरा उल्लेख छ । धारा १५ ले ती आदिवासी, जनजातिले सम्भव भएसम्म प्रकृतिक स्रोतको उपयोगमा सहभागी भएर लाभ लिनेछन् र प्रकृतिक स्रोतको उपयोग गर्ने क्रममा ती आदिवासी जनजातिलाई कुनै नोक्सानी भएमा उचित क्षतिपूर्ति पाउनेछन् । धारा १६ (२) का अनुसार, यदि यिनीहरुको स्थानान्तरण आवश्यक परेमा, त्यस्तो उपाय र स्थानान्तरण गर्दा उनीहरुको स्वतन्त्र र

सुसूचित भएर मात्र दिएको सहमतिमा मात्रै गरिनेछ । उनीहरुको सहमति लिन नसकिएको अवस्थामा राष्ट्रिय कानुन र नियमहरुले बताएको उपयुक्त विधिको प्रयोग गरेर मात्र स्थानान्तरण गरिनेछ । धारा १६ (३) का अनुसार तर त्यसरी स्थानान्तरण गरेको आधार वा कारण त्यसउप्रान्त नरहेमा, उनीहरुलाई आफ्नै भूमिमा फर्कन पाउने अधिकार हुनेछ । धारा १६ (५) अनुसार स्थानान्तरण गरिएका व्यक्तिहरुले स्थानान्तरण गर्दा पर्न गएको नोक्सान वा चोटको पूर्ण क्षतिपूर्ति पाउँनेछन् ।

विश्व बैंकको आदिवासी जनजाति सम्बन्धी नीति (ओपी/बिपी ४.१०) ले ऋण लिनेले र बैक कर्मचारीले आदिवासी जनजातिको पहिचान गर्ने, उनीहरुसँग छलफल गर्ने, उनीहरुको सहभागितालाई सुनिश्चित गर्ने, बैंकले लगानी गर्दा हुने लाभ सांस्कृतिक रुपमा उपयुक्त हुनुपर्ने कुरामा जोड दिएको छ । त्यसरी लगानी गर्दा पर्नजाने नकारात्मक प्रभावलाई हटाउने वा सम्भव नभएमा न्यूनीकरण गर्नुपर्नेछ ।

### ३.३ परियोजना क्षेत्रका जोखिममा परेका समुदाय

परियोजना क्षेत्रमा मिश्रित खालको समुदायहरु छन् र बसोवास पुनर्वास योजना अन्तर्गतका १७ घरधुरी बोटे समुदायबाहेक पनि अन्य जातिको बाहुल्यता नरहेको योजना क्षेत्रमा मिश्रित प्रकारको समुदाय बसोबास गर्दछन् । परियोजना क्षेत्रमा रहेका जोखिममा परेका समुदायमा बोटे, मगर (जनजाति), दलित र महिला घरमुली भएका घरधुरीहरु लगायत पर्दछन् । भिसिडीपी कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु मुख्यतया समुदाय तहमा रहेको छ तर बोटे घरधुरी पुनर्वासको जग्गा-स्वामित्व हस्तान्तरण भने व्यक्तिगत तहमा गरिनेछ ।

### टेबल ३.४ : जोखिमपूर्ण घरधुरीको डिष्ट्रिव्यूशन

| क्र.सं | जातीय समूह | समेटिएको कुल घरधुरी | कूलको प्रतिशत | कुल जनसंख्या | औसत घरधुरी आकार |
|---|---|---|---|---|---|
| १ | बोटे (जनजाति) | २७ | ३१.०३ | ११४ | ४.२ |
| २ | मगर (जनजाति) | ४४ | ५०.५७ | ३१४ | ७.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नेवारी (जनजाति) | ६ | ६.९० | ५० | ८.३३ |
| ४ | दलित | २ | २.३० | १५ | ७.५ |
| ५ | महिला घरमूली भएको घरधुरी | ८ | ९.२० | ५५ | ६.८ |
| | कूल | ८७ | १००.०० | ५४८ | ६.३० |

कूल ८७ प्रभावित घरधुरीमा घरधुरी सर्भेक्षण गरिएको थियो । कुल सर्भे गरिएका घरधुरी (१८८) मध्ये ४६ प्रतिशत घरधुरीहरु प्रभावित छन् । प्रभावित घरधुरीको कुल जनसंख्या ५४८ रहेको छ जसको सरदर परिवार संख्या ६.३ (टेबल ५.४) । प्रभावित कुल घरधुरीमध्ये ८८ प्रतिशत जनजाति र ९ प्रतिशत महिला घरमूली भएको घरधुरी रहेको छ ।

ती जोखिममा परेका घरधुरी संख्याको आधाभन्दा बढीसँग औसत १.१३ हेक्टर जमिन छ । सबैजसोको घरमा भेडा र बाखाहरु छन् भने केहीको घरमा सुँगुर पनि छ । जमिन हुनेहरुमध्ये करीब ९० प्रतिशतले उत्पादन गरेको अन्नले उनीहरुलाई नै तीन महिनालाई मात्रै पुग्दछ । अरु बाँकी महिनाको लागि बजारबाट अन्न खरीद गर्नुपर्ने अवस्था छ ।

अरु नदीकिनारका समुदायसरह, प्रभाव पर्न सक्ने त्यस क्षेत्रको घरधुरीहरुको आर्थिक गतिविधि कृषि तथा गैरकृषि मिश्रित खालको छ । तिनीहरुमध्ये अधिकांश (खासगरी बोटे) हरु नेपाल विद्युत् प्राधिकरणको कालीगण्डकी जलविद्युत् गृहमा र अन्य सरकारी संस्थाहरुमा पनि काम गर्दछन् । ती समुदायको मुख्य पेशा पशुपालन र कृषि हो यद्यपि उनीहरुको पेशाले जीविका मात्रै चल्छ । बोटेहरुको परम्परागत पेशा माछा मार्ने र डुङ्गा तार्ने भएतापनि हाल थोरैले मात्रै ती कामहरु गर्दछन् । धेरैजसो घरपरिवारहरु विभिन्न खालका काममा आवद्ध छन् ।

हालको प्रति घरधुरी औसत बार्षिक आम्दानी करीब ने रु ७५०८७ अनुमान गरिएकोमा तेश्रो राष्ट्रिय जीवनस्तर सर्भेक्षण २०११ को तथ्यांकअनुसार भन्दा धेरै न्यून देखिन्छ जसमा नेपालको बार्षिक औसत

घरधुरी आम्दानी (ने रु २,०२,३७४), पश्चिमाञ्चल विकास क्षेत्रको (नेरु २,१२,६९४), हिमाली क्षेत्रको ( नेरु १,६९,९९०) र पश्चिम ग्रामीण पहाडको (नेरु १,५७, ९९१) उल्लेखित छ । कुल घरधुरीमध्ये एक तिहाइभन्दा केही बढी घरधुरीहरुको आम्दानी नेरु ३०,००० देखि ६०,००० को बीचमा पर्दछ र करीब ३० प्रतिशतले प्रतिबर्ष नेरु १,००,००० भन्दा बढी कमाउँछन् ।

हालको औसत बार्षिक खर्च नेरु ४४,७४४ अनुमान गरिएता पनि उक्त खर्च रिपोर्ट गरिएको आम्दानीभन्दा धेरै कम छ । तर, आम्दानीको ठूलो हिस्सा खाद्यान्न खरीद गर्न, त्यसपछि क्रमशः लत्ताकपडा, औषधी र उपचार, ऋण तिर्न, र चाडपर्व मनाउन खर्च भएको पाइन्छ । ती प्रभावमा परेका घरधुरीहरुले शिक्षामा एकदमै कम मात्रै खर्च गरेका छन् । आधाभन्दा बढी घरधुरीले प्रतिबर्ष नेरु ६०,००० खर्च गर्दछन् भने ७ प्रतिशतले प्रतिबर्ष नेरु १००,००० खर्च गर्दछन् ।

धारामार्फत् गरिने पानी वितरण नै खानेपानीको मुख्य स्रोत हो । अधिकांश घरधुरीले उपचारको लागि मिर्मिस्थित निजी स्वास्थ्य क्लिनिक रोज्दछन् । त्यहाँका सबै घरहरुमा विजुली जोडिएको छ तथापि विजुली भने दैनिक ६ देखि ८ घण्टामात्रै आउँछ । यिनीहरुले खाना पकाउन दाउराको प्रयोग गर्दछन् । अधिकांश घरधुरी कालीगण्डकी जलविद्युत् परियोजनाको कारणले त्यस परियोजना क्षेत्रमा विभिन्न पूर्वाधारको विकास भएको ठान्दछन् । त्यस परियोजनाले उनीहरुको सीप र ज्ञान विकास मात्रै होइन कि त्यस क्षेत्रमा मान्छेहरुको आवतजावत पनि बढाइदिएको छ । अहिले त्यहाँका मान्छेहरु उनीहरुको गाउँसम्म नै बाटो र सार्वजनिक यातायात पुगेकोले उनीहरु गाउँबाट बाहिर जान पनि सक्दछन् ।

## ३.४ कार्ययोजना (The Action Plan)

परियोजनाले तयार पारेको जोखिमयुक्त समुदाय विकास योजना (भीसीडीपी) संवेदनशील समूह र खासगरी परियोजनाबाट प्रभावित क्षेत्रमा बसोबास गर्ने बोटे जातिको समस्या र आवश्यकतालाई सम्बोधन गर्न तयार पारिएको हो । प्रस्तावित परियोजनाको योजना र कार्यान्वयनलाई निर्देशन गर्न, जोखिमयुक्त समुदायमा परियोजनाले पार्ने प्रभाव पहिचान र सम्बोधन गर्न एवम् परियोजनाबाट उनीहरु लाभान्वित भएको सुनिश्चित गर्न यो भिसीडीपी  तयार पारिएको हो । भिसीडिपीका मुख्य उद्देश्यहरु यसप्रकार छन् :

१.जोखिममा परेका समुदायको परियोजनाको सबै चक्रमा सहभागिता सुनिश्चित गर्ने र

सामान्यतया परियोजनाको गतिविधि एवम् मुख्यरुपमा परियोजनाद्वारा चलाइएको समुदाय विकासको अनुगमन गर्ने

२. जोखिमयुक्त घरधुरीका लागि परियोजनाले ल्याएको लाभहरु बढोत्तरी भएको सुनिश्चित गर्ने

भीसीडीपीले परियोजनाले सिर्जना गरेका अवसरहरुलाई परियोजनाको कार्यान्वयनवाट जोखिममा परेका समुदायको जीवन उत्थान गर्ने लक्ष्य राखेको छ । भीसीडीपीमा विभिन्न गतिविधीहरु समाबेश गरिएका छन् र यो परियोजनाको महत्वपूर्ण खण्ड हो जुन एसएपी (SAP) सँगसँगै कार्यान्वयन गरिनेछ । भीसीडीपीअन्तर्गत समुदाय तहमा के-कस्ता गतिविधिहरु संचालन गर्ने भन्ने कुरा समुदायसँगको सामूहिक छलफल, अन्तर्वार्ता र स्थलगत अवलोकनहरुमार्फत् तय गरिएको छ ।

**जोखिममा परेका मानिसहरुको चाहना**

भीसीडीपीले यसका योजना र कार्यक्रमहरु स्थानीय मानिसहरु र समुदायका नेताहरुसँगको अन्तर्क्रिया र सामूहिक छलफलबाट तय गर्दछ । जोखिममा परेका मानिसहरुले परियोजनाबाट धेरै नै आशा राखेको कुरा स्थलगत सर्भेक्षणका क्रममा पाइएको थियो । स्थलगत अवलोकन र अन्तर्क्रियाले जोखिममा परेका मानिसहरुको देहायबमोजिमको मुख्य विषयवस्तु, चासो र आकांक्षाहरु उजागर गरेको थियो ।

- परियोजना क्षेत्रका जोखिममा परेका समुदायले जागिरमा प्राथमिकता दिनु
- आयआर्जन हुने गतिविधि र सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन
- घरहरुको मर्मतसम्भार
- विद्यालय भवनको मर्मतसम्भार
- जग्गाको कानुनी स्वामित्व

इएसएसडीले समुदायले उठाएका सबै चासोहरुको वारेमा एनइएसँग छलफल गर्‍यो र एनइएले ती सबै कार्यहरु गर्न सहमति जनाउनुका साथै तदनुरुप ती कार्यक्रममा बजेट पनि व्यवस्था गरिएको छ ।

*प्रस्तावित योजना*

भीसीडीपीले परियोजनाले सिर्जना गरेका अवसरहरुलाई परियोजनाको कार्यान्वयनवाट जोखिममा परेका समुदायको जीवन उत्थान गर्ने लक्ष्य राखेको छ । यसैगरी, जोखिममा परेका समुदायले भोगेका मुख्य समस्याहरुलाई पनि सम्बोधन गर्ने भिसीडीपीको योजना छ । त्यसैले, भीसीडीपीले जोखिममा परेका समुदायको चासो र उनीहरुको निश्चित आवश्यकता पुरा गर्न निम्न उपायहरु प्रस्ताव गरेको छ :

*पूर्वाधार संरचना सहयोग (Infrastructure support )*

कुनै पनि क्षेत्र तथा सुमदायको सर्वाङ्गीण विकासको लागि पूर्वाधार संरचना प्राथमिक आवश्यकता हो । जोखिममा परेका समुदायको आवश्यकताहरु पुरा गर्नको लागि देहाय बमोजिमको क्षेत्रमा पूर्वाधार संरचना विकासले जोखिमयुक्त समुदायको साथै स्थानीय क्षेत्रमा पनि सामाजिक र आर्थिक अवस्थालाई प्रवर्द्धन गर्न सकारात्मक र प्रभावकारी परिणाम ल्याउनेछ ।

- खानेपानी
- विद्यालय मरम्मत
- पुनर्वास गराइएका घरहरुको मरम्मत

*आर्थिक सहयोग*

भीसीडीपीले जोखिममा परेका समुदायको आर्थिक पक्षमा सहयोग गर्न निम्न बमोजिम गतिविधिहरु प्रस्ताव गरेको छ ।

- पेशागत तालिम र स्थानीय तहमा रहेका साधनस्रोतमा आधारित आयआर्जनका गतिविधीहरुको शुरुबात
- गैरसरकारी संघसंस्था, गाविस, जिविसका कर्मचारीलाई क्षमता अभिबृद्धि कार्यक्रम
- स्थानीय बोटे समुदायको लागि सामुदायिक डुंगा यातायात संचालन
- बोटे समुदायलाई जलाशयमा माछापाल्ने र माछा मार्ने तालिम
- घर र विद्यालयको जग्गाको कानुनी रुपमा स्वामित्व हस्तान्तरण ।

*समुदायका अन्य मागहरु*

- सेतीबेनी शीलाको संरक्षण
- रुद्रबेनी राममन्दिरको छेउको नदीमा तटबन्ध
- ग्रामीण विद्युतीकरण
- घाटको निर्माण
- परियोजनाबाट खानेपानी, सिंचाई र विद्युत्‌को सुबिधा र
- नदीको तल्लो क्षेत्रमा स्थापना गरिएको खतराको घण्टीको सबलीकरण एवम् थप विस्तार

*अनुमानित लागत*

भीसीडीपी (VCDP) र (SAP)को कार्यान्वयन खर्च लगभग रु १ करोड ९५ लाख लाग्नेछ जुन तलको टेबल ३.५ मा उल्लेख गरिएको छ । सबै खर्च परियोजनाले व्यवस्था गर्नेछ । खर्चको विस्तृत विवरण बजेट परिच्छेदमा उल्लेख गरिएको छ ।

| **टबेल ३.५ अनुमानित लागत** | | | |
|---|---|---|---|
| क्र. सं | गतिविधिहरु | यूनिट | अनुमानित लागत खर्च (रु दश लाखमा) |
| ०१. | पूर्वाधार निर्माण सहयोग | एल्एस् | ११.९ |
| ०२. | आर्थिक सहयोग | एल्एस् | २.० |
| ०३. | अन्य सहयोग | एल्एस् | ५.९५ |
| | कूल | | १९.८५ |

*समुदायको सहभागिता रणनीति*

भिसिडीपिको तयारीका दौरानमै उनीहरुको समाजिक र आर्थिक अवस्था प्रबर्द्धन हुने अवसर दिलाउन योजनाबद्ध र व्यवस्थित प्रयास गरिएको थियो । जोखिममा परेका समुदायका मानिसहरु र स्थानीय बुद्धिजीविसँग परामर्श बैठक तथा स्थलगत भ्रमणहरु गरिएको थियो । कार्यक्रमको दिगो एवम् सफल कार्यान्वयनका लागि सरोकारवाला र स्थानीय समुदायको सक्रिय सहभागिता महत्वपूर्ण हुन्छ ।

भिसीडिपी कार्यान्वयन गर्ने जिम्मा परियोजनाको हो । भीसीडीपीको सफल कार्यान्वयनको लागि जोखिममा परेका समुदाय, गाविस र स्थानीय गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरु रहेको एक समिति खडा गरिनेछ । यो समितिको गठन गर्दा परियोजनाले सहजीकरण गर्ने र उक्त समिति स्थानीय तहमा देखापर्ने भिसिडीपी परियोजना कार्यान्वयनको चरणमा आएका कुनै पनि विवादलाई समाधान गर्न जिम्मेवार हुनेछ । सम्पूर्ण प्रयत्नहरुलाई परियोजना अर्न्तगतको वातावरणीय तथा समाजिक अनुगमन ईकाइको सामाजिक विकास अधिकृतले समन्वय गर्ने छ ।

परियोजनाको सामाजिक सेलका सामाजिक विकास अधिकृतले समुदायसँग गरिने परामर्शवारे कम्तीमा हप्तादिन अगावै समुदायलाई जानकारी गराउनुपर्नेछ । परियोजनाले परामर्शका एजेण्डाहरु पहिला नै जानकारी गराउने छ । परामर्शको कुनै एजेण्डा र मिति परिवर्तन गर्नुपरे पनि अग्रिम जानकारी दिइनेछ

। कार्यक्रमहरुको प्राथमिकीकरण र आयआर्जन कार्यक्रमबाट लाभ पाउनेको छनौट समितिको परामर्शमा गरिनेछ ।

## ३.५सञ्चार रणनीति

तुलनात्मक रुपमा राम्रो सञ्चार भयो भने काम पनि राम्रै हुन्छ र निरन्तर सरोकारवालाहरुलाई आवश्यक सूचनाहरु दिनुका साथै उनीहरुलाई निर्णय प्रक्रियामा समावेश गराउँदछ । परियोजनाको प्रत्येक चरणमा केजीएपिपिए समुदायको संलग्नता हुनुपर्नेमा सचेत छ र परियोजनाको निर्माण र सञ्चालनलाई निर्बाध रुपमा गर्न परियोजना र परियोजनाबाट लाभान्वित हुने समुदायबीच दोहोरो सम्वाद महत्वपूर्ण हुने विश्वास गर्दछ । उक्त कुरा हासिल गर्नको लागि परियोजनाले वातावरणीय संरक्षण नियमावली (इपीआर १९९७), दाताहरुको निर्देशिका र विद्यमान उत्तम अभ्यासहरुमा तोकिएबमोजिम सबै आवश्यक सञ्चार र सूचना वितरणको आवश्यकतालाई अबलम्बन गर्नेछ । परियोजनाको शुरु देखि नै एसआइए अध्ययन समूहले परियोजना क्षेत्रका स्थानीयवासीको सहभागितालाई प्रोत्साहित गरेको छ ।

परियोजनाबाट प्रभावित समुदायको सुसूचित सहभागिता र परियोजनामा समुदायको समग्र समर्थन सुनिश्चित गराउन अपनाइने सञ्चार रणनीति प्रभावित समुदायसँगको स्वतन्त्र, अग्रिम र सुसुचित परामर्श[3]को अवधारणामा आधारित भई निर्देशित हुनेछ । परामर्शबाट आएको प्रतिक्रिया योजनाको प्रक्रियामा एक महत्वपूर्ण रहेको छ र कार्यान्वयन तहमा पनि परामर्श गरी निरन्तर प्रतिक्रिया लिइनेछ ।

*सरोकारवालाहरुको सहभागिताको लागि संरचना*

परियोजनासँग सम्बन्धित सबै सरोकारवालाहरुलाई सूचना दिने दायित्व निर्माणकर्ता (केजीएएचपीपी) को हुनेछ ताकि सबै सरोकारवालाहरुले उनीहरुमाथि पर्नसक्ने प्रभाव र परियोजनाबाट प्राप्त गर्ने उत्तम लाभहरुको बारेमा पूर्णरुपमा जानकारी पाउनेछन् । समुदाय कार्यक्रम र जनजीविकाका गतिविधिको वारेमा सुसूचित निर्णय गर्न र गराउनका लागि केजीएएचपीपी समुदायलाई सहयोग गर्न प्रतिबद्ध छ । सबै सम्बन्धित सरोकारवालाहरुलाई उपयुक्त समयमा अग्रिम जानकारी दिइ नीतिनिर्माण र भीसीडीपीको कार्यान्वयन र निर्णय प्रक्रियामा स्थानीय सरोकारवालाहरुलाई उत्प्रेरित गर्न र गराउन केजीएएचपीपीको सामाजिक सेल जिम्मेवार छ ।

---

[3] स्वतन्त्र- प्रभावित जनसंख्यामध्येका सेवाग्राही वा तिनका प्रतिनिधिहरुको परियोजनामा समर्थन लिनलाई जबर्जस्ती गर्ने, धम्की दिने वा आवश्यकताभन्दा बढी प्रोत्साहनस्वरुप केही दिनेजस्ता गतिविधि गरिने छैन ।

अग्रिम-परियोजनाबाट प्रभावित समुदायसँग परियोजनाको योजना प्रक्रियामा नै यथेष्ट परामर्श गर्ने ।

सुसूचित-परियोजना संचालन र यसबाट पर्नसक्ने सम्भावित नकारात्मक प्रभाव र जोखिमवारे समावेशी, सांस्कृतिक रुपले उपयुक्त र समुदायले बोल्ने भाषा सुहाँउदो र निर्णय प्रक्रिया आदिका संचार प्रक्रियाहरु अपनाएर परामर्श गर्ने ।

सञ्चार विधि (Communication Tools)

परियोजनाबाट प्रभावित मानिसहरु र समुदायलाई परियोजनासम्बन्धी सूचनाहरु सम्प्रेषण गर्न परियोजनाले विभिन्न सञ्चारसामग्रीहरु जस्तै ब्रोसर, पर्चा, फ्लायर, राष्ट्रिय र स्थानीय अखबार, विद्युतीय सञ्चारमाध्यम -एफएम आदिको उपयोग गरिनेछ ।

*सूचनाको खुलासा र सम्प्रेषण*

एसआइए (SIA) र भीसीडीपीको ड्राफ्ट र अन्तिम दस्तावेजलाई नेपाल विद्युत् प्राधिकरण र विश्व वैंकको वेभसाईट मार्फत् सार्वजनिक गरी राष्ट्रिय र अन्तरार्ष्ट्रिय तहमा रहेका सरोकारवालाहरुलाई उपलब्ध गराईने छ । स्थानीय तहमा, भीसीडीपीको कार्यान्वयन अवधिभर नै सूचना प्रवाह र परामर्श जारी राखिने छ । सामाजिक मूल्यांकन (सोसल एसेसमेन्ट) चरणका बेला समाजका सदस्यहरुलाई सूचना दिइएको हो । शुरुको चरणमा इएसएसडीको कर्मचारीले सामूहिक छलफल गरी समुदायलाई परियोजनावारे जानकारी गराउनेछन् ।

एसआइए र भीसीडीपीको मुख्य नतिजाको सारांशहरुलाई नेपालीमा अनुवाद गरिनेछ र सहभागीहरु र इच्छुक  व्यक्तिहरुलाई वितरण गरिनेछ । ब्रोसरले परियोजनाको विभिन्न संरचनावारे, समुदायले पाउने फाइदा र परियोजना कार्यान्वयन तथा सञ्चालनका दौरानमा हुने सम्भावित प्रभाव एवम् क्षति न्यूनीकरणका उपायहरुवारे सूचना दिनेछ ।

सोसल सेलको समाज विकास अधिकृतले भीसीडीपी समितिसँगको सहकार्यमा परियोजनाको कार्यान्वयन चरणका सबै गतिविधिहरुवारे समुदायलाई जानकारी गराउनेछ ।

### ३.६ अनुगमन संयन्त्र

परियोजनाले भीसीडीपी कार्यान्वयनको अनुगमन नियमित गर्दै जानेछ । कार्यान्वयनको शुरुका छ महिनासम्म मासिक प्रगति विवरण तयार पारिने छ र त्यसपछि त्रैमासिक प्रगति विवरण तयार पारिनेछ । आधार तथ्यांक (बेसलाइन डाटा) अनुसार अनुगमन सूचक बनाइनेछ । अनुगमनको मापदण्ड टेबल नं ३.६ मा विस्तारमा उल्लेख गरिएको छ ।

**टेबल ३.६ अनुगमन मापदण्ड, सूचक विधि समयतालिका र स्थान**

| प्रकार | मापदण्ड | सूचक | विधि | समयतालिका | स्थान |
|---|---|---|---|---|---|
| १. बेसलाइन अनुगमन | | | | | |
| सामाजिक, आर्थिक र सास्कृतिक | आवासक्षेत्र | परियोजना क्षेत्रमा आवासक्षेत्रको | अवलोकन तथा स्थानीयवासीसँग | परियोजना शूरु हुनु अगावै | परियोजना क्षेत्रको नजिकका |

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण | | वृद्धि | छलफल | एकपटक | आवासक्षेत्र |
| | जोखिममा परेको समुदायको सांस्कृतिक र धार्मिक अभ्यास | जीवनशैली, मान्यता र सीप हस्तान्तरणमा परिवर्तन | अवलोकन र स्थानीय मानिसहरुसँग छलफल | परियोजना शूरु हुनु अगावै एकपटक | परियोजना क्षेत्र |
| | स्वास्थ्य र सरसफाई | पाइएका रोगको प्रकार र घटनाहरु | अवलोकन र स्थानीयहरुसँग र हेल्थ पोष्टका कर्मचारीसँग छलफल | परियोजना शूरु हुनु अगावै एकपटक | परियोजना क्षेत्र र हेल्थ पोष्ट |
| | स्थानीय पूर्वाधार | विद्यमान पानीको स्रोतमा चाप र प्रभाव | अवलोकन र स्थानीय मानिसहरुसँग छलफल | परियोजना शूरु हुनु अगावै एकपटक | परियोजना क्षेत्र र गाविस |
| टेबल ३.६: अनुगमन मापदण्ड, सूचक विधि, समयतालिका र स्थान | | | | | |
| प्रकार | मापदण्ड | सूचक | विधि | समयतालिका | स्थान |
| | | पानीको गुणस्तर र स्वास्थ्य सेवा | | | |
| | स्थानीय अर्थतन्त्र | स्थानीय अर्थतन्त्रको अवस्था | अवलोकन र स्थानीयहरु छलफल | परियोजना शूरु हुनु अगावै एकपटक | परियोजना क्षेत्र |
| | जोखिममा परेको समुदायमा ग्रामीण जीवनको गुणस्तर | जोखिममा परेको समुदायको अवस्था | अवलोकन तथा छलफल | परियोजना शूरु हुनु अगावै एकपटक | परियोजना क्षेत्र |
| २. प्रभाव अनुगमन | | | | | |
| २.१ निर्माण चरण | | | | | |
| सामाजिक, आर्थिक र सांस्कृतिक | स्थानीय पूर्वाधार | विद्यमान पानीको स्रोतमा चाप र पानीको गुणस्तर र स्वास्थ्य | अवलोकन र स्थानीयहरुसँग छलफल | त्रैमासिक | परियोजना क्षेत्र र गाविस |

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण | | सेवामा प्रभाव | | | |
| | स्वास्थ्य र सरसफाई | रोगका घटनाहरु | अवलोकन र स्थानीयहरुसँग छलफल | त्रैमासिक | जोखिममा परेको समुदाय र गाविसहरु |
| | सांस्कृतिक तथा धार्मिक अभ्यासहरु | जीवनशैली, मूल्य र मान्यता र सीप हस्तान्तरण | अवलोकन र स्थानीयहरुसँग छलफल | त्रैमासिक | परियोजना क्षेत्र |
| | विद्यमान कानुनी शासनको अवस्था | विद्यमान कानुनी शासनको अवस्थामा परेका प्रभावका घटनाहरु | अवलोकन र स्थानीयहरुसँग छलफल | साप्ताहिक | परियोजना क्षेत्र |
| | स्थानीय अर्थतन्त्रमा आएको परिवर्तन | परियोजनामा रोजगारी पाएका स्थानीयको संख्या र अन्य आर्थिक गतिविधिमा संलग्नको संख्या | अवलोकन र रेकर्डको पुनरावलोकन | त्रैमासिक | परियोजना क्षेत्र |
| | लैङ्गिक अवस्था | सम्भावित विभेद | अवलोकन र स्थानीयहरुसँग छलफल | साप्ताहिक | परियोजना क्षेत्र |
| २.१ संचालन चरण | | | | | |
| सामाजिक र सांस्कृतिक वातावरण | कृषिजन्य उत्पादन | समुदायको जीविका चलाउने पारा (ढाँचा) | अवलोकन र छलफल | बार्षिक | परियोजना क्षेत्रमा जोखिममा परेको समुदायको |
| | जोखिममा परेको समुदायको लागि स्थानीय रोजगारीको अवसर | संचालन चरणमा रोजगारी पाएका स्थानीयको संख्या | रोजगारीको सूचि को अवलोकन र विभिन्न तरीका र पद्धतिबाट परीक्षण | बार्षिक | परियोजना कार्यालय |
| | पेशागत स्थास्थ्य र सुरक्षा | घटेका घटनाहरु | अवलोकन र छलफल | बार्षिक | परियोजनाबाट प्रभावित गाविस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | र कार्य क्षेत्रहरु |
| | जोखिममा परेको समुदायको गुणस्तरीय जीवन | स्थानीय मानिसहरुको अवस्था | अवलोकन र छलफल | बार्षिक | परियोजनबाट प्रभावित क्षेत्रहरु |
| ३. नियम कानूनको पालनाको अनुगमन | | | | | |
| ३.१ निर्माण चरण | | | | | |
| | भीसीडीपीको कार्यान्वयन | नियमित र सफल | भीसीडीपीको स्थापना | परियोजना शूरु हुनु पहिले एकपटक | - |
| टेबल ३.६: अनुगमन मापदण्ड, सूचक विधि, समयतालिका र स्थान | | | | | |
| प्रकार | मापदण्ड | सूचक | विधि | समयतालिका | स्थान |
| | | भीसीडीपीको कार्यान्वयन | परियोजनाको दस्तावेजमा दिइएको सिफारिस | | - |
| | टेण्डर डकुमेन्टबाट ठेकेदारको प्रस्तावित कार्ययोजनामा भीसीडीपीको कुरा समावेश गरिएको | ठेकेदारले बुझाएको प्रस्तावित कार्ययोजनाको पुनरावलोकन | भीसीडीपी अवधारणबमोजिम टेन्डर डकुमेन्टबाट ठेकेदारको कार्ययोजनामा व्यवस्था हुनु | कन्ट्राक्ट सम्झौता गर्ने बेलामा | - |
| | भाडामा लिदा प्राथमिकता | जोखिममा परेको समुदायबाट स्थनीय कर्मचारीको संख्या | रोजगारको सूचिको रुजू गर्ने | त्रैमासिक | - |
| | टेन्डरमा उल्लेख भएको बुँदाहरुको पालना | भीसीडीपीको कार्यान्वयन | अवलोकन र छलफल | मासिक | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | भीसीडीपीको कार्यान्वयन र अनुगमनका लागि आवश्यक पर्याप्त बजेट विनियोजन | बजेट निस्काशन | सम्बन्धित निकायसँग छलफल | त्रैमासिक | - |
| ३.२ संचालन चरण | | | | | |
| | भीसीडीपीको कार्यान्वयन | भीसीडीपीको सफल कार्यान्वयन | जोखिममा परेको समुदायसँग छलफल र अवलोकन | बार्षिक | परियोजना क्षेत्र |
| | बजेट बिनियोजन | भीसीडीपीमा खर्च र अनुगमन कार्य | सम्बन्धित निकायसँग छलफल | बार्षिक | - |

यसैगरी, भीसीडीपीको उद्देश्यबमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको सुनिश्चित गर्ने उद्देश्यले निम्न आन्तरिक अनुगमन तथा बाहृय मूल्यांकन गतिविधिहरु प्रस्ताव गरिएको छ ।

*आन्तरिक अनुगमन*

आन्तरिक अनुगमनका गतिविधिहरु परियोजनाको सोसल सेल (social cell) मार्फत् गरिनेछ । भीसीडीपीको कार्यान्वयनको अनुगमन गर्न माथिको टेबल ३.६ मा अनुगमन सूचकहरु उल्लेख गरिएको छ । अनुगमनको मुख्य उद्देश्यमा भीसीडीपीको कार्यान्वयन गर्दा यसका उल्लेखित उद्देश्यहरु अनुरुप काम भएको र समुदायसँग परामर्श लिइएकोवारे सुनिश्चित गर्नु हो ।

*सहभागितामूलक अनुगमन*

जोखिमयुक्त समुदाय, गाविस र स्थानीय समुदाय, गैरसरकारी संस्था र सोसल सेलका सदस्यहरु समेत रहेको समितिले भीसीडीपी कार्यान्वयन गर्दा उत्तरदायीपूर्ण व्यवस्थापनमा मद्दत एवम् सुनिश्चित गर्न सहभागितामूलक अनुगमन गरिनेछ । समितिले भीसीडीपी कार्यान्वयनको परिणाममा भीसीडीपीको मुख्य उद्देश्य प्राप्ति भएको सुनिश्चित गर्न स्वतन्त्र अनुगमन गर्नेछ ।

*बाह्य मूल्यांकन*

भीसीडीपी कार्यान्वयनको बाह्य मुल्यांकन परियोजनाले नियुक्त गरेको तेस्रो पक्षले गर्नेछ । बाह्य अनुगमन भीसीडीपी को कार्यान्वयनको मध्यावधिमा एकपटक र सम्पन्न भएपछि एक पटक गरिनेछ ।

# परिच्छेद चार : लैङ्गिक कार्ययोजना

## ४.१ परिचय

यद्यपि महिलाले कुल जनसंख्याको आधा हिस्सा ओगट्छन् तर समाजमा अझैपनि लैङ्गिक हिंसा विद्यमान छ । उनीहरुको ज्ञान, आर्थिक स्रोत, राजनीतिक शक्ति र निर्णय प्रक्रियामा व्यक्तिगत स्वायत्तता आदि सम्बन्धमा नेपालका महिलाहरुको स्थिति कमजोर छ । छोरीहरुले विवाहपश्चात् पैत्रिक सम्पत्तिमाथिको अधिकार गुमाउँछन् । महिलाहरुको उच्च सरदर कार्यबोझको बावजुद, जुन प्रतिदिन १६ घण्टा भनेको विश्वकै सरदरभन्दा पनि बढी छ (नेपाल मानव विकास प्रतिवेदन २००४)उनीहरु अझैपनि उत्पादनमूलक स्रोतमा पहुँच र नियन्त्रण राख्दैनन् । १० प्रतिशत महिलाहरुले मात्रै जग्गाको स्वामित्व पाएका छन् र केवल ५.५ प्रतिशत महिलाको मात्र आफ्नै घर छ (केन्द्रीय तथ्यांक विभाग २००४) । महिलाहरु सबैजसो समाजिक समूह र क्षेत्रमा समकक्षी पुरुषभन्दा अझै बढी विपन्न रहेको पाइन्छ भने विधवा, छुट्टभिन्न भइ बसेका, पारपाचुके गरेका र घरमूली भएका महिलाहरु खासगरि झनै संवेदनशील छन् । यसैगरी आर्थिक स्रोत र जनजीविकाको स्वतन्त्र छनौटमा सीमित पहुँच हुनुको कारणले सबै समुदायका महिलाहरु उत्तिकै जोखिमा परेका छन् र जो नेपालमा रहेको चरम गरिबी भोग्नुपर्ने स्थायी खतरामा छन् । मानव विकास प्रतिवेदन २०११ का अनुसार, नेपाल विश्वका १४६ मुलुकहरुमध्ये लैङ्गिक असमानताको सूचकमा १२३ औं स्थानमा रहेको र विश्वव्यापी लैङ्गिक भेद ( Global Gender Gap) (२०१२) अनुसार कुल १३५ देशमा १०५ औं स्थानमा रहेको छ । कूल महिलाको ६३ प्रतिशत महिलाहरु श्रम गर्दछन् तर महिलाहरुको आर्थिक योगदानको मूल्यांकन गरिदैन किनभने उनीहरुले परापूर्वकालदेखि गर्दै आएको कामलाई खासै महत्व दिइदैन । रोजगारी पाएका महिलाहरु पनि पुरुषको तुलनामा सामान्यतया २५ प्रतिशत कम ज्याला पाउँछन् । धेरैजसो गाउँघरमा, उनीहरुको घरबाहिरको काम भनेको सामान्यतया खेती लाउने, गोडमेल गर्ने तथा खेती स्याहार्नेमै सीमित थियो । शहरतिर भने, उनीहरु घरायसी काम तथा परम्परागत पेशाको अलावा सरकारी सेवामा र खासगरी तल्ला तहका जागिरमा महिलाहरु लागेका पाइन्छन् ।

महिलाहरुको अवस्थालाई मापन गर्ने एउटा आधार भनेको उनीहरुले हासिल गरेको शैक्षिक उपलब्धि हो । यद्यपि संविधानले महिलाहरुलाई समान शैक्षिक अवसरको व्यवस्था गरेको छ , तर पनि विभिन्न सामाजिक, आर्थिक र सांस्कृतिक कारणहरुले केटीहरुको विद्यालय भर्नादरमा कमी र बीचैमा कक्षा छोड्ने दर उच्च रहेको छ । महिलालाई समान अवसर र अवस्थामा ल्याउनमा उनीहरुले लेखपढ गर्न नजान्नु मुख्य तगारो बनेको छ । पितृसत्तात्मक समाजले लादेको एकपछि अर्को जटिल समस्याहरुको चक्रमा उनीहरु फसेका थिए । उनीहरुको कमजोर अवस्थाले उनीहरुकै शिक्षामा अवरोध खडा गर्‍यो जसले गर्दा उनीहरुको अवस्था र दर्जामा झन् सीमितता थपिदियो । यद्यपि महिलाको साक्षरता दर केही बर्षहरुमा उल्लेख्य सुधार भएको भए पनि नब्बेको दशकको शूरुतिर पुरुषको तुलनामा उक्त दर निकै नै तल थियो ।

परियोजना क्षेत्रमा पनि महिलाको जनसंख्या झण्डै ५० प्रतिशत रहेको छ, तथापि सर्भेक्षणको गर्दा महिलाले चलाएका घरहरु जम्मा ८ वटा मात्र पाईयो भने जसमा सरदर परिवारको आकार ६ रहेको थियो । केही मात्रै लेखपढ गर्न जानेका महिलाहरु घरमूली भएका घरपरिवार राम्रै आम्दानी हुने आर्थिक गतिविधिमा सहभागी भएपनि समग्रमा गरीब छन् किनकि उनीहरु अधिकांश खेतीपाती या गैर-खेतीपातीका क्रियाकलापमा दैनिक ज्यालादारीमा काम गर्दछन् । प्रत्येक घरधुरीको बार्षिक आम्दानी रु १५०,००० मात्रै छ र त्यो कमाईको ७० प्रतिशत आम्दानी खानेकुरा किन्नमै खर्च हुन्छ र शिक्षा र अन्य मनोरञ्जनका लागि भने थोरै मात्र बाँकी रहेको हुन्छ । महिला घरमूली भएको घरमा तीन महिनाभन्दा बढीलाई खान पुग्ने खाद्यसुरक्षा छैन । छलफल प्रक्रियामा सहभागी कुनै पनि महिलाको न घरमा न त समुदायमा नै निर्णय गर्ने प्रक्रियामा सहभागिता छ । परियोजना क्षेत्रमा रहेका महिलाहरुको आर्थिक र समाजिक अवस्थालाई हेर्दा उनीहरुको आर्थिक र समाजिक विकाससँग सम्बन्धित मुद्दाहरुलाई परियोजनाको क्षेत्रभित्र पार्नु अत्यन्त जरुरी छ ।

## ४.२ लैङ्गिक परामर्श

महिलाहरुसँग परामर्श गर्दा मुख्य दुईवटा उदेश्यहरुसहित गरिएको थियो क) परियोजनामा महिलाका विशिष्ट मुद्दाहरुको पहिचान र २) परियोजनाका विभिन्न गतिविधिहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने । हरेक परामर्श बैठकमा महिलाहरुको सहभागितालाई प्रोत्साहित गर्दै उनीहरुका भनाई र विचारहरु सुनिएको थियो । टेबल ४.१ म छलफलका मुद्दाहरु उल्लेख गरिएको छ । पावरहाउस नजिकै बेल्टारी क्षेत्रमा गरिएको समूह छलफलमा कुल २० जना महिलाहरुको सहभागिता थियो । उनीहरुले उठाएका बिषयहरु र दिइएका जवाफहरु तलको टेबलमा उल्लेख गरिएको छ ।

टेबल ४.१ छलफलमा महिलाहरुले उठाएका सबालहरु

| उठाइएका सबालहरु मुद्दाहरु | ती सबालहरुमा दिइएका जवाफ |
|---|---|
| बेल्टारीको एनइएको क्याम्पमा रहेको विरामीकक्षको निरन्तर संचालनवारे | बेल्टारीस्थित (पावरहाउस क्षेत्र) विद्यमान विरामी कक्षलाई तालिमप्राप्त कर्मचारीसहित संचालनमा ल्याउने कुरा प्रस्ताव गरियो । |
| महिलालाई रोजगारीको अवसर | परियोजना कार्यान्यवयन अवधिमा स्थानीय महिलालाई प्राथमिकता दिइनेछ । |
| बेल्टारीमा सिंचाई र खानेपानी आपूर्तिमा मर्मतसम्भार गर्ने | विद्यमान सिंचाई र खानेपानी आपूर्तिमा मर्मतसम्भारको काम प्रस्ताव गरियो । |
| साइरन वार्निङ् सिष्टमलाई प्रभावकारी बनाउने | साइरन सिष्टमलाई प्रभावकारी बनाइनेछ । |

## ४.३ परियोजनामा महिलाको सहभागिता

विकासको अनुभवले देखाएअनुसार महिलाहरुसँग परामर्श गर्नु र उनीहरुलाई नै विकल्पहरु दिएर सुसूचित भइ छनौट गर्न सक्षम गराउने एवम् आफ्नो विकासका लागि आफैं निर्णय गर्ने बनाउनु पनि उत्तिकै आवश्यक छ । निम्न क्षेत्रमा मुख्यतया महिलाहरुको सहभागिताको लागि व्यवस्था गरिएको छ ।

**टेबल ४.२ परियोजनामा महिलाको सहभागिता**

| **मुख्य सूचकहरु** | **परियोजनाले चालेका कदमहरु** |
|---|---|
| सबै बैठकहरुमा विभिन्न सामाजिक र आर्थिक अवस्था भएका समूहका महिलाहरुको प्रतिनिधित्व र उपस्थिति | सबै बैठकमा महिलाहरुको प्रतिनिधित्व भएको छ । बैठक / परामर्शहरु महिलाहरुको अनुकूल समयमा परियोजना गरिएका छन् जसका कारणले उनीहरुको उल्लेख्य सहभागिता सुनिश्चित गर्न सकिनेछ । |
| बैठक गर्ने स्थान महिलाहरुसँगको छलफलको अधारमा तय गरिन्छ जसका कारणले उनीहरु छलफलमा स्वतन्त्र र निश्चिन्त भएर भाग लिन सक्दछन् । | समान्यतया बैठकस्थलको छनौट सहभागीहरुले गर्दथे । बैठक गाउँमै गरिन्थ्यो अथवा सबैलाई पायक पर्ने गाउँ छिर्ने ठाउँमा परियोजना हुन्थ्यो । |
| महिला सहयोगी वा महिलाहरुको समूहमार्फत् वा औपचारिक अथवा अनौपचारिक सञ्जाल मार्फत् काम गर्ने | इएसएसडीले समाजिक परीक्षण अध्ययन गर्दा महिला अनुसन्धाताहरुलाई जागिर दिएको थियो र मुख्य समूहमा कम्तीमा एकजना महिलालाई नियुक्ति गरेको थियो । |
| समाजिक डकुमेन्टको तयारी एवम् पुनरावलोकनमा महिलाको संलग्नता | कम्युनिटी सपोर्ट कार्यक्रम र भीसीडीपी महिला र पुरुष मिश्रित समूहमा र महिलाको र पुरुषको छुट्टाछुट्टै समूहमा खुलासा गरिनेछ । महिला विशेष गतिविधिहरु महिला सदस्यहरुसँग परामर्श गरेर मात्र अन्तिम रुप दिइको थियो । |
| कार्यान्वयन र अनुगमनमा महिलाको संलग्नता र सहभागिता सुनिश्चित गर्ने | निर्णय गर्ने प्रक्रियामा महिलाहरुको नाममात्रैको सहभागिता हुने कुरालाई रोक्नको लागि गतिविधिको प्राथमिकता तय गर्दा र कार्यान्वयनको |

| | |
|---|---|
| | अनुगमनमा महिलाहरुको सहभागिताका लागि हौसला प्रदान गरिदैछ । अनुगमन र मूल्यांकन गर्दा महिलाहरुको सहभागिताको सम्भावना पनि उत्तिकै छ । महिलाहरुलाई लाभ पुर्‍याउने सम्बन्धमा परियोजनाको अनुगमन गर्दा उनीहरुको सहभागिताको खाँचो पर्दछ र यसले प्रक्रियामा अझ बढी पारदर्शी ल्याउनेछ । महिलाको सहभागिता बढाउनका लागि अझ राम्रो र सौहार्द्रपूर्ण वातावरण मिलाएर महिलाहरुलाई उनीहरुको विचारअनुसार नै परियोजनाको नतिजा मूल्यांकन गर्न उत्साहित गरिनेछ र उनीहरुले दिएको महत्वपूर्ण सुझावहरुलाई मनन गर्दै परियोजनाका गतिविधिमा आवश्यक सुधार गरिनेछ । |
| सामाजिक र सांस्कृतिक कारणले योजना, कार्यान्वयन र पुनर्वास गतिविधि संचालन गर्दा महिलाहरुको सहभागिता नुहन सक्दछ । | इएसएसडी कार्यक्रम उच्च वर्गका पुरुषमार्फत् संचालन हुदैन, जसले समग्रमा त्यस समुदाय र खासगरी महिलाहरुको प्रतिनिधित्व गर्दैनन् । पुरुषको पूर्वाग्रहले प्रचलित संस्थामा महिलाको अधिकार र विपन्न संवेदनशील महिलालाई होच्याउन नदिनेगरी महिलाको सहभागिता सुनिश्चित गरिएको थियो । परियोजनाले बढी नै पीडित भएका महिला घरमूली भएको घरलाई संवेदनशील मानेको छ । |
| के महिलाहरुले प्रस्तावित परियोजना र पुनर्वास योजनाको वारेमा थाहा पाएका छन् त? | कम्युनिटी सपोर्ट कार्यक्रम बनाउँदा महिलाहरु सहभागी भएका थिए र उनीहरुको मतलाई ठाउँ दिइएको थियो । आर्थिक उपार्जन गतिविधि र कार्यक्रम कार्यान्वयनमा अनुगमन गर्न सहभागी गराउने जस्ता विषयमा महिलाहरुका विचार सुन्नका लागि महिला सहयोगीहरुका साथ उनीहरुसँग छुट्टै बैठक परियोजना गरिएको थियो । सोसल डेभलप्मेन्ट अफिसरले समुदाय अनुगमन समूहमा महिलाको प्रतिनिधित्व भएको सुनिश्चित |

| | |
|---|---|
| | गर्नेछ । |
| समाजिक र आर्थिक सर्भेक्षणमा महिलाको समावेश ? | सबै घरधुरीको लागि तपसील समेतका लिङ्ग अनुसार छुट्टाछुट्टै तथ्यांक संकलन गरिएको थियो ।<br>● स्वामित्व र स्रोतको उपयोग<br>● अर्थ र स्रोतको उपयोगसम्बन्धमा निर्णय लिने विषय<br>● महिलाको औपचारिक र अनौपचारिक आयआर्जन गर्ने गतिविधि<br>● पाल्तु जनावर, करेसावारी र वनजंगलको उपयोगमा महिलाहरुको निर्भरता कुन हदसम्म छ<br>● महिलाका सीपहरु |
| लैङ्गिक मुद्दाहरु सम्बोधन गर्नका लागि आयआर्जन गर्ने कार्यक्रमहरु | समाजिक प्रभाव सर्भेक्षण गर्दा, महिलाका विद्यमान सीपको तहवारे बुझिएको थियो । एसआइएले खानेकुरा, घाँसदाउरा, पानी आदि संकलन गर्ने र खेतीपातीमा पनि सहकार्य गर्नेजस्ता कार्यहरुले महिलाको भूमिका जटिल भएको उल्लेख गरेको थियो । परियोजना वरपर क्षेत्रका प्रत्येक गाउँमा स्वाबलम्बन समूह (सेल्फ हेल्प ग्रुप) मार्फत् महिला सहभागिताको शुरुवात गरिनेछ । नयाँ सेल्फ हेल्प ग्रुप गठन गर्न वा पहिले नै रहेको उक्त ग्रुप भए त्यसलाई व्युँताउनका लागि मद्दत गर्न महिला सदस्यहरुसँग विशेष परिचय तथा छलफलको कार्यक्रम परियोजना गरिनेछ । ती ग्रुपलाई तालिम दिनुका साथै विभिन्न स्थानको भ्रमण गराइनेछ । इएसएसडीको कार्यान्वयनका बेलामा विद्यमान आम्दानी वृद्धि गर्ने अवसरहरुको |

| | |
|---|---|
| | खोजी पनि गरिनेछ । |

### ४.३.१ निर्माण कार्यमा महिलाहरुलाई सहभागिता

निर्माण ठेकेदारले विभिन्न स्थानमा निर्माण क्याम्पको स्थापना गर्नेछन् जहाँ निर्माण गर्ने कामदारहरुको लागि आवश्यकतानुसार आधारभूत सुविधाहरुसहितको अस्थायी आवासको अन्य संरचनाहरु पनि उपलब्ध गराईनेछ । परियोजनामा मेशिनले काम गर्नुपर्ने थुप्रै ठाउँमा निर्माण कार्यमा लागेका कामदारहरु धेरैजसो उच्च सीप भएका हुनेछन् । त्यसको अलावा कुनै खास सीप नभएको मजदुर पनि आवश्यक पर्दछ जहाँ महिलाहरुले काम गर्नेछन् । त्यसबाहेक, दक्ष र अर्द्धदक्ष कामदारहरुका परिवारसदस्य महिलाहरु पनि कन्स्ट्रक्सन क्याम्पमा बस्दछन् र उनीहरु पनि अप्रत्यक्ष रुपमा निर्माण कार्यमा संलग्न हुनेछन् ।

कामदारका परिवारमा बालबालिकाहरु पनि हुनेछन् । त्यसैले धेरैजसो कामदारहरुमा पुरुष र महिलाहरु हुनेछन् र उनीहरु एक ठाउँबाट अर्को ठाउँ बसाई सर्दै काम गरी हिड्ने खालका हुनेछन् । तर खासगरी अदक्ष कामका लागि स्थानीय जनशक्तिको सहभागितालाई पुरै नकार्न सकिएन । त्यसैले, स्थानीय जनशक्तिमा स्थानीय महिलाको पनि सहभागिता हुनेछ । प्रत्यक्ष र अप्रत्यक्ष रुपमा निर्माण गतिविधिमा महिलाको सहभागिता हुने कुरालाई मध्यनजर गर्दै कन्स्ट्रक्सनको चरणमा खासगरी त्यस्ता महिला र उनीहरुका बालबालिकाको हितका निमित्त केही अबलम्बन गरिनु जरुरी छ ।

### ४.३.२ कन्स्ट्रक्सन क्याम्पमा महिलाहरुको लागि विशेष व्यवस्था

निर्माणकार्यमा पुरुषसँगै आउने उसको परिवारका सदस्यहरु पनि निर्माण कार्यमा संलग्न हुन सक्छन् र उनीहरु मान्छे बस्न लायक नभएको अस्थायी क्याम्पमा बसोबास गर्नुपर्ने हुन्छ भन्ने कुरा औल्याउनु जरुरी छ । उनीहरुले धेरै नै खराब अवस्थाको सामान गर्नुपर्ने हुन्छ जुन कुरालाई मध्यनजर गर्दै सबै कन्स्ट्रक्सन क्याम्पमा बसोबास गर्ने महिला र बालबालिकालाई समेट्ने गरी केही कल्याणकारी व्यवस्थाहरुको योजना यो भागमा उल्लेख गरिएको छ ।

*अस्थायी आवास*

निर्माण कार्य चरणमा श्रमिक र कामदारको परिवारलाई एकल परिवार सुहाउँदो आवासको व्यवस्था गरिनेछ ।

*स्वास्थ्य केन्द्र*

कन्स्ट्रक्सन क्याम्पको लागि अस्थायी रुपमा स्थापना गरिएको स्वास्थ्य केन्द्रमा आधारभूत हेल्थकेयर सुविधाहरु उपलब्ध गराई श्रमिक र कामदारको स्वास्थ्य जाँच गरिनेछ ।

उक्त स्वास्थ्य केन्द्रमा न्यूनतम एकजना अतिथि चिकित्सक, नर्स, सामान्य कर्मचारी र निःशुल्क औषधी तथा न्यूनतम मेडिकल सुविधा रहने र केन्द्रले प्राथमिक उपचारको आवश्यकता अथवा सानातिना दुर्घटनालाई सम्बोधन गर्न, खास विरामी र गम्भीर रोगीहरुलाई नजिकको ठूलो हस्पिटलमा सिफारिस गर्न संयोजनको भूमिका खेल्नेछ । यसबाहेक केन्द्रमा बालबालिकालाई आवश्यक पर्ने खोपहरु पनि उपलब्ध हुनेछ । एनइएले विद्युत्घर नजिकै विरामी कक्षको पुनः शुरुवात गर्न सहमत भइसकेको छ ।

*शिशु स्याहार सुविधा*

शिशु र साना नानीहरुसितका महिला कामदारहरु पनि निर्माण क्षेत्रमा हुनेछन् । निर्माण कार्यमा खटिने महिलाको समस्या समाधान गर्न शिशु स्याहार सुविधाको व्यवस्थाले बच्चासहित भएका आमा कामदारहरुलाई आफू काममा जाँदा उनीहरुले त्यहाँ बच्चा छोड्न सक्दछन् । स्याहार केन्द्रमा कम्तीमा वच्चाहरुको हेरचाह गर्न एकजना तालिमप्राप्त कर्मचारीको व्यवस्था गरिनेछ । त्यस्तो कर्मचारी सकेसम्म महिला नै रोजिनेछ र जसले बच्चाहरुलाई राम्रोसँग हेरचाह गर्नेछ । इमर्जेन्सीको अवस्थामा त्यस तालिमप्राप्त कर्मचारीले बालबालिकाको स्वास्थ्यमा आइपर्ने समस्या समाधान र नजिकको स्वास्थ्य केन्द्रसँग समन्वय गरी उपचारको व्यवस्था गर्नेछ ।

*निर्माण कार्यको उपयुक्त समयतालिका*

द्रुत निर्माण कार्यको मागको कारणले २४ घण्टे कार्यतालिका संचालनमा ल्याइनेछ । सम्भव भएसम्म महिलालाई रातको समयमा काम गर्न लागाइनेछैन ।

*शिक्षा*

निर्माण कार्यमा संलग्न श्रमिकहरु मुख्यतया निरन्तर एक ठाउँबाट अर्को ठाउँमा सरिरहने समूहहरु हुन् । तिनीहरु आफ्नो परिवारलाई सँगै लिएर एक ठाउँबाट अर्को ठाउँमा सरिरहन्छन् । त्यसैले उनीहरुका छोराछोरीलाई कार्यस्थल नजिकै पढाउने वातावरण बनाउनु जरुरी हुन्छ । कन्स्ट्रक्सन क्याम्प नजिकै कम्तीमा प्राथमिक स्कूलको व्यवस्था गर्नु आवश्यक हुन्छ । सम्भव भएको ठाउँमा प्राथमिक शिक्षासँगै शिशु स्याहार केन्द्रको पनि स्थापना गर्न सकिन्छ अथवा श्रमिकहरुको केटाकेटीलाई केजीएएचपीपी को ड्याम क्षेत्रको बोटे प्राथमिक विद्यालयमा भर्ना हुन अनुमति दिइनेछ ।

*एसटीडी र एड्स नियन्त्रणमा विशेष उपाय अपनाइने*

कन्स्ट्रक्सन क्याम्पमा सामान्यतया श्रमिकहरुमा एक्ला वयस्क पुरुषहरु नै बढी पाइन्छन् । उनीहरुले यौनरोग फैलाउँन भूमिका खेल्दछन् । कन्स्ट्रक्सन क्याम्प र वरपरका क्षेत्रमा उनीहरु धेरै महिलाहरुसँग शारीरिक सम्बन्ध राख्ने गरेका पाइन्छन् । यस्तो अस्वस्थ यौन व्यवहारले एसटीडि र एड्स रोगमा वृद्धि

आउदँछ । त्यस्तो गतिविधि रोक्न कठिन हुने भएकोले त्यस्ता रोगहरुको रोकथाम गर्ने व्यवस्थामा ध्यान दिनु बुद्धिमानी हुन्छ । लक्ष्यित वर्गलाई एचआईभी एड्सको बारेमा सचेतना कार्यक्रम चलाउन र निर्माण क्याम्प र वरिपरिका गाउँहरुमा पुरुषहरुलाई सहुलियत दरमा कण्डम उपलब्ध गराउने र जसका कारणले ती पुरुष कामदारहरुले त्यस्तो खतरनाक रोग सार्नबाट रोक्न ठूलो भूमिका खेल्दछन् ।

*महिलाहरुको संलग्नता हुन सक्ने क्षेत्रहरु*

परियोजनाको विभिन्न तहमा महिलाहरुलाई संलग्न गराउन तपसिल का प्रस्ताहरु तयार गरिएको छ ।

*कार्यान्वयन अवधिमा महिला म्यानेजरहरु*

एसएपी र भीसीडीपी कार्यान्वयन गर्नको लागि इएसएसडीले विभिन्न सेवाहरु खरीद गर्ने वा एनइएले स्थानीय गैरसरकारी संस्थामार्फत् सेवा खरीद गर्ने ।

- इएसएसडी / एनजीओले एक मुख्य व्यक्तिका रुपमा कम्तीमा एक जना महिला प्रस्तावमा हुनुपर्ने । प्रस्तावित मुख्य महिला कम्तीमा सम्झौताको अवधिभर ५० प्रतिशत समयका लागि वर्कसाइटमा उपलब्ध हुनुपर्दछ ।

- सम्झौतामा छनौट भएकी उक्त मुख्य महिलालाई सम्झौताअवधिमा उनको जस्तै योग्यता र अनुभव भएको महिलालाई नियुक्ति गरेर मात्र विस्थापित गरिनेछ ।

- इएसएसडी/एनजीओले वर्क साइटमा एक प्राविधिक/व्यवसायिक टोली खटाउनेछ । त्यस टोलीमा कम्तीमा ३३ प्रतिशत महिलाहरु समाविष्ट हुनेछन् । तल्लो तहको सहयोगी र प्रशासनिक कर्मचारीलाई प्राविधिक मानिने छैन ।

### ४.३.३ महिला स्वावलम्बन समूह (एसएचजी)

इएसएसडी/ एनजीओले समूह गठन गर्न इच्छुक महिलाहरुको पहिचान गर्ने प्रक्रिया थाल्नेछ । उक्त समूह सरकारले बनाएको मूल्यमान्यता अनुरुप बन्नेछ । सम्भव भएसम्म एउटै गाविसका महिलाहरुको सम्मूह गठन गरिनेछ । एसएचजीमा न्यूनतम संख्या भन्दा कम भएका ठाउँका महिलाहरुलाई नजिकमा पर्ने अर्को समूहमा समायोजन गरिनेछ । सीप विकास कार्यक्रम र आर्थिक सहयोग उक्त समूहहरुमार्फत् नै गरिनेछ ।

मुख्यतया जोखिममा परेका महिला घरमूली भएको घरधुरीलाई लक्ष्यित गरी लघु ऋण सहयोग कार्यक्रम बनाइनेछ । साना आयआर्जनमूलक परियोजनाहरुको लागि ऋण प्रवाह गर्न अक्षय कोषको रुपमा आवश्यक रकम विनियोजन गरिनेछ ।  कार्यक्रमको दीर्घकालीन दिगोपनाका लागि स्थानीय ऋण समूह वा कृषि विकास बैंकको स्थानीय कार्यालयसँग समन्वय र सम्पर्क स्थापना गरिनेछ । यसबाहेक,

महिलाहरुको जनजीविकाको पुनर्स्थापना वा परियोजना कार्यान्वयनपूर्वको तुलनामा थप सुधार ल्याउन निम्न उपायहरु अवलम्बन गरिनुपर्दछ ।

- उपलब्ध साधन स्रोत र यसअघि नै महिलाहरु संलग्न भएको उद्यमलाई पनि ध्यान दिदै महिलाहरुको क्षमताअनुसारका गतिविधिमा संलग्न गराई उनीहरुले भरपर्दो आम्दानी गरेको सुनिश्चित गर्ने खालका आय आर्जनमूलक कार्यक्रमहरु बनाइनेछ ।

- गैरकृषिमा रोजगारी हुने खालका जस्तै सिलाइ र बुनाई, किराना पसल, स्थनीय उत्पादनको मार्केटिङ् ( किन्ने र बेच्ने) वा स्थानीय उत्पादनको प्रसोधन गर्ने जस्ता सीपमूलक तालिम दिएर महिलाको पहुँच वृद्धि गर्न क्षमता अभिवृद्धि सहयोग उपलब्ध गराइनेछ ।

- महिलालाई सामाजिक र आर्थिक मूलधारमा ल्याउन सामाजिक चेतनामूलक अभियान तथा तालिमहरु परियोजना गरिनेछ ।

- परियोजनाले निर्माण अवधिमा तालिम र सल्लाहकारको सहयोग उपलब्ध गराई महिलाहरुको समुदायमा आधारित र गैरसरकारी संस्थाहरुलाई सबलीकरण गर्नेछ ।

## ४.४ परियोजना चक्रमा लैङ्गिक सबालहरुलाई सम्बोधन गर्ने

योजनाले विभिन्न गतिविधि र कार्यक्रममार्फत् लैङ्गिक मुद्दाहरुलाई सम्बोधन गर्ने प्रयास गर्नेछ । कार्यान्वयन संयन्त्रमा विभिन्न संस्थाहरुको भूमिका, अगाडिका मूल्यांकन गर्ने सूचकहरु र रुजू गर्ने प्रणालीहरु तोकिएको छ । लैङ्गिक विकास योजनालाई समयतालिकामा राख्न प्रत्येक गतिविधि कार्यान्वयनको लागि समयतालिका पनि तोकिएको छ ।

## टेबल ४.३ परियोजना चक्रमा लैङ्गिक मुद्दाहरु

| क सं | सबाल | गतिविधि | कार्यान्वयन | सूचक | रुजू गर्ने प्रणाली | समयसीमा |
|---|---|---|---|---|---|---|
| **परियोजनाको योजना चरण** | | | | | | |
| १. | परियोजना क्षेत्रका महिलालाई परियोजनाबारे जानकारी दिने | परियोजनावारे सूचना अभियान (सामाजिक छलफल, लिखित सामग्रीहरु र अखबारहरु) सबै तहका महिला र सेवाग्राहीहरुकोमा पुग्ने | परियोजना र इएसएसडी /एनजीओ | • महिला /सेवाग्राहीहरु परियोजनाको मुख्य तत्ववारे परिचित हुने | सामाजिक परीक्षण र परामर्शदाताको अनुगमन तथा मूल्यांकनमार्फत् प्रतिक्रिया | परियोजना कार्यान्वयनको चार भाग मध्ये दोश्रो भागमा (सकेन्ड क्वार्टर) |
| २. | सबै तहका महिलाहरु परियोजनाको योजना बनाउने प्रक्रियामा सहभागी हुने | इएसएसडीको स्थापना र परियोजनाको कार्यालयमा र स्थानीय सरकारको तहमा परियोजना 'अनुगमन समूह'लाई तालिम दिन नियुक्त गरिएको लैङ्गिक विशेषज्ञ । परियोजनाको अनुगमन समूहले परियोजनाका पीरमर्का र गुनासो निवारण गर्ने महिला सदस्यहरुलाई तीन - तीन महिनामा भेट्दछन् । | परियोजनाको कार्यालय; स्थानीय स्वायत्त शासन, इएसएसडी / एनजीओ | • महिला सदस्यहरुसँग गरिएको परामर्शको संख्या<br>• योजना र डिजाइनमा महिलाका टिप्पणी र सुझावहरु प्रतिबिम्बित हुनु र उनीहरुले सुझावहरु कार्यान्वयन हुन नसकेको कुरा बुझेको<br>• सहभागीमध्ये २५% महिलाहरु रहेको | • परियोजना अनुगमन समूहको बैठकको रेकर्ड<br>• सार्वजनिक गरिएका सूचनाहरु<br>• सामाजिक परीक्षण र परामर्शदाताको अनुगमन तथा मूल्यांकनमार्फत् प्रतिक्रिया | विस्तृत डिजाइनको तयारी अवधिमा |
| | सबै मुख्य सरोकारवालाहरु परियोजनामा महिलाहरुले खेल्ने भूमिकावारे थाहा पाएका छन् | लैङ्गिक सचेतना /मुख्य सरोकारवालाहरुलाई सचेत बनाउने, योग्य महिलाहरुलाई इएसएसडीमा नियुक्त गर्ने | परियोजना र इएसएसडी/एनजीओ | • लैङ्गिक कार्ययोजना तयार गरिने<br>• इएसएसडी सर्भेक्षण टोलीमा महिला कर्मचारी | तालिम र गोलमेच बैठकका रेकर्डहरु | तयारी चरण अवधि |

| परियोजना कार्यान्वयन चरण | | | | | | |
|---|---|---|---|---|---|---|
| ।१. | कार्यान्वयन को व्यवस्थापन र अनुगमनमा महिलाको सहभागिता र समस्या समाधानमा उनीहरुको बराबरी साझेदारी | गविस/गाउँ सूचनासहितको सूचना डेस्क, सुपरिवेक्षणका लागि जिम्मेवार ठेकेदार,परियोजनामा 'अनुगमन समूह', कार्यतालिका, र मुद्दाहरुलाई कहाँ उठाउने भन्नेवारे जिम्मेवार | परियोजना र इएसएसडी/एनजीओ | • कार्यान्वयन र अनुगमन र मूल्यांकन टोलीमा महिला सदस्यहरु<br>• परामर्शमा सहभागी महिलाको संख्या | परियोजना अनुगमन समूह बाट अनुगमन र मूल्यांकन को प्रतिक्रिया, गोलमेच बैठकको रेकर्ड, स्थानीय समुदायमार्फत् प्रतिक्रिया | मर्मत सम्भार कार्यसँगै शुरु हुने र निर्माण चरण भरि निरन्तर चल्ने |
| २. | समाजिक र आर्थिक प्रभावको मूल्यांकन | घरधुरी सर्भेक्षणमा आधारित भएर परियोजनाको प्रभाववारे लैङ्गिक आधारमा छुट्टाछुट्टै सूचना संकलन | परियोजना र इएसएसडी/एनजीओ | • रोजगारको अवसरप्राप्त महिलाको संख्या<br>• मिश्रित र महिला विशेष रहेको एसएचजी समूहको स्थापना संख्या<br>• आय आर्जनमूलक गतिविधिको तालिम पाएका महिलाको संख्या | अनुगमन र मूल्यांकनले दिएको प्रभाव मूल्यांकन रिपोर्ट | कार्यान्वयन पूर्वको बेसलाइन,<br>बीचबीचमा मूल्यांकन |
| परियोजना समाप्ति पश्चात् | | | | | | |
| १. | समाजिक र आर्थिक प्रभावको मूल्यांकन | परियोजनाको प्रभाववारे लैङ्गिक हिसाबले भिन्नभिन्नै सूचना संकलन गर्ने | परियोजना र इएसएसडी /एनजीओ | • क्रियाशील एसएचजीको संख्या<br>• आर्थिक हिसाबले उत्पादनशील गतिविधिमा संलग्न महिलाहरुको संख्या<br>• गाविसमा कार्यालय जाने | अनुगमन र मूल्यांकनले दिएको प्रभाव मूल्यांकन रिपोर्ट | परियोजना सकिएपछिको अन्तिम प्रभाव मूल्यांकन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | महिलाको संख्या<br><br>• महिला घरमूली भएको घरको बार्षिक आम्दानीमा वृद्धि<br><br>• महिला घरमूली भएको घरमा थपिएका घरायसी सम्पत्ति | | |

## ४.५ बजेट

एसएचजीको स्थापनाबाहेक जीएपीको कार्यान्वयनको लागि त्यहाँ खास कुनै बजेट छैन । एसएचजी स्थापनाको लागि अनुमानित बजेट रु १० लाख विनियोजन गरिएको छ । परियोजनाको समग्र चालु परामर्श अन्तर्गत नै महिलाहरुको परामर्श लागत राखिएको छ । क्याम्पभित्र महिलाको लागि उपलब्ध हुने विशेष व्यवस्था गर्ने जिम्मेवारी ठेकेदारले नै गर्नेछ त्यसैले थप बजेटको विनियोजन गरिएको छैन । यसैगरी, महिलाको लागि तालिमको व्यवस्था चाहि जनजीविकाको लागि सहयोग कार्यक्रम अन्तर्गत पर्दछ । यसवारे विस्तृत रुपमा परिच्छेद ६ मा उल्लेख गरिएको छ ।

# परिच्छेद पाँच : संस्थागत व्यवस्था

## ५.१ संगठनात्मक संरचना

यस परिच्छेदमा एसएपी र भीसीडीपीको कार्यान्वयन गर्नको लागि संगठनात्मक संरचनाको रुपरेखा कोरिएको छ। यसमा सामाजिक सुरक्षण उपायहरुको सफल कार्यान्वयन गर्न आवश्यक अनुगमन तथा सरसामानको बन्दोवस्तीको वारेमा व्याख्या गरिएको छ।

इएसएसडी र एसएपीको कार्यान्वयन गर्ने समग्र जिम्मेवारी परियोजनाको अख्तियारप्राप्त निकाय केजीएएचपीपीको हो । केजीएएचइपीलाई इएसएसडीले कार्यान्वयनमा सहयोग गर्नेछ । कार्यान्वयन प्रक्रियामा मुख्य भूमिका खेल्ने केही संस्थाहरु निम्न छन् :

- केजीएएचपीपी
- एनइए /इएसएसडी
- स्थानीय सरकार (गाविसहरु र जिविसहरु)
- सम्बन्धित विभागहरु र मन्त्रालयहरु
- एनजीओ /सिबिओ /तालिम दिने संस्थाहरु
- गुनासो र पीरमर्का निवारण सेल
- अनुगमन र मूल्यांकन गर्ने एजेन्सी

प्रभावकारी कार्यान्वयन सनिश्चित गर्नका लागि संचालन गरिने प्रमुख गतिविधिहरु:

- समुदायको आवश्यकता रुजू गर्ने
- परियोजनामा सामाजिक सेलको स्थापना गर्ने उक्त सेलमा एक समाजिक विकास अधिकृत र दुई समुदाय परिचालकहरु।
- सामाजिक सेल र अन्य परियोजनाका कर्मचारीहरुको क्षमतावृद्धि जसमा पुनर्वास र मर्मत सम्भार अभ्यासको तालिम एवम् एसएपीको भीसीडीपी र कार्यान्वयन समाविष्ट छ।
- एसएपी र भीसीडीपीको विनाअवरोध कार्यान्वयन गर्न वन विभाग, भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयआदि सरकारी निकायसँग समन्वय गर्ने।

- समुदायसँग परामर्श गरी तयार पारिएको एसएपी र भीसीडीपी जस्ता समुदाय सपोर्ट कार्यक्रमको कार्यान्वयन ।

- परियोजनाको सूचना अभियान, गरिबी निवारण र आयआर्जन गर्ने गतिविधि र प्रभाव अनुगमनआदिका लागि स्थानीय स्तरमा विज्ञता र स्थानीय मानवस्रोत उपलब्ध गराउन गैरसरकारी निकायहरुसँग सहकार्य गर्ने ।

- समाज प्रभाव मूल्यांकन र भीसीडीपीको सार्वजनिक गर्ने । स्थानीय भाषामा लेखिएको समुदाय प्रभाव मूल्यांकन र भीसीडीपीका पुस्तिकाहरु परियोजना वरपरका गाविसहरुमा, परियोजनाको कार्यालयमा र जिविस र एनइएको केन्द्रीय कार्यालयमा राखिनेछ ।

- गुनासो र पीरमर्का निवारण गर्ने संयन्त्रको स्थापना

- अनुगमन र मूल्यांकन गर्ने प्रोटोकल र संयन्त्रको निर्माण

## ५.१ कार्यान्वयन व्यवस्थापन

एसएपी र भीसीडीपीको कार्यान्वयन गर्ने जिम्मेवारी प्रोजेक्ट म्यानेजरको हुनेछ । प्रोजेक्ट म्यानेजरलाई इएसएसडीले सघाउँनेछ । एकाइ इएसएसडीले परियोजना तहमा एक सामाजिक सेल स्थापना गर्नेछ । इएसएसडीले परियोजनामा रहेको वातावरणीय व्यवस्थापन इकाई (इएमयू)अन्तर्गत एक समाजिक सेलको स्थापना गर्नेछ र एसएसडीको उक्त सामाजिक सेलमा जलविद्युत् परियोजनामा मनग्गे अनुभव भएको एकजना सामाजिक विकास अधिकृत रहनेछन् । एस्डीओलाई दुईजना सामाजिक परिचालकले सहयोग गर्नेछन् । इएसएसडीले स्थानीय रुपमै योग्य व्यक्तिहरुमध्येबाट ती परिचालकहरु नियुक्त गर्नेछ । तीमध्ये एकजना परिचालक महिला हुनेछिन् । दैनिक कार्य सञ्चालनका लागि एसडीओले इएम्यूमार्फत् सिधै परियोजना प्रबन्धकलाई रिपोर्ट गर्नेछन् । एसएपीको कार्यान्वयनका लागि परियोजनाको सूचना अभियान, समूह तथा व्यक्तिमा आधारित आयआर्जन क्रियाकलापहरु तथा समुदाय परिचालन गर्दा योजना बनाउने र डिजाइनको कामका लागि सामाजिक सेल जिम्मेवार हुनेछ । आवश्यक परेको अवस्थामा परियोजना सूचना अभियान, गरिबी निवारण तथा आयआर्जनजस्ता क्रियाकलापमा विशेषगरी एसएचपीको गठन कार्यान्वयनका लागि सामाजिक सेलले स्थानीय गैरसरकारी संस्था वा कम्पनीहरुबाट विभिन्न सेवा खरिद गर्नेछ ।

## ५.३ इएसएसडी / सोसल सेलको भूमिका

समुदाय व्यवस्थापन एउटा संवेदनशील बिषय हो र त्यस्तो विषयमा सोसल सेलले अनुभव हासिल गर्नु आवश्यक छ । समुदायसँगको सौहार्द्रपूर्ण सम्बन्धले परियोजनाको सन्तोषप्रद कार्यान्वयनमा सजिलो बनाउँदछ । यो अभाव हुन नदिन, समुदाय सपोर्ट कार्यक्रम र भीसीडीपीको कार्यान्वयनमा सहयोग

पुर्‍याउन इएसएसडीले अनुभवी र योग्य कर्मचारी भर्ती गर्नुपर्दछ । कार्यान्वयनको लागि नियुक्त गरिएका कर्मचारीहरु एचआइभी एड्स, महिला र बालबालिकाको ओसारपोसार र बेचविखन तथा बालश्रमसम्बन्धमा सचेतना जगाउन जिम्मेवार छन् । सोसल सेलको कर्मचारीहरु त्यस्ता सामाजिक विषयलाई सम्बोधन गर्ने अनुभव भएको हुनुपर्छ । इएसएसडी/सोसल सेलका कर्मचारीले यी गतिविधिको सम्पादन गर्नको लागि सम्बन्धित विभागसँग समन्वय गर्नेछन् । सफल कार्यान्वयन मुख्यतया कर्मचारीहरुले समुदायसँग र अन्य सम्बन्धित सरकारी निकायसँग गरिने सम्पर्कमा आधारित हुन्छ । परियोजनामा आवद्ध भएका अन्य एजेन्सीहरुले केजीएएचपीपीको निर्देशनमा परियोजनासँग सहकार्य गर्ने अपेक्षा गरिएको छ । परियोजनालाई आवश्यक पर्ने विभिन्न समिति र कार्यान्वयन संयन्त्रहरुको स्थापना गर्ने उद्देश्यले यी सबै व्यवस्थाहरु परियोजना कार्यान्वयनको पहिलो महिनामै गरिनुपर्दछ ।

सोसल सेल र खासगरी एसडीओले सहयोगीको भूमिका निर्वाह गर्नेछन् । एसडीओले परियोजना र समुदायबीच सेतुको काम गर्नेछ । परियोजनाको आवश्यकताअनुसार समुदाय विकासका विधिहरुवारे उनीहरुले समुदायलाई शिक्षा दिनेछन् र समुदायसँग परामर्श गरी तयार पारिएको एसएपी अनुसार सहयोगका कार्यक्रमहरु उपलब्ध गराइएको सुनिश्चित गर्नेछन् ।

प्रत्येक समूह सदस्यको विस्तृत भूमिका र जिम्मेवारी देहायबमोजिमको टेबलमा उल्लेख गरिएको छ ।

| **५.१ भूमिका र जिम्मेवारी** | | |
|---|---|---|
| **क्र.सं.** | **जिम्मेवार व्यक्ति** | **भूमिका तथा जिम्मेवारी** |
| १. | परियोजना प्रबन्धक | • एसएपी र भीसीडीको कार्यान्वयन गर्ने समग्र जिम्मेवारी<br>• नीतिगत कुरामा सामाजिक सेललाई दिशानिर्देश गर्ने<br>• कार्यान्यनका लागि समयमै रकम निकासा भएको सुनिश्चित गर्ने<br>• मासिक रुपमा समीक्षा बैठक बोलाई आन्तरिक रुपमा प्रगतिको अनुगमन गर्ने<br>• आवश्यक परेको बखत सम्बद्ध निकायहरुसँग समन्वय गर्ने |
| २. | सामाजिक विकास अधिकृत | • परियोजना र समुदायबीच सहजकर्ताको भूमिका निर्वाह गर्ने<br>• एसएपी तथा भीसीडीपीको दैनिक कार्यान्वयन |

| | | |
|---|---|---|
| | | व्यवस्थापन गर्ने<br>● परियोजना सूचना अभियान तथा आयमूलक क्रियाकलापहरुको योजना तथा डिजाइन तयार गर्ने<br>● समुदायसँग परामर्श गर्ने, जोखिमयुक्त समुदायलाई परामर्शमा सहभागी गराउने र उनीहरुका विचारहरु हृदयगंम गरिएको कुरा सुनिश्चित गर्ने<br>● मासिक प्रगति विवरण र त्रैमासिक प्रक्रियाको डकुमेन्टेशन तयार गर्ने<br>● अन्य सम्बद्ध निकायहरुसँग दैनिक रुपमा सम्पर्क राख्ने<br>● मासिक समीक्षा बैठकमा सहभागी हुने<br>● आयमूलक क्रियाकलापहरुका लागि तालिम कार्यक्रमको संयोजन गर्ने<br>● तालिमका लागि तालिम दिने मूल प्रशिक्षक र संस्थाहरुको पहिचान गर्ने<br>● मूल प्रशिक्षक तथा तालिम दिने संस्थाहरुको नियुक्ति गर्न परियोजना प्रबन्धकलाई सघाउने<br>● अनुगमन तथा मूल्यांकन गर्ने संस्थाको लागि कार्यक्षेत्र (कार्यविवरण) तोक्ने<br>● अनुगमन तथा मूल्यांकन गर्ने संस्था नियुक्ति गर्दा परियोजना प्रबन्धकलाई सघाउने |
| ३. | समुदाय परिचालकहरु | ● समुदायका आवश्यकताहरुवारे पुष्टि गर्ने<br>● जोखिमयुक्त समुदाय तथा तिनका आवश्यकताको पहिचान गर्ने<br>● सामाजिक विकास अधिकृत तथा समुदायसँग समन्वय गर्ने<br>● परियोजना सूचना अभियानको उत्तरदायित्व बहन गर्ने<br>● परियोजनावारेका प्रचार पुस्तिकाहरु वितरण गर्ने<br>● बैकल्पिक पेशा व्यवसायको वारेमा चेतना जगाउने र समुदायलाई सुसूचित गराई आफै छनौट गर्न सक्षम बनाउने ।<br>● परामर्शका लागि समुदाय परिचालन गर्ने तथा परामर्शमा सहभागी हुने<br>● मासिक प्रगति विवरण तयार गर्न सामाजिक विकास अधिकृतलाई सहयोग गर्ने<br>● तालिमको आवश्यकता तथा आयमूलक क्रियाकलाप |

| | | |
|---|---|---|
| | | संचालन गर्ने संस्थाहरुको पहिचान गर्ने<br>● गुनासो जाहेर गर्न समुदाय सदस्यहरुलाई मद्दत गर्ने र उनीहरुलाई जीआरसीसम्म पुर्‍याइदिने<br>● निर्णयहरुका साथै प्राप्त गुनासो र पीरमर्काहरुको पनि अभिलेख राख्ने |

## ५.४ तालिम तथा क्षमता अभिवृद्धि

सिभिल कार्य सुरु गर्नुअगावै एसएपी तथा भीसीडीपीका विभिन्न भागहरुको कामको शुरुवात् र संचालन गर्ने बेलामा पर्याप्त कार्यान्वयन क्षमता स्थापना गरिसक्नुपर्दछ । सामाजिक सेलका कर्मचारीको क्षमता अभिवृद्धि गर्न उनीहरुलाई राम्रा सामाजिक कार्यक्रमहरु भएको परियोजनाहरुको स्थलगत भ्रमणमा पठाउन सकिने र समाजिक विकासमा तालिम लिनका लागि खर्च उपलब्ध गराउन सकिनेछ । उक्त तालिम कार्यक्रमले लघुयोजनाको लागि सहभागितामूलक मूल्यांकन, जनगणना र सामाजिक तथा आर्थिक सर्भेक्षण गर्ने, सूचना प्रवाह, समुदाय परामर्श र अनुगमन तथा मूल्यांकन कार्य सञ्चालन गर्ने विषयहरु समेट्नेछ ।

### ५.४.१ क्षमता अभिवृद्धिका क्षेत्रहरु

समुदाय विकासका कार्यक्रमहरु लामो समय लाग्ने र यसले प्रक्रियाको माग गर्दछ । बैंकले स्रोत उपलब्ध गराएका अन्य परियोजनाहरुमा काम गरेजस्तै इएसएसडी यी गतिविधिहरु कार्यान्वयन गर्न सक्षम छ । तरपनि, यदि तपसीलबमोजिमका मोड्युल बनाएर अभिमुखीकरण तालिम र छोटो अवधिका पुनर्ताजकीकरण तालिम दिइयो भने यो दुवै केजीएएचपीपी र सोसल सेलको कर्मचारीको लागि राम्रो हुनेछ ।

**टेबल ५.२: क्षमता अभिवृद्धि**

| तालिमका मोड्युलहरु | बिषयहरु |
|---|---|
| सामाजिक सबालको प्रारुप | साामाजिक सबालहरु; एसआइएमा अपनाइएको विधि; बैंक सञ्चालन नीतिअन्तर्गतका कानुनी संरचना । |
| समाजिक प्रभाव मूल्यांकन (एसआइए) | परिभाषा; चरणहरु; नतिजा, छनौट, जनगणना, आर्थिक-सामाजिक र रुजू गर्ने जस्ता आवश्यक सर्भेक्षण; सामाजिक मूल्यांकनको तयारी जस्ता विषयवस्तु हेर्ने; संस्थाको क्षमता । |

| | |
|---|---|
| समाज विकास कार्यक्रम | सहभागितामूलक तथ्यांक संकलन प्रक्रिया; परामर्शको विधि; समावेशी खालको समुदाय विकास कार्यक्रम र लघुयोजना । |
| समुदायसँगको परामर्श | परियोजनाको विभिन्न चरणमा छलफल गरिने विषयहरुः तयारी, कार्यान्वयन र कार्यान्वयन सकिएपछि, परियोजनाका उपलब्धिवारे समुदायसँग परामर्श, समुदायसँग गरिने परामर्शका विधिहरु । |
| जोखिममा परेका समुदायको क्षमता अभिवृद्धि | जोखिममा परेका समुदायको पहिचान, उनीहरुको लागि आवश्यक पर्ने तालिमको पहिचान, तालिम दिने व्यक्ति र तालिम प्रदान गर्ने कुराको पहिचान, जाखिममा परेका समुदायको नयाँ आर्थोपार्जन गतिविधिको अनुगमन, कार्यान्वयनको समयमा सहयोग । |

## ५.५ गुनासो व्यवस्थापन संयन्त्र

समुदायहरुलाई कुनै अस्वीकार्य निर्णयहरु, अभ्यासहरु तथा क्रियाकलापहरु र परियोजनासँग सम्बन्धित प्राविधिक तथा सामान्य विवादहरुविरुद्ध अपील गर्ने मौका प्रदान गर्न परियोजनास्तरमा गुनासो व्यवस्थापन संयन्त्र स्थापना गरिनेछ । परियोजना सूचना अभियान तथा परामर्शका क्रममा मौखिक तथा लिखित रुपमा त्यस्तो अपिल गर्न पाउने अधिकार तथा प्रक्रियाका सम्बन्धमा समुदायलाई पूर्णरुपमा सचेत बनाइनेछ ।

पीरमर्कामा परेका समुदाय सदस्यका गुनासाहरु सम्बोधन गर्ने ध्येयले शुरुमै गुनासो व्यवस्थापन समिति (जीआरसी) गठन गरिनेछ ।

### ५.५.१ गुनासो व्यवस्थापन समिति

परियोजना तहमा निम्न सदस्यहरुसमेत रहेको एक गुनासो व्यवस्थापन समिति (जीआरसी) गठन गरिनेछ ।

- परियोजना प्रबन्धक, केजीएएचपीपी
- समाजिक विकास अधिकृत, सदस्य सचिब
- स्थानीय समुदायको प्रतिनिधित्व (परियोजनाको वरपरका प्रत्येक गाविसबाट एक सदस्य)

● एक स्थानीय एनजीओको प्रतिनिधि

जीआरसीको नेतृत्व परियोजना क्षेत्रका एक सुप्रसिद्ध व्यक्तिले गर्नेछन् । त्यस्तो व्यक्ति सेवानिवृत्त सरकारी कर्मचारी वा क्याम्पस प्रमुख वा सेवानिवृत्त जिल्ला न्यायाधीश । तर जीआरसीको प्रमुखमा सरकारी सेवामा बहाल रहेको कर्मचारी भने रहने छैनन् ।

जीआरसीले अदालतमा जाने मुद्दाहरुमा कमी ल्याउन छलफल र परामर्शमार्फत् विवादहरुलाई समाधान गर्ने उद्देश्य राखेको छ । सोसल सेलका सामाजिक परिचालकले समुदायका सदस्यहरुलाई परियोजनासँग सम्बन्धित समस्याहरु जीआरसी समक्ष ल्याउन मद्दत गर्नेछन् । सामाजिक परिचालक, समाजिक विकास अधिकृत र समुदाय सदस्यले त्यस्ता मुद्दाहरु जीआरसीमा ल्याउनुपूर्व नै सौहार्द्रपूर्ण ढंगले समाधान गर्न प्रयास गर्ने अपेक्षा राखिएको हुन्छ । यदि समुदाय सदस्य गुनासो व्यवस्थापनको प्रारम्भिक नतिजामा असन्तुष्ट भए सामाजिक परिचालकले औपचारिक सुनवाईका लागि त्यस मुद्दा अगाडि बढाउनेछ । जीआरसीले समुदायका सदस्यहरुले पेश गरेको गुनासो सुनेर समाधान निकाल्न सहयोग गर्नेछ । आवश्यकता परेमा सम्बन्धित समुदायको सदस्यलाई स्थलगत अध्ययनमा पनि पठाउन सक्नेछ । जीआरसीले उपयुक्त व्यक्तिले दिएको गुनासो र पीरमर्काहरुलाई कम्तीमा एक महिनाभित्र समाधान गर्नेछ । जीआरसीमा व्यवस्था भएबमोजिम जवाफ दिने समय १५ दिनको हुनेछ । जीआरसीको बैठक कम्तीमा महिनामा एकपटक बस्नेछ । तथापि परेका मुद्दाहरुको अवस्था हेरी त्यसबाहेकका बैठकहरु पनि पटक पटक बस्न सक्नेछ । अदालतले खारेज गरेकोमा बाहेक जीआरसीको निर्णय नै अन्तिम हुनेछ । यदि कुनै सदस्यले उक्त मुद्दा लिएर अदालतमा जान चाहेमा जीआरसीको निर्णय बाध्यकारी हुनेछैन । जीआरसी परियोजनाको पुरा अवधिभर समुदायको हितमा निरन्तर संचालनमा रहनेछ । सोसल सेलले सबै मुद्दाहरुवारे अभिलेखीकरण गर्नेछ ।

गुनासो समाधान गर्न तपसील बमोजिम प्रस्तावित संयन्त्रको व्यवस्था गरिएको छ :

*चरण १:*

गुनासो व्यवस्थापन समिति (जीआरसी)मा आउनुअघि परियोजनाको कुनै पनि पक्षका सम्बन्धमा रहेको समुदाय सदस्यको गुनासो सम्बन्धित क्षेत्रस्थित परियोजना कार्यालयबाटै लिखित रुपमा छिनोफानो गरिनेछ । सबालहरुलाई स्थानीय स्तरमा छिनोफानो गर्न परियोजनाको सामाजिक सेलको सामाजिक विकास अधिकृत तथा परियोजना प्रवन्धकको प्रतिनिधिले समुदाय सदस्यसँग अनौपचारिक वार्तामा उक्त गुनासोमाथि छलफल गर्न सक्नेछन् । समुदाय परामर्शले यस प्रक्रियालाई सहज तुल्याउन सक्नेछ । त्यस्तो उजुरी प्राप्त भएको दुई हप्ताभित्र सबै गुनासाहरुको समीक्षा गरी त्यससम्बन्धमा निर्णय गरी उजुरी गर्ने पक्षलाई लिखित जानकारी दिइनेछ ।

*चरण २:*

यदि उजुरी गर्ने पक्ष समाजिक विकास अधिकृतले दिएको जवाफमा सन्तुष्ट नभएमा उसले जीआरसीमा अपील गर्न सक्नेछ । त्यसरी गुनासो गर्दा, गुनासो गर्ने पक्षले आफ्नो दाबी पुष्टि गर्ने कागजातहरु पेश गर्नुपर्दछ । सबै गुनासोको समीक्षा गरिनेछ र निर्णय लिई सम्बन्धित पक्षलाई गुनासो पेश गरेको मितिले एक महिनाभित्र लिखित रुपमा उक्त निर्णय दिइनेछ ।

आफूले चाहेको खण्डमा उजुरी गर्ने कुनै पनि पक्षले न्यायालय जान पाउने संवैधानिक अधिकारको अभ्यास गर्न सक्दछ ।

### ५.५.३ समुदाय सूचना केन्द्र

परियोजना तहमा एउट समुदाय सूचना केन्द्र (पीओसी)को स्थापना गरिनेछ । स्थनीय भाषामा लेखिएको एसएपी र भीसीडीपीको विस्तृत जानकारी भएको पुस्तिका सहित परियोजनाको सूचना केन्द्रमा राखिनेछ । केन्द्रमा गुनासो/पृष्ठपोषणको अभिलेख राख्ने रजिष्टर पनि राखिएको हुन्छ । पीएपी र केन्द्रमा पनि स्थानीय समुदायले गुनासो उजुरी गर्न सक्छन् । जीआरसीको प्रमुखले मासिक रुपमा उक्त रजिष्टरको समीक्षा गर्नेछन् ।

## ५.६ अनुगमन तथा मूल्यांकन

योजनामा ज्ञानपूर्ण संशोधन गर्न आवश्यक सूचना उपलब्ध गराउन अनुगमन र मूल्यांकन (एम र ई) अतिउपयोगी हुन्छ । एम र ईले समय-समयमा परियोजनाका निकायहरुलाई अति महत्वपूर्ण जानकारी गराउँदछन्, जुन निकायहरुले परियोजना चालु रहेकै बेलामा अगाडि कसरी बढ्ने भन्नेवारे निर्णय लिने गर्दछन् । अनुगमनमा परियोजनाको योजनाअनुसार त्यहाँका कामहरु भइरहेका छन् छैनन् भन्ने कुरा आवधिक रुपमा चेकजाँच गर्ने काम पर्दछ । यसले परियोजनाको कामहरु समयतालिका अनुसार नै गराउनलाई परियोजना व्यवस्थापनलाई आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । अर्कातिर, मूल्यांकन भनेको अन्त्यमा सारसंक्षेपमा परियोजनाका गतिविधिहरु लक्षित उद्देश्यहरुअनुरुप सम्पन्न भए नभएको वारे उल्लेख गर्नु हो । वर्ल्ड बैकको ओपी ४.१२ का अनुसार “अनुगमनले परियोजनाका प्रबन्धकलाई कार्यप्रणालीबारे बताउँछ र समुदायले उनीहरुको आवश्यकता बुझाउने र पुनर्वास योजनाको कार्यान्वयनवारे प्रतिक्रिया दिनका लागि अनुगमन माध्यम बन्दछ ।” परियोजनामा आन्तरिक रुपमा अनुगमन अभ्यास गरिनेछ । इएसएसडीअन्तर्गत सोसल सेलको सामाजिक विकास अधिकृतले मासिक रुपमा आन्तरिक अनुगमन गर्नेछ र कार्यान्वयन प्रक्रियाको मूल्यांकन गर्न एक स्वतन्त्र बाह्य एजेन्सी नियुक्ति गरिनेछ । उक्त एजेन्सीले कार्यान्वयनको मध्यावधि र अन्त्यावधिको मूल्यांकन गर्नेछ ।

### ५.६.१ अनुगमनका उद्देश्यहरु

कार्यान्वयन गर्ने निकायले एसएपी र भीसीडीपी को नियमित अनुगमन गर्नेछ र परियोजनाद्वारा नियुक्त एक स्वतन्त्र बाह्य मूल्यांकन गर्ने संस्थाले देहाय बमोजिमका कुराहरुको प्रमाणीकरण गर्नेछ ।

- एसएपी र भीसीडीपीमा उल्लेख गरिएका कार्यक्रम तथा प्रतिबद्धताहरु समयमै पूर्ण कार्यान्यिन भएका छन्,
- एसएपी र भीसीडीका कार्यहरु दिगो रुपमा प्रभावकारी छन्,
- परियोजनाबाट प्रभावित जनताले गरेका गुनासो तर पीरमर्काहरुको आवश्यक कारबाही अघि बढाइएका छन्, र आवश्यक परेको ठाउँमा उपयुक्त सुधारका कार्यहरु कार्यान्वयन भएका छन्,

आवश्यक परेको खण्डमा, कामको प्रभावकारीतामा सुधार ल्याउन एसएपी र भीसीडीपी तथा कार्यान्वयन कार्यविधिमा आवश्यक परिवर्तन गरिएको छ ।

### ५.६.२ आन्तरिक अनुगमन

समुदाय योजनाको कार्यान्वयन अनुगमन गर्नका लागि सामान्य परियोजना अनुगमन प्रक्रिया र विधिको प्रयोग अवश्यकता पर्दछ जहाँ कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने हुन्छ र त्यहाँ निश्चित उच्च जोखिम भएको भए विशेष ध्यान दिनुपर्दछ । त्यसैले एक संयन्त्रको निर्माण गरिनुपर्दछ अथवा सूचना प्रवाहलाई निरन्तर गरिनुपर्दछ । त्यसैले सोसल सेलको सामाजिक विकास अधिकृतले नियमित अनुगमन गर्नेछ । आन्तरिक अनुगमन सरकारको जस्तै प्रचलनमा रहेको अनुगमन नै हुनेछ र त्यस्तो अनुगमनमा विभिन्न भौतिक तत्वहरु पर्दछन् : गरिएका कामहरुको संख्या, लाभान्वित भएका मानिसको संख्या, उपलब्ध भएका पूर्वाधार सुविधा र अन्य पूर्वाधार, सोसल सेलमा, तालिम, आयआर्जनका प्रक्रिया, गुनासो व्यवस्थापन संयन्त्र आदिमा भएका खर्च आर्थिक पक्षहरु । एसएपी र भीसीडीपीको कार्यान्वयनसँगसगै आन्तरिक अनुमगन पनि गरिनुपर्दछ ।

### ५.६.३ बाह्य मूल्यांकन

मध्यावधि र कार्यान्वयन सकिएपछि, परियोजनाबाट आयआर्जन गरेको, लाभ हासिल गरेको, पूर्वाधार तयार भएको र मर्मत गरिएको र समुदायको जीवनस्तरमा सुधार आएको जस्ता उद्देश्यहरु प्राप्ति भए नभएको वारे एक स्वतन्त्र एजेन्सीले मूल्यांकन अध्ययन गर्नेछ । परियोजनाले समुदायको आम्दानीको तह र जीवनस्तरमा पारेका प्रभाव मापन गर्ने गरी अनुगमन सामाजिक-आर्थिक सर्भेको आधारमा मूल्यांकन अध्ययनको विधि तय गरिनेछ । परियोजना कार्यान्वयन हुनुपूर्व र पश्चात्को कानुनी अधिकारले ल्याएको समाजिक र आर्थिक नतिजा परीक्षण र समुदायको आम्दानी र जीवनस्तरको मापन नै यो अध्ययनको अभिन्न अंग हुन् । यदि अध्ययनले उल्लेखित परियोजनाका उद्देश्यहरु प्राप्ति नभएको कुरा पाइएमा, परामर्शदाताले परियोजनामा उल्लेखित उद्देश्य हासिल गर्नका लागि थप उपयुक्त सहयोगका कार्यक्रमहरु पस्ताव गर्नुपर्दछ ।

## ५.७ कार्यान्वयन तालिका

परियोजना प्रबन्धकले एसएपी र भीसीडीपीको समयमै कार्यान्वयनका लागि सामाजिक सेलमा आवश्यक रकम पठाइएको छ भन्ने कुराको सुनिश्चित गर्नेछन् । एसएपी र भीसीडीपीको कार्यान्वयन १८ महिनाको समयावधिमा सम्पन्न गरिनेछ । तत्कालको लागि अनुमानित समयतालिका तल टेबल नं ५.३ मा प्रस्तुत गरिएको छ ।

# टेबल ५.३ एसएपी र भीसीडीपीको लागि कार्यान्वयन समयतालिका

| क्र. सं. | कामहरु | पहिलो बर्ष | | | | | | दोश्रो बर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | सोसल सेलको स्थापना | | | | | | | | | | | | | | | | | | |
| १.० | तयारी | | | | | | | | | | | | | | | | | | |
| १.१ | समुदयको परामर्शमा एसएपी र भीसीडीपीको समीक्षा | * | | | | | | | | | | | | | | | | | |
| १.२ | समुदाय र अन्य सरोकारवालाहरुको सल्लाहलाई मनन गर्दै एसएपी र भीसीडीपीलार्य अन्तिम रुप दिने | | * | | | | | | | | | | | | | | | | |
| १.३ | गतिविधिको प्राथमिकीकरण | | * | | | | | | | | | | | | | | | | |
| १.४ | समुदायसँग गरिने परामर्श | | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * |
| १.५ | जीआरसीको स्थापना | | * | | | | | | | | | | | | | | | | |
| २.० | कार्यान्वयन | | | | | | | | | | | | | | | | | | |
| २.१ | आयमूलक गतिविधिहरुको पहिचान /कार्यान्वयन | | | * | | | | | | | | | | | | | | | |
| २.२ | आयमूलक गतिविधिका लागि महिलाको समूह, जोखिममा परेका व्यक्तिहरु, र अन्य उपयुक्त व्यक्तिहरु | | | * | * | | | | | | | | | | | | | | |
| २.३ | मुख्य तालिम दिने व्यक्ति /संस्थाहरुको पहिचान | | | | | * | | | | | | | | | | | | | |
| २.४ | योग्य र महिलाको समूहलाई तालिम दिने | | | | | | * | | | | | | | | | | | | |
| २.५ | स्वाबलम्बन समूहको स्थापना | | | | | * | * | | | | | | | | | | | | |
| ३.० | भौतिक गतिविधिको कार्यान्वयन | | | | | | | | | | | | | | | | | | |
| ३.१ | बेल्टारी क्याम्पमा विरामी कक्षको संचालन | | | | | | | * | | | | | | | | | | | |
| ३.२ | बेल्टारीको सिंचाई तथा खानेपानी सुविधाको मर्मतसम्भार | | | | | | | * | * | * | * | * | * | | | | | | |
| ३.३ | सेतीवेनी शीला र रुद्रबेनी मन्दिरको लागि तटबन्ध | | | | | | | * | * | * | * | * | * | * | * | * | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य | | | | | | | | | | | | | | | | | | |
| ३.४ | बोटेहरुको घर र स्कूलको मर्मत सम्भार | | | | | | | * | * | * | * | | | | | | | | |
| ३.५ | सेतीबेनी बजारमा बिजुली उपलब्ध गराउन पूर्वाधार तयार गर्ने | | | | | | | * | * | * | * | * | * | * | | | | | |
| ३.६ | अर्लि वार्निङ् सिष्टम (Early Warning System) को मर्मतसम्भार | | | | | | | | | | | | | | | | | | |
| ३.७ | बोटे समुदायलाई जग्गा हस्तान्तरण | | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * | * | |
| ४.० | मध्यावधि मूल्यांकन | | | | | | | | | * | | | | | | | | | |
| ५.० | अन्त्यावधि मूल्यांकन | | | | | | | | | | | | | | | | | | * |

## परिच्छेद छः लागत तथा बजेट

### ६.१ अनुमानित लागत तथा बजेट

क्षति न्यूनीकरणका उपायहरु तथा समुदाय सहयोग कार्यक्रमको लागि अनुमानित खर्च रु ३३१.७५लाख (करीब ०.४० अमेरिकी डलर) तलको ६.१ टेबलमा प्रस्तुत गरिएको छ । तल उल्लेख गरिएका पूर्वाधार विकास र आर्थिक सहयोगको खर्चको साथै एसएपी र भीसीडीपीको खर्च पनि यसैमा समेटिएको छ । अनुमानित लागत तयार गर्दा प्राविधिक किटान र त्यससगै एनइएको इन्जिनियरिङ् विभागको ढाँचाअनुसार तयार गरिएको छ ।

### ६.२ पूर्वाधार सपोर्ट

- खानेपानी र सिंचाई सुविधा
- विद्यालय मर्मत
- मर्मत सम्भार; पुनर्वास गराइएका घरहरु; विद्यालय; सेतीवेनी शिला; रुद्रबेनी मन्दिर; सेतीवेनी बजार; साइरन वार्निङ सिस्टम
- बिजुली प्रसारणमा सुधार

### ६.३ आर्थिक सहयोग

- पेशागत तालिम,
- स्थानीय रुपमा उपलब्ध स्रोतमा आधारित अर्थोपार्जन गतिविधिको सुरुवात,
- एनजीओ, गाविस र जिविसका कर्मचारीहरुको लागि क्षमता अभिवृद्धिको कार्यक्रम,
- घर र विद्यालयको जमिनको कानुनी हस्तान्तरण (प्रशासनिक खर्चमात्रै)
- स्वाबलम्बन समूहको स्थापना गर्दा लाग्ने खर्च

### ६.४ अन्य खर्चहरु

- जीवनयापन सहयोग खर्च
- जारी परामर्शका लागि खर्च
- कार्यान्वयनका लागि संस्था व्यवस्थापन खर्च

**टेबल ६.१ एसएपी र भीसीडीपीको कार्यान्वयन बजेट**

| क.सं. | उपायहरु | लागत (ने. रु.) | १० लाखमा (ने. रु.) |
|---|---|---|---|
| **सामाजिक कार्ययोजना** | | | |
| ८. | नदी तलपट्टीका साइरन सिस्टमको विस्तार र पाँच बर्षको लागि संचालन | २०००००० | २.०० |
| ९. | सेतीवेनी शिलामा मर्मत कार्य पेशागत स्वास्थ्य तथा सुरक्षाका उपयाहरु | ३०००००० | ३.०० |
| १०. | रुद्रवेनी मन्दिर र रुद्रबेनी बजारका तटबन्धन | ५०००००० | ५.०० |
| ११. | बेल्टारीमा खानेपानी र सिंचाई व्यवास्थाको शूरुवात | ३०००००० | ३.०० |
| १२. | सेतीबेनी बजारमा विद्युत् आपूर्ति सुधार | १२००००० | १.२० |
| १३. | जारी रहेको समुदायसँगको परामर्श लागत | १०००००० | १.०० |
| १४. | जिविकोपार्जन सहयोग | ५००००० | ०.५० |
| | कूल (क) | १५७०००००० | १५.७० |
| **जोखिमपूर्ण समुदाय विकास योजना** | | | |
| ८ | पुनर्वास गरिएको बाटेको घर मर्मतसम्भार | २२००००० | २.२० |
| ९ | पुनर्वास गरिएको बाटेको प्राथमिक विद्यालयको मर्मतसम्भार | १०००००० | १.०० |
| १० | बोटे परिवारहरु तथा विद्यालयलाई जग्गा हस्तान्तरणको प्रशासनिक खर्च | ५००००० | ०.५० |
| ११ | जलाशयमा सामुदायिक डुंगा यातायात सञ्चालन तथा पेशागत माछा मार्ने तालिम तथा क्षमता विकास तालिमका लागि प्रभावित | २८००००० | २.८० |

| | | | |
|---|---|---|---|
| | बोटे समुदायलाई सहयोग | | |
| **कूल (ख)** | | **६५०००००** | **६.५०** |
| **लैंगिक कार्य योजना** | | | |
| १२ | महिला घरमुली भएको घरधुरी तथा अन्य महिला सदस्यहरुका लागि स्वाबलम्बन समूह गठन | ३००००० | ०.३० |
| | **कूल (ग)** | ३००००० | ०.३० |
| **संस्थागत प्रबन्ध लागत** | | | ०.०० |
| १३. | कार्यान्वयन निकायको कर्मचारी खर्च ( इएसएसडी/एनजीओ) | २०००००० | २.०० |
| १४. | कार्यालय तथा फिल्ड औजार/फर्निचर | १५००००० | १.५० |
| १५. | कार्यान्वयन गर्ने निकाय र सम्बन्धित विभागको क्षमता विकासका लागि तालिम कार्यक्रम | २००००० | ०.२० |
| १६ | गाडी, यात्रा र दैनिक भत्ता | १०००००० | १.०० |
| १७ | मूल्यांकन[४]का लागि बाह्य एजेन्सीको नियुक्ति | २५००००० | २.५० |
| | **कूल (घ)** | **७२०००००** | **७.२०** |
| **कुल क+ख+ग+घ** | | **२९७०००००** | **२९.७** |
| **बिबिध (कूल रकमको ५ प्रतिशत)** | | **१४८५०००** | **१.४८५** |
| **कुल योग** | | **३११८५०००** | **३१.१८५** |

[४] यसले इएमपीको साथै एसएपी र भीसीडीपीको कार्यान्वयनको मूल्यांकन गर्नेछ।